सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

२६ चैत २०८२, बिहीबार (9 Apr 2026, Thursday) ■ नेपाल संवत् ११४६ ■ वर्ष १९ ■ अंक ३५० ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

संविधान संशोधन बहसपत्र तयार कार्यदलले थाल्यो काम

दलहरूको लिखित धारणा संकलन गरी संविधान संशोधनका मुद्दा पहिचान गर्ने तथा कार्यदलको कार्ययोजना बनाउने जिम्मेवारी सदस्यसचिव सुवेदीलाई

कांग्रेसले सदस्य पठाएन, सरकारसँग खोज्यो प्रस्टता

(विस्तृत पृष्ठ ३)

जनजाति महासंघमा दलीय भागबन्डाको असर



अग्रलेख

● मोहन गोले तामाङ

जहिलेदेखि दलका झोला बोक्नेले जातीय संस्थामा कब्जा जमाए, तहिलेदेखि नै आदिवासी जनजाति आन्दोलन कमजोर हुँदै गएको हो

(पृष्ठ ४)

इरानसँग अमेरिका-इजरायलको युद्धविरामले ल्याउला त दिगो शान्ति ?



ट्रम्पले लामो समयदेखि इरानी सरकारलाई ध्वस्त पार्ने सपना पालेको इजरायललाई नियन्त्रणमा राख्न सके भने आशा गर्ने ठाउँ पर्याप्त छ

(विस्तृत पृष्ठ ५)

इन्धनको मूल्यवृद्धिपछि बढाइयो सार्वजनिक यातायात र ढुवानी भाडा



यात्रुवाहकको भाडादर १६.७१%, तराई र पहाडमा ढुवानी भाडादर क्रमशः १५.७५% र २१.६८% वृद्धि

(विस्तृत पृष्ठ ६)

NIMB नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि. NEPAL INVESTMENT MEGA BANK LTD.

■ सम्पत्ति छानबिनमा शेरबहादुर-आरजुविरुद्ध पक्राउ पुर्जी जारी

आफैं स्वदेश नफर्किए देउवादम्पतीलाई इन्टरपोलमार्फत भिकाउने सरकारको तयारी

भुटानी शरणार्थी प्रकरण र टीकापुरको जग्गा हिनामिना मात्र होइन, सुरक्षण मुद्रण केन्द्रदेखि पेमेन्ट गेट-वे र नेपाल टेलिकमको बिलिङ प्रणालीमा भएको अनियमितातसम्ममा मुछिएको छ देउवापत्नी आरजुको नाम

टेकराज थामी/नयाँ पत्रिका

सम्पत्ति शुद्धीकरणमा छानबिनमै रहेका पूर्वप्रधानमन्त्री तथा कांग्रेस पूर्वसभापति शेरबहादुर देउवा र उनकी पत्नी पूर्वमन्त्री डा. आरजु राणा देउवाविरुद्ध पक्राउ पुर्जी जारी भएको छ। सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागले पक्राउ अनुमति मागेपछि जिल्ला अदालत काठमाडौंबाट उनीहरूविरुद्ध पक्राउ पुर्जी जारी भएको हो।

देउवादम्पती हाल हङकङमा छन्। त्यसैले, पुर्जी जारी भए पनि तत्काल पक्राउ असम्भव छ। उनीहरूलाई आफैं चाँडो स्वदेश नफर्किए इन्टरपोलमार्फत भिकाउने सरकारको तयारी छ। रेडकर्नर नोटिस जारी गर्ने विषयमा छलफल भइरहेको विभाग स्रोतले बताएको छ। सम्बन्धित देशको अदालतले पक्राउ पुर्जी जारी गरिसकेको, तर पक्राउ गर्न अन्य

» पृष्ठ २ मा क्रमशः

■ 'सन्देहपूर्ण' विदेश बसाइ



पक्राउ पुर्जी जारी भएपछि पूर्वप्रधानमन्त्री देउवाले आफू उपचारका क्रममा विदेश रहेको दाबी गरेका छन्। तर, उपचारका नाममा देउवादम्पतीको लामो विदेश बसाइ 'सन्देहपूर्ण' देखिन्छ। कुन अस्पतालमा कस्तो उपचार गरिरहेको उनीहरूले खुलाएका छैनन्। स्वास्थ्य उपचारभन्दा पनि 'सम्पत्ति व्यवस्थापन'का लागि उनीहरू सिंगापुर र हङकङमा बसेको सूचना आएको स्रोतको दाबी छ। देउवा पछिल्लोपटक १४ फागुनमा सिंगापुर गएका थिए। त्यसयता उनी स्वदेश फर्किएका छैनन्। करिब तीन साता सिंगापुर बसेर हङकङ गएका उनी हाल उतै छन्। आरजु भने शेरबहादुर सिंगापुर जानुभन्दा एक साताअघि नै भारत गएकी थिइन्। उनी भारतबाटै सिंगापुर गएकी हुन्। देउवाका छोरा-बुहारी जयवीर र शिवाना श्रेष्ठ पनि लामो समयदेखि विदेशमै छन्। स्रोतका अनुसार देउवाले बुढानीलकण्ठस्थित जग्गा पनि बिक्री प्रक्रिया अघि बढाएका थिए। यद्यपि, उनको त्यो जग्गा रोक्का भइसकेको छ।

काठमाडौंको बुढानीलकण्ठमा रहेको देउवाको घर जेन-जी विद्रोहका क्रममा आन्दोलनकारीहरूले तोडफोड र आगजनी गरेका थिए। त्यसक्रममा देउवादम्पतीमाथि कुटपिट पनि गरिएको थियो। घरभित्र ठुलो परिमाणमा पैसा भेटिएको भन्दै जलाउँदै गरेका भिडियो सार्वजनिक भएका थिए। देउवादम्पती विदेशमा रहेकै वेला घर भत्काउन सुरु गरियो। तर, अनुसन्धान भइरहेका वेला घर भत्काउँदा प्रमाणहरू नष्ट हुने भन्दै सम्पत्ति शुद्धीकरण विभागको निर्देशनमा रोकिएको छ।

■ पक्राउ पुर्जीपछि

विदेशबाटै देउवाले भने-

सम्पत्तिबारे भ्रामक प्रचार भयो, मेरो जीवन खुला किताब छ

पूर्वप्रधानमन्त्री शेरबहादुर देउवाले भने आफ्नो र परिवारका सदस्यको सम्पत्तिलाई लिएर भ्रामक प्रचार भइरहेको दाबी गरेका छन्। आफूविरुद्ध पक्राउपुर्जी जारी भएपछि बुधबार उनले फेसबुकमार्फत वक्तव्य जारी गर्दै भनेका छन्, 'म र मेरो परिवारबारे सम्पत्तिसम्बन्धी विषयमा भ्रामक र झुटा प्रचारबाजी भएको जानकारी गराउन चाहन्छु। नेपालको कानुनअनुसार हामीले सार्वजनिक पदमा रहँदा हाम्रो सम्पत्तिको यथार्थ विवरण सम्बन्धित सरकारी निकायमा पेस गरेको अवगत गराउन चाहन्छु।'

देउवाले आफू खुला किताब रहेको दाबी गर्दै भ्रष्टचारमुक्त समाज निर्माण गर्न आफू गृहमन्त्री भएकै वेला अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन बनेको स्मरण गराएका छन्। 'मेरो जीवन एउटा खुला पुस्तकका रूपमा रहेको छ। भ्रष्टाचारमुक्त समाज निर्माण गर्दै सुशासन र पारदर्शिता कायम गर्न म गृहमन्त्री हुँदा मेरै अग्रसरतामा २०४८ सालमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन र मेरै प्रधानमन्त्रीत्व कार्यकालमा भ्रष्टाचार निवारण ऐन, २०५९ लागू भएको सर्वविदित नै छ,' उनको भनाइ छ।

सम्पत्तिका विषयमा प्रदेश सांसद भतिजासँग चिसिएको थियो देउवादम्पतीको सम्बन्ध

जेन-जी आन्दोलन लगत्तैदेखि प्रदेश सभा र कांग्रेस संसदीय दलको सम्पर्कमा थिएनन् प्रकाश देउवा, सात महिनापछि मंगलबार सभामुखलाई पत्र लेखेर दिए अमेरिकामा रहेको जानकारी

धनगढीमा तेजराज भट्ट

पूर्वप्रधानमन्त्री शेरबहादुर देउवाका भतिजासमेत रहेका कांग्रेसका सुदूरपश्चिम प्रदेश सांसद प्रकाशबहादुर देउवा अमेरिकामा रहेको खुलेको छ। गत भदौको जेन-जी विद्रोह लगत्तैदेखि उनी प्रदेश सभा र कांग्रेस संसदीय दलको सम्पर्कमा समेत थिएनन्। मंगलबार मात्र उनले सभामुख भीमबहादुर भण्डारीलाई पत्र पठाएर आफू अमेरिकामा रहेको जानकारी गराएका छन्।



प्रकाश देउवा

प्रदेश सांसद हुनुअघि प्रकाश काकी आरजु देउवाका सहयोगी थिए। तर, पछिल्लो समय उनीहरूको सम्बन्धमा केही चिसोपन बढेको जानकारहरू बताउँछन्। निकट कांग्रेस नेताहरूका अनुसार दुई कारणले देउवादम्पतीसँग उनको सम्बन्ध बिग्रिएको थियो। पहिलो, देउवादम्पतीले आफूलाई मुख्यमन्त्री बनाउन पूर्ण सहयोग नगरेको। दोस्रो, सम्पत्तिको विषय।

'आरजुले केही सम्पत्ति प्रकाशकी श्रीमतीको नाममा राखेकी थिइन्। प्रकाशले उक्त सम्पत्ति फिर्ता गर्न नमानेपछि देउवादम्पतीसँग पछिल्लो समय उनको सम्बन्ध चिसिएको थियो,' ती नेताले भने, 'आफूनै काकाकाकीको समेत सहयोग नपाउँदा आफू मुख्यमन्त्री बन्नबाट रोकिएको पनि उहाँको बुझाइ थियो, त्यसमा पनि रुष्ट देखिनुहुन्थ्यो।' जेन-जी आन्दोलन हुनुभन्दा केही महिनाअघिदेखि नै देउवादम्पतीसँग

» पृष्ठ २ मा क्रमशः

■ चैतेभरी



काठमाडौं उपत्यकामा बुधबार दिनभर पानी परेपछि बाटोमै ओत लागेका सर्वसाधारण। एकसाथ दुईवटा मौसमी प्रणाली (पश्चिमी न्यूनचापीय र स्थानीय वायु) सक्रिय हुँदा बुधबार देशभर पानी परेको छ। जल तथा मौसम विज्ञान विभागका अनुसार बिहीबार भने मौसमी प्रणाली कमजोर हुनेछ। यद्यपि, कोशी प्रदेशलगायत देशका पहाडीसँगै हिमाली भूभागका केही तथा मधेशका थोरै स्थानमा मेघगर्जन, चट्याङसहित मध्यम वर्षाको सम्भावना छ। तस्बिर : संजित परियार/नयाँ पत्रिका

■ बादलले बल्झाए एमालेमा विवाद

अर्का उपाध्यक्ष पौडेललाई लगाए 'पार्टीभित्रका दुस्मन र दक्षिणपन्थी'को आक्षेप

पोखरामा रोहितराज पराजुली

निर्वाचन परिणामको जिम्मेवारी र पार्टी पुनर्गठनको मुद्दामा एमालेभित्र सुरु विवाद झन् चर्किँदै जान थालेको छ। निर्वाचन हारको जिम्मेवारीसहित पार्टी पुनर्गठनका लागि अध्यक्ष केपी ओलीले स्वैच्छिक बहिर्गमन नलिए विशेष महाधिवेशनमा जाने इतरसमूहको गृहकार्यबिच संस्थापनपक्ष प्रतिवादमा लागेको छ। शीर्ष नेताहरू नै आरोप-प्रत्यारोपमा उत्रेका छन्।

कार्यवाहक अध्यक्ष रामबहादुर थापा बादलले संसद्मा दिएको 'रास्वपाले सेना, विदेशी शक्ति र कर्मचारीतन्त्रको सहयोगमा करिब दुईतिहाइ बहुमत ल्याएको' अभिव्यक्ति पार्टीलाइन र निर्णयअनुसार नै रहेको दोहोऱ्याएपछि विवाद तनावपूर्ण हुने अवस्था आएको हो। जबकि गत शुक्रबार सचिवालय बैठकले चुनावी परिणाम स्वीकार गर्दै बादलको अभिव्यक्ति सच्याएको जनाएको थियो।

» पृष्ठ २ मा क्रमशः

■ पोखराको कार्यकर्ता भेलामा बादलले भने-



■ पार्टीको उपाध्यक्षले सार्वजनिक रूपमा एउटा स्टेटमेन्ट जारी गर्नुभयो। उहाँले संसद्मा दलको नेताबाट जुन धारणा राखियो त्यो पार्टीको मान्यताविपरीत छ, त्यसमा घोर आपत्ति छ र त्यसबारे सचिवालयको बैठक बसेर उपयुक्त निर्णय दिइनेछ भन्नुभयो। यहाँ हेर्नुस्, अन्तरसंघर्षको स्थिति के छ। को-को मान्छेहरू वक्तव्यबाट उत्तेजित भए। भित्र लुकेका थिए र बाहिर देखिए। किनभने त्यो स्टेटमेन्टले पार्टीभित्रको दक्षिणपन्थी प्रवृत्ति एक्सपोज गरेको मात्र हो।

■ त्यहाँ (संसद्मा) जे बोलियो, त्यो पार्टीको लाइन नै हो। मैले पार्टी निर्णय दृढतापूर्वक लागू गरेको हो। त्यो वास्तवमा देश र जनताको दुस्मनलाई बोल्ड्ली प्रहार हो। लुकेका दक्षिणपन्थीहरूलाई पनि आक्रमण हो। पार्टीकै लाइनअनुसार बोल्दा बाहिर त छँदै थिए, भित्रका दुस्मनहरू पनि एक्सपोज भए।

प्रधानमन्त्रीले बदले कूटनीतिक प्रचलन, १७ राजदूतसँग सामूहिक वार्ता

विगतमा छिमेकी तथा नेपालका लागि महत्त्वपूर्ण मुलुकका राजदूतहरूले प्रधानमन्त्रीसँग बेग्लाबेग्लै शिष्टाचार भेट गर्ने कूटनीतिक प्रचलन रहेकोमा यसपटक परराष्ट्र मन्त्रालयको संयोजनमा १७ देशका नियोग प्रमुख तथा प्रतिनिधिले प्रधानमन्त्री बालेन्द्र शाहसँग सामूहिक शिष्टाचार वार्ता गरेका छन्

प्रधानमन्त्री बालेन्द्र शाहले भने- सरकार परिवर्तन नियमित प्रक्रिया हो। यो प्रणालीमा आएको परिवर्तन होइन, चुनावमार्फत सरकारको परिवर्तन भएको हो। त्यसकारण नयाँ सरकार हुनु भनेको निरन्तरताबाट विच्छेद हुनु होइन। हामी राजनीतिक स्थायित्व कायम राख्न तथा नीतिगत दिशालाई स्थिर र पूर्वानुमानयोग्य बनाइराख्न दृढ प्रतिबद्ध छौं।



पर्शुराम काफ्ले/नयाँ पत्रिका

देशको कार्यकारी प्रमुखको जिम्मेवारी लिएको १२ दिनपछि प्रधानमन्त्री बालेन्द्र शाह (बालेन)ले छिमेकी तथा महत्त्वपूर्ण राष्ट्रहरूका राजदूतहरूसँग सामूहिक शिष्टाचार भेट गरेका छन्। विगतमा छिमेकी तथा नेपालका लागि महत्त्वपूर्ण मुलुकका राजदूतहरूले प्रधानमन्त्रीलाई बेग्लाबेग्लै शिष्टाचार भेट गर्ने कूटनीतिक प्रचलन रहे पनि यसपटक प्रधानमन्त्री शाहले नेपालस्थित कूटनीतिक नियोगका प्रमुख तथा प्रतिनिधिसँग सामूहिक शिष्टाचार भेट गरेर नयाँ अभ्यास थालेका छन्। १३ चैतमा राष्ट्रपति भवन शीतलनिवासमा शपथग्रहण गरेलगत्तै प्रधानमन्त्री शाहलाई त्यहीँ बधाई ज्ञापन गरेका राजदूतहरूले १२ दिनपछि सामूहिक रूपमा शिष्टाचार भेट गरेका हुन्। कार्यभार सम्हालेपछि विदेशी राजदूतहरूसँग प्रधानमन्त्री शाहको यो पहिलो भेट हो।

यसबिचमा परराष्ट्रमन्त्री शिशिर खनालसँग भारत, चीन, अमेरिका, बेलायत र स्विट्जरल्यान्डका राजदूतले बेग्लाबेग्लै शिष्टाचार भेट गरेकामा प्रधानमन्त्रीको तहमा भने पहिलो सामूहिक भेट बुधबार भएको हो।

सरकारले वेलामौकामा राजदूतहरूलाई बोलाएर कूटनीतिक प्रस्तुतीकरण गर्दै आए पनि सुरुमै प्रधानमन्त्रीसँग सामूहिक शिष्टाचार भेट नयाँ अभ्यास रहेको परराष्ट्रका अधिकारीले बताएका छन्। 'प्रधानमन्त्री शाहसँग शिष्टाचार भेटका लागि आग्रह गर्नुभएका राजदूतहरूलाई हामीले प्रधानमन्त्रीको रुचिअनुसार एउटै समय र स्थानमा सामूहिक भेट गराएका हौं,' परराष्ट्रका एक उच्च अधिकारीले नयाँ पत्रिकासँग भने, 'गणतन्त्र स्थापनापछि यस्तो प्रकारले विदेशी राजदूतहरूबाट प्रधानमन्त्रीसँग भएको सामूहिक शिष्टाचार भेट पहिलो हो।'

प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयमा आयोजित शिष्टाचार भेटवार्ताको संयोजन परराष्ट्र मन्त्रालयले गरेको थियो। परराष्ट्रका अनुसार बुधबार भारत, चीन, अमेरिका, पाकिस्तान,

» पृष्ठ २ मा क्रमशः

संयुक्त सदनमा शुक्रबार राष्ट्रपतिको सम्बोधन, त्यसै दिन उपसभामुखको पनि निर्वाचन



नयाँ पत्रिका

राष्ट्रपति रामचन्द्र पौडेलले शुक्रबार संसद् बैठकलाई सम्बोधन गर्ने भएका छन्। प्रतिनिधिसभा र राष्ट्रिय सभाको संयुक्त बैठकलाई सम्बोधन गर्ने कार्यक्रम तय भएको राष्ट्रपति कार्यालयले जनाएको छ। 'राष्ट्रपतिबाट मन्त्रिपरिषद्को सिफारिसमा नेपालको संविधानको धारा ९५ बमोजिम चैत २७ गते दिउँसो ३ बजे बस्ने बैठकलाई सम्बोधन गर्ने तय भएको छ। राष्ट्रपतिले सम्बोधन गर्ने तय भएकाले बैठकमा सबै सदस्यको उपस्थितिका लागि आह्वान गरिएको छ,' राष्ट्रपति कार्यालयको विज्ञप्तिमा छ।

उपसभामुखको निर्वाचनका लागि आज उम्मेदवारी

उपसभामुखको निर्वाचन २७ चैतमा हुने भएको छ। प्रतिनिधिसभाको बुधबारको बैठकमा सभामुख डोलप्रसाद अर्यालले उपसभामुखको निर्वाचनको मिति तय गरेको जानकारी गराएका हुन्। निर्वाचन कार्यक्रमअनुसार बिहीबार उम्मेदवारी दर्ता गर्ने कार्यतालिका छ।

प्रतिनिधिसभा नियमावलीको नियम ७ मा सभामुख र उपसभामुखको निर्वाचनसम्बन्धी व्यवस्था छ। जसअनुसार सभामुख चयन भएँगै उपसभामुखको निर्वाचन हुन लागेको हो। उपसभामुखको निर्वाचन सभामुखले तोकेको दिन र समयमा हुने व्यवस्थाअनुसार सभामुख अर्यालले उपसभामुखको निर्वाचनको मिति तोकेका हुन्।

सभामुख र उपसभामुखमा फरक दल र फरक लिंगको व्यक्ति हुनुपर्ने संवैधानिक प्रावधान छ। तर, प्रतिनिधिसभामा एउटै दलको मात्रै प्रतिनिधित्व भएको वा एकभन्दा बढी दल भए पनि एकल उम्मेदवारी परेको अवस्थामा सभामुख र उपसभामुख दुवै एउटै दलको पनि

» पृष्ठ २ मा क्रमशः

ललितपुरमा छुरा प्रहार गरी दाजुभाइको हत्या

काठमाडौं/ ललितपुरको पाटन दरबार स्क्वायरमा छुरा प्रहारबाट दुई युवकको हत्या भएको छ। झापा घर भई ललितपुर बस्ने ३३ वर्षीय सुमित नेम्वाङ र उनका भाइ २६ वर्षीय सिर्जन नेम्वाङको हत्या भएको ललितपुर प्रहरीले जनाएको छ। हत्यामा संलग्न सञ्जीव नेपालीलाई जिल्ला प्रहरी परिसर ललितपुरले पक्राउ गरेको छ। प्रहरीका अनुसार सिर्जनले अर्को व्यक्तिको नम्बर ठानेर डायल गर्दा सञ्जीव नेपालीको नम्बरमा फोन गएको थियो। त्यही विषयमा उनीहरूबिच फोनमा भनाभन भयो। भेटेरै कुरा गर्ने भन्दै उनीहरू पाटन दरबार क्वायरमा जम्मा भए। जहाँ विवाद बढेपछि सञ्जीवले छुरा हानेका हुन्। गम्भीर घाइते भएका नेम्वाङ दाजुभाइको उपचारको क्रममा बी एन्ड बी अस्पतालमा मृत्यु भएको हो। मृतकका परिवार लन्डनमा भएकाले उनीहरू पनि त्यतै जाने तयारीमा रहेको अनुसन्धानमा खुलेको छ।

सम्पत्तिका विषयमा...

पृष्ठ १ बाट क्रमशः

प्रकाशको सम्बन्ध चिसिँदै गएको ती नेताको भनाइ छ। जेन-जी आन्दोलनका वेला प्रकाश काठमाडौंमै थिए। त्यसको दुई दिनपछि काठमाडौंबाट जहाजमा नेपालगन्ज आएका उनी त्यहाँबाट स्थलमार्ग हुँदै दिल्ली पुगेका थिए। दिल्लीबाटै अमेरिका उडेको निकटस्थहरू बताउँछन्। उनका श्रीमती र दुई छोराछोरी एक वर्षदेखि अमेरिकामै थिए।

०७९ को निर्वाचनमा प्रकाश कैलाली ५ (२) बाट निर्वाचित भएका थिए। यहाँका सिनियर नेताहरूलाई पन्छाएर टिकट हात पारेका उनी देउवादम्पतीको शक्तिकै आडमा करिब १४ महिना सुदूरपश्चिमका भौतिक पूर्वाधारमन्त्रीसमेत बनेका थिए। तर, केन्द्रमा राजनीतिक समीकरण फेरबदल भएर एमाले-माओवादी गठबन्धन बनेपछि कांग्रेस नेतृत्वको प्रदेश सरकार ढलेसँगै उनी पनि मन्त्रीबाट बाहिरिएका थिए। प्रदेश सभा सचिवालयका अनुसार पूर्वमन्त्रीसमेत रहेका देउवाले सभामुख भण्डारीलाई पत्र पठाएर 'जेन-जी आन्दोलनपछि आफू व्यक्तिगत कामले अमेरिका आएको र केही समयपछि स्वास्थ्यमा समस्या देखिएका कारण चिकित्सकको सल्लाहअनुसार उपचार र आराम गरिरहेको' उल्लेख गरेका छन्।

लामो समयदेखि प्रदेश सभाको सम्पर्कबाहिर रहेको र लगातार सातवटा प्रदेश सभा बैठकमा जानकारीविना अनुपस्थित रहेको भन्दै प्रदेश सभाले दुई महिनादेखि प्रकाशको तलब रोकिसकेको छ। सभामुख भण्डारीलाई पठाएको पत्रमा उनले 'जेन-जी आन्दोलनपछि आफू व्यक्तिगत कामले अमेरिका आएको र केही समयपछि स्वास्थ्यमा समस्या देखिएका कारण चिकित्सकको सल्लाहअनुसार उपचार र आराम गरिरहेको' उल्लेख गरेका छन्। उनले स्वास्थ्यका कारण मंगलबार (२४ चैत) बसेको प्रदेश सभा बैठक र यो अधिवेशनमा आफू उपस्थित हुन नसक्ने बताएका छन्। लगातार १० वटा बैठकमा जानकारीविना अनुपस्थित भए पद गुम्न सक्ने प्रदेश सभा नियमावलीमा व्यवस्था छ। कांग्रेस संसदीय दलका प्रमुख सचेतक विक्रमसिंह धामीले देउवाले सभामुखलाई मंगलबार पठाएको पत्रको बोधार्थ संसदीय दलमा पनि पठाएको बताए। 'उहाँ अमेरिका हुनुहुन्छ भन्ने हल्ला सुनिएको थियो, तर दललाई औपचारिक जानकारी थिएन। मंगलबार सभामुखलाई पठाएको पत्रको बोधार्थ संसदीय दललाई पनि पठाउनुभएको छ,' धामीले भने, 'आफू अमेरिका आएको, यहाँ बिरामी भएको र चिकित्सकको सल्लाहअनुसार केही समय विश्राम गरिरहेकाले स्वास्थ्य अवस्था पूर्ण रूपमा सुधार भएपछि प्रदेश सभा बैठकमा सहभागी हुने जानकारी पत्रमा गराउनुभएको छ।'

०७९ को निर्वाचनपछि प्रकाशले कांग्रेसको तर्फबाट आफू मुख्यमन्त्री बन्न पहल थालेका थिए। तर, पार्टीले कमल शाहलाई अघि बढायो, उनी मन्त्री बने। ०८० साउनमा तत्कालीन एकीकृत समाजवादी नेतृत्वको प्रदेश सरकार ढलेपछि फेरि एमालेको सहयोगमा सरकारको नेतृत्व पायो, शाह दोस्रोपटक मुख्यमन्त्री बने। त्यति वेला पनि प्रकाशले मुख्यमन्त्री बन्न प्रयास गरेका थिए।

कांग्रेसका एक प्रदेश सभा सदस्यका अनुसार देउवादम्पतीकै उपस्थितिमा अर्को वर्षको बजेट ल्याएपछि शाहले पद छोड्ने र प्रकाशलाई मुख्यमन्त्री बनाउने सहमति भएको थियो। 'बजेट पारित गरेपछि प्रकाशलाई मुख्यमन्त्री बनाउने सहमति थियो,' ती सदस्यले भने, 'तर, उनले शाह मुख्यमन्त्रीको बनेको आठ/नौ महिनामै आफू मुख्यमन्त्री बन्ने प्रयास थाले। यसमा देउवादम्पतीले साथ दिएनन्। त्यसैले, चिसोपन बढेजस्तो देखिन्थ्यो।' मुख्यमन्त्री फेरबदलको विषयमा मुख्यमन्त्री शाह र प्रकाशबिचको सम्बन्ध पनि लामो समयदेखि सौहार्द थिएन।

अर्का उपाध्यक्ष...

पृष्ठ १ बाट क्रमशः

कास्की एमालेले आयोजना गरेको बृहत् कार्यकर्ता भेलालाई बुधबार सम्बोधन गर्दै नेता बादलले संसदीय दल नेताको हैसियतमा संसद्मा आफूले गरेको सम्बोधनले 'पार्टीभित्र र बाहिर' का दुश्मनहरू एक्सपोज' भएको भन्दै पार्टी नेताहरूमाथि नै प्रहार गरेका हुन्। उनले नाम त लिएका छैनन्। तर, उपाध्यक्ष विष्णु पौडेलले उठाएको प्रश्नमा उनलाई दक्षिणपन्थीको उपमा दिँदै जवाफ दिएका छन्।

बुधबार बादलले संसद्मा राखेको अभिव्यक्ति पार्टी लाइनविपरीत भन्दै बिहीबार उपाध्यक्ष पौडेलले खण्डन गरेका थिए। जबकि बादलले अध्यक्ष केपी ओलीसँगको परामर्शमै संसद्मा सम्बोधन गरेको जनाउँदै अभिव्यक्तिमा अडिग रहेको मात्र बताएनन्, पार्टीभित्रका 'दक्षिणपन्थीहरू' एक्सपोज भएको सुनाए।

'पार्टीको उपाध्यक्षले सार्वजनिक रूपमा एउटा स्टेटमेन्ट जारी गर्नुभयो। उहाँले संसद्मा दलको नेताबाट जुन धारणा राखियो त्यो पार्टीको मान्यताविपरीत छ, त्यसमा घोर आपत्ति छ र त्यसबारे सचिवालयको बैठक बसेर उपयुक्त निर्णय दिइनेछ भन्नुभयो,' बादलले पोखरामा भनेका छन्, 'यहाँ हेर्नुस्, अन्तरसंघर्षको स्थिति के छ। कोको मान्छेहरू वक्तव्यबाट उत्तेजित भए। भित्र लुकेका थिए र बाहिर देखिए। किनभने त्यो स्टेटमेन्टले पार्टीभित्रको दक्षिणपन्थी प्रवृत्ति एक्सपोज गरेको मात्र हो।'

यद्यपि, उनले पौडेलको नाम नलिई उनले लेखेको स्टाटसको खण्डन गरेका हुन्। 'अस्ति संसद्को पहिलो बैठकमा मैले दल नेताको हैसियतमा जे कुराहरू भनेँ, त्यो कुरालाई लिएर केन्द्रीय सचिवालय बैठक बस्यो। र, केन्द्रीय सचिवालयले फेरि अर्को एउटा वक्तव्य जारी गर्‍यो,' बादलले भने, 'त्यो कन्फ्युजन क्लियर गर्न स्टेटमेन्ट दिएको हो। त्यसकारण त्यहाँ जे बोलियो, सदनमा जे दिइयो, त्यो पार्टीको लाइन नै हो। मैले पार्टी निर्णय दृढतापूर्वक लागू गरेको हो। त्यो वास्तवमा देश र जनताको दुस्मनलाई बोल्ड्ली प्रहार हो। लुकेका दक्षिणपन्थीहरूलाई पनि आक्रमण हो। पार्टीकै लाइनअनुसार बोल्दा बाहिर त छँदै थिए, भित्रका दुश्मनहरू पनि एक्सपोज भए।'

संसद्को पहिलो बैठकमा दल नेताको हैसियतमा बोल्दै थापाले भनेका थिए, 'नेपालमा भदौ २३ र २४ गते अवैधानिक रूपमा रास्वपाको अघोषित नेतृत्वमा रंगक्रान्ति सफलतापूर्वक सम्पन्न भयो। फागुन २१ गते आमनिर्वाचनमार्फत निलो क्रान्तिलाई वैधानिकता प्रदान गरियो। चैत्र १३ गते भव्य धार्मिक अनुष्ठानसहित श्री बालेन्द्र शाहज्यूलाई प्रधानमन्त्रीको शपथ ग्रहण गराइयो। यो ऐतिहासिक विजयका लागि रास्वपा तथा सम्माननीय प्रधानमन्त्री बालेन्द्र शाहज्यूलाई म नेकपा एमालेको तर्फबाट धेरैधेरै बधाई भन्न चाहन्छु। यो अभूतपूर्व विजयमा आन्तरिक रूपमा क-कसको निर्णायक भूमिका रह्यो ? रास्वपाको अभूतपूर्व विजयमा तथ्यहरूले के स्पष्ट गर्छ भने नेपाली सेना, ब्युरोक्रेसी, सुशीला सरकार, कार्की आयोग, बारबरा फाउन्डेसन एनजिओ आदि संस्था तथा पात्रहरूको यो विजयमा निर्णायक भूमिका रह्यो। त्यसैले ती संस्था र पात्रहरूलाई पनि एमालेको तर्फबाट धेरै-धेरै बधाई भन्न चाहन्छु।'

त्यसलगत्तै, सामाजिक सञ्जालबाट उपाध्यक्ष पौडेलले खण्डन गर्दै दलको नेताका हैसियतले थापाले व्यक्त गरेका विचार पार्टीका स्थापित नीति र मान्यताविपरीत रहेको बताएका थिए। 'प्रतिनिधिसभाको आजको बैठकमा नेकपा एमालेको दलको नेताको हैसियतले माननीय रामबहादुर थापाले व्यक्त गर्नुभएको विचार पार्टीका स्थापित नीति र मान्यताविपरीत छन्। यस सम्बन्धमा भोलि आयोजना गरिएको नेकपा (एमाले) को केन्द्रीय सचिवालयको बैठकमा गम्भीरतापूर्वक छलफल हुने र उचित निर्णय हुने अपेक्षा गरेको छु,' पौडेलले सामाजिक सञ्जालमा लेखेका थिए।

बादलको मन्तव्यपछि एमालेभित्र खैलाबैला मच्चिएपछि भोलिपल्ट शुक्रबार सचिवालय बैठक बसेर अभिव्यक्ति सच्याएको थियो। 'संसदीय दलका नेताका अभिव्यक्तिबारे गम्भीरतापूर्वक छलफल गरेर केही अस्पष्टलाई बैठकले स्पष्ट पार्ने काम गरेको छ। उहाँको कुरा गलत थिएन, तर त्यसले केही अन्तरविरोध देखा पर्‍यो। उहाँको अभिव्यक्तिबाट जनमतलाई अलिकति नस्विकारेको जस्तो देखिएको हुनाले जनताले दिएको मतलाई हामीले सम्मान गर्छौं भनेर कन्फ्युजन स्पष्ट पारेका छौं,' बैठकपछि उपमहासचिव लेखराज भट्टले भनेका थिए, 'मुलुकको संविधान र प्रचलित कानुनबमोजिम निर्माण भएका नेपाली सेनालगायत राज्यका सबै सुरक्षा निकाय, निजामती प्रशासन (ब्युरोक्रेसी) र अन्तर्राष्ट्रिय समुदायप्रति हाम्रो पार्टीको सम्बन्ध पूर्ववत् एवं मित्रवत् रहेको र यस्तो सम्बन्ध भविष्यमा अझ सुदृढ बनाइने कुरा बैठकले स्पष्ट पारेको छ।'

निर्वाचनमा धक्का खाएको एमालेभित्र संस्थापन इतरपक्षले अध्यक्ष ओलीको सम्मानजनक बहिर्गमन गराउने पहल सुरु गरेपछि विवादको पारो चढेको हो। संस्थापन इतरपक्षले पार्टीलाई पुनर्जीवित गर्दै पूर्वावस्थामा फर्काउन अध्यक्षको राजीनामा र केन्द्रीय कमिटीदेखि तल्ला तहसम्मको पुनर्गठन अनिवार्य रहेको बताएको छ। जबकि संस्थापन पक्षले अध्यक्ष प्रहरी हिरासतमा रहेको वेला विशेष महाधिवेशनमार्फत नेतृत्व परिवर्तनको गृहकार्य गरेको भन्दै असन्तुष्टि जनाएको छ।

■ दबाबमूलक आन्दोलनका लागि ७७ वटै जिल्लामा एमालेको भेला

पार्टी अध्यक्ष केपी ओलीको पक्राउविरुद्ध आन्दोलित एमालेले बुधबार ७७ वटै जिल्लामा जिल्लास्तरीय अगुवा कार्यकर्ता भेला गरेको छ। आन्दोलनलाई आधारभूत तहसम्म विस्तार गरेर दबाबमूलक बनाउँदै लैजाने निर्णयअनुसार सबै जिल्लामा अगुवा कार्यकर्ता भेला सम्पन्न भएको केन्द्रीय कार्यालय सचिव डा. भीष्म अधिकारीले बताए। कतिपय जिल्लाका भेलाहरूमा पदाधिकारी तहका नेताहरू पनि सहभागी भएका छन्।

केन्द्रीय सचिवालयको १७ चैतको बैठकले २५ चैतसम्म सबै जिल्लाहरूमा आन्तरिक भेला आयोजना गरेर क्षेत्र, पालिका हुँदै वडास्तरसम्म विरोधको कार्यक्रम आयोजना गरी प्रदेश राजधानी र केन्द्रीय राजधानी काठमाडौंमा १२ वैशाखमा संगठित रूपमै दबाबमूलक प्रदर्शन आयोजना गर्ने निर्णय गरेको थियो। त्यही सिलसिलामा एमालेले सबैतिर जिल्ला भेलाहरू गरेको हो।

एमालेले २८ चैतमा ७५३ वटै पालिकामा विरोध प्रदर्शन आयोजना गर्ने, ३ वैशाखमा सबै वडामा भेला र विरोध प्रदर्शनहरू गर्ने तथा त्यसलगत्तै ७ वैशाखमा प्रदेशस्तरीय विरोध प्रदर्शनहरू गर्ने निर्णय गरेको थियो। वडा हुँदै प्रदेशसम्म विरोध कार्यक्रम आयोजना गरेपछि १२ वैशाखमा काठमाडौंमा विरोध प्रदर्शन र सभा आयोजना गर्ने एमालेको घोषणा छ।

मोटरसाइकल हरायो

मिति २०८२/१२/१८ गते दिनको १०:३० देखि १२:३० बजेको समयमा का.जि. का.म.न.पा-१५ क्यारीना ईन्टरन्याटिनल स्कुल अगाडीबाट पार्किङ गरि राखेको मेरो निम्न व्यहोरा भएको रातो कालो रंगको 220 CC पल्सर मोटरसाइकल हराएको हुँदा देख्नु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न ठेगानामा खबर गरिदिनु होला।

नाम : सन्देश गुरुङ
मो.सा.नं.: बा.प्र. ०२-०६१ प ५८४१
चेसिस नं.: **MD2A13EX8SCE85821**
इन्जिन नं.: **DKXCSD 33424**
सम्पर्क न.: **9866077816**

सर्टिफिकेट हरायो

मिति २०७७/०५/१५ गते एकान्तकुना बाट सातदोबाटो सम्म जाँदा NEB बाट जारी भएको मेरो निम्न व्यहोरा भएको माईग्रेशन सर्टिफिकेट हराएको हुँदा फेला पार्नु हुने मान्यवरले नजिकको प्रहरी चौकी वा तलको नम्बरमा सम्पर्क गरिदिनुहुन हार्दिक अनुरोध छ।

नाम : कैलाश भट्टराई
Reg.No.: 737697066
Symbol No. : 99900135
Contact : 9860799613

उपसभामुखको...

पृष्ठ १ बाट क्रमशः

हुन सक्दछ। प्रतिनिधिसभामा रास्वपासहित ६ दल छन्। प्रतिनिधिसभामा रास्वपा दुईतिहाइनजिक छ। २७५ सदस्यीय प्रतिनिधिसभामा रास्वपाको मात्रै १८२ सांसद छन्। नेपाली कांग्रेस ३८, नेकपा एमाले २५, नेपाली कम्युनिस्ट पार्टी १७, श्रम संस्कृति पार्टी सात, राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) का पाँच सांसद छन्। संसदीय अंकगणितअनुसार उपसभामुखमा रास्वपाले जुन दलको उम्मेदवारलाई समर्थन गर्छ उसैले जित्ने सम्भावना छ। उपसभामुखमा राप्रपा, श्रम संस्कृति पार्टी र नेकपाले उम्मेदवारी दिने तयारी गरेका छन्। रास्वपाले जसलाई सहयोग गर्‍यो उसैले जित्ने अवस्थाका कारण कांग्रेस र एमालेले उम्मेदवारीप्रति रुचि राखेका छैनन्। एमाले सांसद गुरु बरालले आफ्नो पार्टीले उपसभामुखमा उम्मेदवारी नदिने बताए।

वुढीगंगा नगरपालिका
नगर कर्यापालिकाको कार्यालय
कुन्देवमाण्डौं, बाजुरा
सुदुरपश्चिम प्रदेश, नेपाल

बोलपत्र स्वीकृत गर्ने सम्बन्धी आशयको सूचना

प्रथम पटक प्रकाशित मिति : २०८२/१२/२६ गते

यस बुढिगंगा नगरपालिकाको कार्यालय द्वारा मिति २०८२/११/१७ गते विद्युतिय बोलपत्र मार्फत प्रकाशित सूचना अनुसार E-Bid मार्फत रितपूर्वक दर्ता हुन आएका बोलपत्रहरू मुल्यांकन गर्दा यस कार्यालयको बोपलत्र मुल्यांकन समितिबाट देहायको ठेक्का तपसिल बमोजिको बोलपत्रदाताहरूको बोलपत्र न्यूनतम मूल्यांकित सारभुत रुपमा प्रभावग्राही ठहर भई स्वीकृतिका लागि सिफारिस भएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा (२७) को उपदफा (२) र (३) बमोजिम र सोही ऐनको दफा (४७) को प्रयोजनार्थ बोलपत्र स्विकृतीका लागि छनौट गर्ने आशयको ७ दिने सूचना सम्बन्धित सबैको जानकारीका लागि प्रकाशित गरिएको छ।

क्र. सं.	ठेक्का नं.	कामको विवरण	बोलपत्रदाताको नाम र ठेगाना	स्वीकृत रकम (मु.अ.कर र PS सहित)
१.	BM/NCB/W/05/2082-083	Sigada School Building Construction Works BM, 10	Saska Nirman Sewa	रु २६,४६,२८०।०२ (अक्षरुपी छबिस लाख छयालिस हजार दुई सय असि रुपौया दुई पैसा मात्र)
२.	BM/NCB/W/06/2082-083	Duralsain School Building Construction Works BM, 02	Shristhi Construction And Order Suppliers	रु. २३,५६,९४२।२९ (अक्षरुपी तेईस लाख छपन्न हजार नौ सय बयालिस रुपैया उनन्तिस पैसा मात्र)

प्रमुख प्रशासकीय अधिकृत

आफैं स्वदेश...

पृष्ठ १ बाट क्रमशः

देशको सहयोग चाहिने अवस्थामा रेडकर्नर नोटिस जारी गरिन्छ। विभाग स्रोतका अनुसार देउवाको नाममा भौतिक सम्पत्ति देखिँदैन। तर, पत्नी आरजु र छोरा जयवीरसिंह देउवाको नाममा भने मुलुकका विभिन्न ठाउँमा गरी ११५ रोपनी आठ आना जग्गा रहेको देखिन्छ। जसमध्ये आरजुको नाममा ३९ रोपनी १५ आना र जयवीरको नाममा ७५ रोपनी नौ आना रहेको खुलेको छ। विभागका अनुसार आरजुको नाममा डडेलधुराको खलंगा, कैलालीको धनगढी, मकवानपुरको हेटौंडा र बर्दियाको ढोडरीमा तथा जयवीरको नाममा काठमाडौंको बुढानीलकण्ठ, कास्कीको ढिकुरपोखरी, कञ्चनपुरको कृष्णपुर र बर्दियाको ढोडरीमा जग्गा छ। आमा-छोराकै नाममा रहेका केही सम्पत्ति भने पुर्ख्यौली स्रोतबाट नामसारी हुँदै आएको देखिए पनि अधिकांशको बलियो स्रोत देखिएको छैन। जयवीरको नाममा रहेको अधिकांश सम्पत्ति ०७४ देखि ०७८ सम्म नामसारी भएको देखिएको, तर आम्दानीको स्रोत भने नदेखिएको विभाग स्रोतले बतायो। अनुसन्धानमा भेटिएका यिनै तथ्यका आधारमा देउवादम्पतीविरुद्ध पक्राउ पुर्जी जारी भएको जनाइएको छ।

'पूर्वप्रधानमन्त्री शेरबहादुर देउवाको नाममा भौतिक सम्पत्ति देखिँदैन। तर, उनकी पत्नी आरजु र छोरा जयवीरको नाममा भने अस्वाभाविक सम्पत्ति देखिन्छ। त्यसमध्ये केही पुर्ख्यौली स्रोतबाट सरेर आएको देखिन्छ। बाँकी सम्पत्तिको स्रोत देखिँदैन,' विभाग स्रोतले भन्यो, 'अनुसन्धानमा कैफियत देखिएपछि देउवादम्पतीविरुद्ध पक्राउ पुर्जी जारी भएको हो। अब रेडकर्नर नोटिस जारी गर्ने सम्बन्धमा छलफल चलिरहेको छ।'

विभागका अनुसार देउवादम्पती र छोरा जयवीरको बैंक खाता र कारोबार सम्बन्धमा पनि अनुसन्धान भइरहेको छ। देउवाको बैंक खातामा पनि ठुलो कारोबार खासै भएको देखिएको छैन। तर, आरजु र जयवीरको खातामा भने अस्वाभाविक कारोबार भएको देखिएको स्रोतले बतायो।

'शेरबहादुर देउवाको बैंक खातामा खासै कारोबार भएको देखिँदैन। तर, आरजु र जयवीरको खातामा भने ठुला कारोबार भएको देखिन्छन्। त्यसमध्ये कतिपय कारोबार अस्वाभाविक देखिन्छ।'

देउवादम्पतीविरुद्ध पक्राउ पुर्जी जारी भए पनि जयवीरको हकमा यस्तो पुर्जी जारी भएको छैन। तर, आवश्यक परेको खण्डमा जयवीरविरुद्ध पनि पक्राउ पुर्जी जारी हुन सक्ने विभाग स्रोतले जनायो।

रेडकर्नर नोटिस भने प्रहरीले नै जारी गर्ने हो। यसका लागि आवश्यक कानुनी प्रक्रिया पूरा गरेर अन्तर्राष्ट्रिय अपराध प्रहरी संगठन (इन्टरपोल)लाई अनुरोध गर्न सक्छ। वारेन्ट जारी भएका फरार अभियुक्तको खोजी गर्न रेडकर्नर नोटिस जारी हुन सक्छ भने पक्राउ पुर्जी जारी नभएका, तर विवरण आवश्यक परेको खण्डमा प्रहरीले इन्टरपोलमार्फत सम्बन्धित व्यक्तिविरुद्ध डिफ्युजन नोटिस जारी गर्न सक्छ। देउवादम्पतीको हकमा वारेन्ट जारी भइसकेकाले प्रहरीले रेडकर्नर नोटिस जारी गर्न सक्छ।

'रेडकर्नर नोटिस जारी हुने आफ्नै प्रक्रिया छ। प्रक्रिया पुगेपछि अभियुक्तविरुद्ध यस्तो नोटिस जारी हुन सक्छ। यस्ता विषय अत्यन्तै गोप्य रहन्छन्,' नेपाल प्रहरीका केन्द्रीय प्रवक्ता डिआइजी अविनारायण काफ्लेले भने। यद्यपि उनी देउवादम्पतीको पक्राउ पुर्जीबारे सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागले भन्न सक्ने भन्दै पन्छिए।

जेन-जी आन्दोलनपछि उपचारका लागि सिंगापुर गएका देउवादम्पती पछि स्वदेश फर्किएका थिए। तर, निर्वाचनको केही दिन अघि १४ फागुनमा देउवा उपचार गराउन भन्दै फेरि सिंगापुर उडेका थिए। त्यसअघि नै आरजु भारत गइसकेकी थिइन्। त्यतैबाट उनी पनि सिंगापुर पुगिन्। ७ चैतमा हङकङ पुगेका देउवादम्पती अहिले त्यहीँ छन्। छोरा जयवीर पत्नी शिवाना श्रेष्ठसँग लन्डनमा छन्। जेन-जी आन्दोलनअघि नै लन्डन पुगेका उनीहरू त्यसयता स्वदेश फर्किएका छैनन्।

निवास भत्काउन रोक

काठमाडौंको बुढानीलकण्ठस्थित चपलीमा जयवीरको नाममा ९६६ वर्गमिटर जग्गा छ। कित्ता नम्बर ४४ मा रहेको सोही जग्गामा शेरबहादुरले आफ्ना लागि निवास बनाएका थिए। जेन-जी आन्दोलनका क्रममा २४ भदौमा सोही घरभित्रै देउवादम्पती कुटिएका थिए भने आन्दोलित भिडले घरमा तोडफोड र आगजनी गरेको थियो।

देउवादम्पतीलाई सेनाले हेलिकोप्टरमा उद्धार गरे पनि आगजनीबाट घर भने जोगिएन। त्यसक्रममा आन्दोलनकारीले उक्त घरमा ठुलो परिमाणमा पैसा भेटिएको भन्दै जलाउँदै गरेका भिडियो सार्वजनिक गरेका थिए।

देउवादम्पती विदेशमा रहेकै वेला खण्डहर घर भत्काउन सुरु गरियो। तर, अनुसन्धान भइरहेका वेला घर भत्काउँदा प्रमाणहरू नष्ट हुने सम्पत्ति शुद्धीकरण विभागको निर्देशनमा भवनका भग्नावशेष भत्काउन रोकिएको छ।

विवादमा देउवापत्नी आरजु र छोरा जयवीर

- मुलुकमा प्रजातन्त्र पुनर्स्थापनापछि शेरबहादुर देउवा पाँचपटक प्रधानमन्त्री, एकपटक गृहमन्त्री र सातपटक सांसद बने। आर्थिक चलखेलका कारण उनको सबै कार्यकाल विवादरहित बन्न सकेन। कारण थियो, उनकी पत्नी आरजु राणा। विशेषगरी राजनीतिक नियुक्ति र ठेक्का सम्झौतामा आरजुले देउवालाई प्रभावमा पार्ने गर्थिन्। हुँदाहुँदा प्रहरीको सरुवा र बढुवामा समेत राणाको हस्तक्षेप चल्थ्यो।
- नेपाल प्रहरीमा भएका केही विवादास्पद पदोन्नतिलाई देउवाको शक्तिका आडमा आरजुले खेलेको चलखेलका रूपमा लिन सकिन्छ। १८ वैशाखमा ०७९ मा चौथो वरीयतामा रहेका तत्कालीन एआइजी धीरजप्रताप सिंहलाई आइजिपी नियुक्त गरियो। आरजुकै जोडबलमा डिआइजीबाट एआइजी बनाइएका उनलाई पछि आइजिपी नियुक्त गरिएको थियो। जबकि आइजिपीका लागि एआइजी विश्वराज पोखरेल उनीभन्दा डेढ वर्ष सिनियर थिए।
- त्यसअघि चौथो वरीयतामा रहेका डिआइजी जयबहादुर चन्दलाई राणाकै जोडबलमा जबर्जस्ती आइजिपी नियुक्त गरिएको थियो। तर, फुली लगाउन नपाउँदै अदालतले हस्तक्षेप गर्‍यो। उनको ठाउँमा दोस्रो वरीयताका प्रकाश अर्याललाई नियुक्त गरिएको थियो। त्यतिवेला चन्दलाई आइजिपी बनाउँदा गरेको आर्थिक लेनदेन म्यानेज गर्न पछि आरजुले नै अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा आयुक्त बनाएको आरोप छ। चन्द अहिले पनि अख्तियारमै वहाल छन्।
- तत्कालीन गृहमन्त्री बालकृष्ण खाणको पालामा नेपाली युवालाई नक्कली भुटानी शरणार्थी बनाई अमेरिका पठाउने सपना बाँडियो। त्यसबाट करोडौं रुपैयाँ उठाइयो। घटना सार्वजनिक भएपछि प्रहरीले अनुसन्धान गर्‍यो। दुईपटक गरिएको अनुसन्धानमा ३५ जनाविरुद्ध ३० करोड १९ लाख ६६ हजार ६ सय रुपैयाँ बिगोसहित अदालतमा मुद्दा दर्ता भयो। घटनामा खाणसहित पूर्वउपप्रधानमन्त्री टोपबहादुर रायमाझी, सांसद आङटावा शेर्पालगायत उच्चपदस्थ पक्राउ परे। सोही घटनामा आरजु पनि संलग्न रहेको अडियो सार्वजनिक भयो। उनीविरुद्ध प्रहरीमा जाहेरी पनि पर्‍यो। तर, अनुसन्धान प्रक्रिया अघि बढेन।
- सुरक्षण मुद्रण केन्द्रदेखि पेमेन्ट गेट-वे र नेपाल टेलिकमको बिलिङ प्रणालीमा भएको अनियमिततामा पनि आरजुको समेत नाम जोडिन्छ। अनियमितता भएको भनेर अख्तियारमा उजुरी परेपछि अनुसन्धान भएको थियो। घटनामा नेपाल टेलिकमका पूर्वप्रबन्ध-निर्देशक सुनील पौडेल र सुरक्षण मुद्रण केन्द्रका पूर्वकार्यकारी निर्देशक विकल पौडेललगायत संलग्न रहेको खुल्यो। त्यसवेला सञ्चार तथा सूचना प्रविधि मन्त्रालयमा सचिव थिए- डा. वैकुण्ठ अर्याल। पेमेन्ट गेट-वे र नेपाल टेलिकमको बिलिङ प्रणाली ठेक्का सम्झौताका क्रममा सुनील र विकललाई ठेकेदार कम्पनीसँग उनैले सहजीकरण गरिदिएका थिए। अर्याललाई बल दिएकी थिइन् आरजुले। पछि आरजुकै दबाबमा अर्याललाई मुख्यसचिव नियुक्त गरिएको आरोप छ।
- कैलालीको टीकापुर बजार क्षेत्रको ३० बिघा सरकारी जग्गा हिनामिनामा पनि आरजुको नाम जोडिन्छ। उक्त जग्गा टीकापुर विकास समितिको नाममा ल्याएर पछि राजनीतिक दलका नेता तथा कार्यकर्तालाई बाँडिएको थियो। नक्कली कागजात निर्माण गरेर सरकारी जग्गा लिनेमा आरजु पनि थिइन्। प्राप्त कागजातअनुसार उनले जग्गा प्राप्तिका लागि १३ वैशाख ०५४ मा निवेदन दिइएकी थिइन्। सोही निवेदनका आधारमा उनलाई १५ वैशाख ०५४ मा विकास समितिबाट तीन कट्ठा सात धुर घडेरी दिइएको थियो।
- तत्कालीन अर्थमन्त्री जनार्दन शर्माले ब्लुप्रिन्ट ट्रेडिङ नामको कम्पनीलाई स्यानेटरी प्याड आयातमा ९० प्रतिशतसम्म भन्सार छुट दिएका थिए। तर, स्वदेशी कम्पनीले उत्पादन गर्न आयात गर्ने कच्चा पदार्थमा भन्सार दर बढाइदिए। अस्वाभाविक चलखेलपछि भएको यो दररेट थपघटबारे सूचना चुहियो। खोजी हुँदा खुलस्त भयो- ब्लुप्रिन्ट ट्रेडिङ नामको कम्पनी देउवादम्पतीका छोरा जयवीरसिंह देउवाको नाममा दर्ता रहेछ।

प्रधानमन्त्रीले...

पृष्ठ १ बाट क्रमशः

दक्षिण कोरिया, संयुक्त अधिराज्य, कतार, स्विट्जरल्यान्ड, फ्रान्स, इजरायल, जापान, बंगलादेश, जर्मनी, इजिप्ट, श्रीलंका, साउदी अरेबियाका राजदूत/मिसन प्रमुख एवं तथा संयुक्त राष्ट्रसंघीय आवासीय प्रतिनिधिले सिंहदरबारमा प्रधानमन्त्रीसँग सामूहिक भेट गरेका थिए।

प्रधानमन्त्रीसँग सामूहिक भेट गर्दै राजदूतहरूले आफ्नो देशका कार्यकारी प्रमुखहरूको शुभकामना र बधाई ज्ञापन गरेका छन्। 'राजदूतहरू तथा मिसन प्रमुखहरूले प्रधानमन्त्रीलाई बधाई ज्ञापन गर्दै आफ्ना-आफ्ना राष्ट्राध्यक्ष/सरकार प्रमुखहरूका तर्फबाट शुभकामना तथा सन्देशहरू पनि व्यक्त गर्नुभयो। उहाँहरूले नेपाली जनताको हितमा परिणाममुखी कार्य गर्न नयाँ सरकारलाई सहयोग र सहकार्य गर्ने प्रतिबद्धता जनाउनुभयो,' भेटवार्ता सकिएपछि परराष्ट्रले विज्ञप्तिमा भनेको छ।

सामूहिक शिष्टाचार भेटमा परराष्ट्रमन्त्री खनाल, प्रधानमन्त्रीका राजनीतिक सल्लाहकार असिम शाह, मुख्यसचिव सुमन अर्याल, परराष्ट्रसचिव अमृतबहादुर राई, परराष्ट्र प्रवक्ता लोकबहादुर पौडेल क्षेत्रीलगायत सहभागी थिए। सुरुमा परराष्ट्रसचिव राईले स्वागत गरेसँगै परराष्ट्रमन्त्री खनालले राजदूतहरूलाई सम्बोधन गरे। त्यसपछि सबै राजदूतलाई पालोपालो बोल्ने समय उपलब्ध भयो। उनीहरूले बोलेपछि प्रधानमन्त्री शाहले राजदूतहरूलाई सम्बोधन गरेका थिए। राजदूतहरूसँगको भेटमा प्रधानमन्त्री शाह औपचारिक पोसाकमा थिएनन्।

चार मिनेटको सम्बोधनमा प्रधानमन्त्री शाहले के भने ?

प्रधानमन्त्री शाहले परराष्ट्र मन्त्रालयद्वारा तयार पारिएको भाषण नोट पढेर सुनाएका थिए। उनले करिब चार मिनेट सम्बोधन गरेका थिए। 'नेपालको सन्तुलित र व्यावहारिक परराष्ट्र नीतिलाई पुनः पुष्टि गर्दै प्रधानमन्त्रीले छिमेकी राष्ट्रहरू, मित्र राष्ट्रहरू तथा विकास साझेदारहरूसँग विश्वास, पारस्परिक सम्मान र साझा समृद्धिका आधारमा सम्बन्ध थप सुदृढ बनाउनुपर्नेमा जोड दिनुभयो,' परराष्ट्रद्वारा जारी विज्ञप्तिमा छ, 'नेपालका विकास प्रयासहरूमा निरन्तर प्राप्त सद्भाव र सहयोगप्रति प्रधानमन्त्रीले कृतज्ञता व्यक्त गर्नुभयो।'

प्रधानमन्त्री शाहले विश्वमा जारी द्वन्द्वहरूले सर्वसाधारण नागरिकहरूलाई सबैभन्दा बढी असर पार्ने भएकाले शान्ति नै हाम्रो साझा प्राथमिकता हुनुपर्ने उल्लेख गरे। 'हाल जारी द्वन्द्वले सर्वसाधारण नागरिकहरूलाई सबैभन्दा बढी असर पार्ने भएकाले शान्ति हाम्रो साझा प्राथमिकता रहनुपर्छ। यसमा हामी सबै सहमत छौं भन्ने विश्वास लिएको छु र यस दिशामा सामूहिक प्रयासको अपेक्षा गर्दछु,' प्रधानमन्त्रीले भने।

विदेशमा रहेका नेपाली श्रमिकहरू तथा समग्र नेपाली डायस्पोराको सुरक्षा, सुरक्षित अवस्था र हितप्रति सरकार गम्भीर रहेको पनि उल्लेख गरे। उनले सुशासन सुनिश्चित गर्ने, आर्थिक विकास हासिल गर्ने र नेपाली जनताको जीवनस्तर सुधार गर्ने सरकारको दृढ प्रतिबद्धतासमेत साझा गरेका थिए।

प्रधानमन्त्री शाहले अहिले चुनावको प्रक्रियाबाट नयाँ सरकार गठन भएको उल्लेख गर्दै विगतका नीतिहरूले निरन्तरता पाउने बताएका थिए। 'सरकार परिवर्तन नियमित प्रक्रिया हो। यो प्रणालीमा आएको परिवर्तन होइन, चुनावमार्फत सरकारको परिवर्तन भएको हो। त्यसकारण नयाँ सरकार हुनु भनेको निरन्तरताबाट विच्छेद हुनु होइन। हामी राजनीतिक स्थायित्व कायम राख्न तथा नीतिगत दिशालाई स्थिर र पूर्वानुमानयोग्य बनाइराख्न दृढ प्रतिबद्ध छौं,' प्रधानमन्त्रीले भने।

प्रधानमन्त्री शाहले नेपाल सन्तुलित र व्यावहारिक वैदेशिक नीतिको अनुसरण गर्दै आएको उल्लेख गर्दै नेपालको बाह्य सम्बन्ध साझा समृद्धिको लक्ष्यद्वारा निर्देशित रहेको स्पष्ट पारेका थिए। प्रधानमन्त्री शाहले नेपाल सरकार लगानीका लागि अनुकूल वातावरण निर्माण गर्न, उद्यमशीलतालाई प्रोत्साहन गर्न तथा दिगो विकासलाई समर्थन गर्न प्रतिबद्ध रहेको पनि बताए।

यसैगरी, उनले राष्ट्रिय हितअनुकूल हुने गरी नेपाललाई क्षेत्रीय तथा वैश्विक आर्थिक संरचनामा अझ मजबुत रूपमा समेट्ने लक्ष्य राखिएकोसमेत सुनाए। सरकार विकास, व्यापार, लगानी, जलवायु कार्य तथा जनस्तरको सम्बन्धजस्ता विभिन्न क्षेत्रमा सहकार्य अघि बढाउन इच्छुक रहेको उनको भनाइ थियो।

सुशासनको प्रयासमा राजदूतहरूको समर्थन

सबैजसो राजदूतहरूले सरकारका तर्फबाट बधाई दिँदै सुशासन, विकासको सरकारी प्राथमिकताको समर्थन गरेका छन्। नेपालका लागि भारतीय राजदूत नवीन श्रीवास्तवले भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीका तर्फबाट बधाई र शुभकामना व्यक्त गर्दै नेपालको विकासका प्राथमिकताहरूमा भारतको सहयोग र समर्थन व्यक्त गरेका थिए। उनले दुई देशको सांस्कृतिक, सभ्यतागत एवं जनस्तरको बहुआयामिक सम्बन्ध थप सुदृढ बनाउने प्रतिबद्धता जनाएका थिए। चिनियाँ राजदूत झाङ माओमिङले चीनको उच्च गुणस्तरीय विकास र उच्चस्तरीय खुलापनबाट प्राप्त हुने लाभहरू नेपालले पनि साझेदारी गर्न सकोस् भन्ने चाहना रहेको बताए। 'साझेदारीमार्फत हाम्रो गहिरिँदै गएको विकास सहकार्य थप सुदृढ हुने, विकासका लागि हुने रणनीतिक साझेदारीबाट दुवै देशका जनताले लाभ लिन सक्नेछन्,' राजदूत माओमिङले भने।

पाकिस्तानी राजदूत अबरार एच हास्मीले पारस्परिक विश्वास, सम्मान तथा विभिन्न क्षेत्रमा सहकार्यमार्फत सम्बन्ध थप सुदृढ गर्नुपर्ने बताए। उनले नेपालसँग सभ्यतागत सम्बन्ध रहेको उल्लेख गर्दै जनस्तरको सम्बन्ध उल्लेखनीय रहेको पनि उल्लेख गरे। सरकारको समावेशी सुशासनको प्रयासमा पाकिस्तान पनि साझेदार बन्न चाहेको उनको भनाइ थियो। सबै राजदूतहरूले नेपालसँग सम्बन्ध सुदृढ गर्ने प्रतिबद्धता जनाएका थिए।

बेलायती राजदूतले पढे प्रधानमन्त्रीको चिठी

बुधबारको सामूहिक शिष्टाचार भेटमा नेपालका लागि बेलायती राजदूत रोब फेनले प्रधानमन्त्री बालेन्द्र शाहलाई बेलायती प्रधानमन्त्री किर स्टार्मरले पठाएको चिठी पढेर सुनाएका थिए। बेलायती प्रधानमन्त्री किरले चिठीमा दुई देशबिच आर्थिक समृद्धि, जलवायु सहनशीलता तथा सुरक्षालगायतका साझा प्राथमिकताहरूसहित दीर्घकालीन मित्रता रहेको लेखेका छन्। बेलायत नेपालको पहिलो कूटनीतिक सम्बन्ध स्थापना भएको देश हो।

मन्त्रीहरूलाई कूटनीतिक आचारसंहिता

बुधबार प्रधानमन्त्रीसँग राजदूतहरूको शिष्टाचार भेटअघि परराष्ट्र मन्त्रालयले सबै मन्त्रीहरूलाई प्रधानमन्त्री कार्यालयमा राखेर 'परराष्ट्र मामिला तथा कूटनीतिक आचारसंहिता'बारे प्रस्तुतीकरण गरेको छ। परराष्ट्रसचिव अमृतबहादुर राईले अन्तर्राष्ट्रिय परिवेश, नेपालको अन्तर्राष्ट्रिय सम्बन्ध, राष्ट्रिय हितको प्रवर्द्धन, नेपालको समग्र परराष्ट्र नीतिबारे विस्तृत प्रस्तुतीकरण दिएको प्रधानमन्त्रीका प्रेसविज्ञ दीपा दाहालले जानकारी दिइन्। नेपालको परराष्ट्र नीतिका प्राथमिकता, सम्बन्धको सन्तुलन र कूटनीतिक आचारसंहिताका प्राविधिक पक्षमा जोड दिँदै परराष्ट्रसचिव राईले कूटनीतिक आचारसंहिताका अनिवार्य पालनाका विषयमा पनि जानकारी दिएका थिए।

अमेरिका-इरान युद्धविराम, नेपालको स्वागत

नेपाल सरकारले अमेरिका र इरानबिच बुधबार भएको दुई साता लामो युद्धविराम सम्झौताको स्वागत गरेको छ। युद्धविरामले पश्चिम एसियामा तनाव न्यूनीकरणतर्फ एक सकारात्मक कदम चाल्दै संवाद, कूटनीति र मतभेदहरूको शान्तिपूर्ण समाधानका लागि अवसर प्रदान गरेको नेपालले स्पष्ट पारेको छ।

'नेपालले यस घटनाक्रमलाई क्षेत्रमा शान्ति र स्थायित्व प्रवर्द्धन गर्ने दिशामा एक सकारात्मक प्रयासको रूपमा लिएको छ र विवादहरूको शान्तिपूर्ण समाधानप्रति आफ्नो निरन्तर अडान पुनः दोहोर्‍याउँदछ,' परराष्ट्र मन्त्रालयले बुधबार जारी गरेको विज्ञप्तिमा भनिएको छ। परराष्ट्रले पश्चिम एसियामा द्वन्द्वका कारण उत्पन्न मानवीय असरप्रति चिन्ता व्यक्त गर्दै सर्वसाधारण नागरिकहरूको सुरक्षा र हित सुनिश्चित गर्नुपर्ने आवश्यकतामा पनि जोड दिएको छ।

पाकिस्तानको पहलमा अमेरिका र इरान दुई साताका लागि युद्धविराम गर्न बुधबार सहमत भएका थिए। नेपालले विज्ञप्तिमा पाकिस्तानको नाम भने लिएको छैन। 'क्षेत्रीय तथा विश्वव्यापी रूपमा दिगो शान्ति र स्थायित्व प्रवर्द्धन गर्न अन्तर्राष्ट्रिय समुदायद्वारा गरिने सबै प्रयासहरूमा नेपालले आफ्नो समर्थन कायम राख्नेछ,' परराष्ट्रले भनेको छ।

संविधान संशोधन बहसपत्र तयार कार्यदलले थाल्यो काम

दलहरूको लिखित धारणा संकलन गरी संविधान संशोधनका मुद्दा पहिचान गर्ने तथा कार्यदलको कार्ययोजना बनाउने जिम्मेवारी सदस्यसचिव सुवेदीलाई

● **देव गुरुङ**, कार्यदल सदस्य



हामी संविधान संशोधनको पक्षमा छौं, यो आवश्यक पनि छ। संविधानले संशोधन गर्न सकिने र नसकिने विषय स्पष्ट पारेको छ। संशोधन गर्न सकिने विषयमा प्रवेश गरेर छलफल गर्न सकिन्छ। तर, त्यसका लागि संसद्मा भएका र संसद्बाहिरका दलसँग पनि सहमतिको प्रयास गर्नुपर्छ। के-केमा संशोधन गर्ने हो पहिला त्यो आउनुपर्छ। त्यसमा दलहरूको सुझाव माग्नुपर्छ। सुझाव आइसकेपछि सहमति गरेर जानुपर्छ।

प्रेम गौतम/नयाँ पत्रिका

संविधान संशोधन बहसपत्र तयार कार्यदलले संविधानको मर्म र भावनालाई ध्यानमा राखेर काम अघि बढाउने भएको छ। कार्यदलको टिओआर तयार पार्ने, संविधान संशोधनको अन्तर्वस्तुमा रहेर दलहरूलाई सुझावका लागि पत्राचार गर्ने र सुझावलाई समेत ध्यानमा राखी काम अघि बढाउने समझदारी भएको छ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयमा बुधबार बसेको कार्यदलको पहिलो बैठकमा संयोजक अग्नि शाहले संविधानको मर्म र भावनालाई ध्यानमा राखेर बहसपत्र तयार पार्ने बताएका छन्। कार्यदल गठनको निर्णयबारे जानकारी गराउँदै उनले संघीय लोकतान्त्रिक गणतन्त्रको मर्म र भावनाअनुसार संविधान संशोधन प्रक्रिया अगाडि बढाउनुपर्ने बताए।

बैठकले संविधान संशोधन बहसपत्र तयार गर्न कार्यदल गठन गरेकोमा सरकारलाई धन्यवाद दिने निर्णय गरेको छ। बैठकमा उठेका विषय र राजनीतिक दलहरूको लिखित धारणा संकलन गरी संविधान संशोधनका मुद्दा पहिचान गर्ने तथा कार्यदलको आगामी कार्ययोजना तयार गरी प्रस्तुत गर्ने जिम्मेवारी सदस्यसचिव (प्रधानमन्त्री तथा मन्त्रिपरिषद्का सहसचिव) लीलाधर सुवेदीलाई दिइएको छ।

बैठकको सुरुमा संयोजक शाहले संक्षिप्त सम्बोधन गरेका थिए। पहिलो बैठक भएकाले परिचयात्मक र विषयवस्तु प्रवेशमै केन्द्रित भएको थियो। कार्यदलले संविधान संशोधनसम्बन्धी विषयलाई बृहत् रूपमा अघि बढाउने लक्ष्य राखेको उनको भनाइ थियो। शाहले संविधान संशोधन प्रक्रिया राष्ट्रिय सहमति, सहभागिता र तथ्यमा आधारित हुने बताए। संविधानको धारा २७४ ले संशोधनसम्बन्धी स्पष्ट प्रावधान गरेको उल्लेख गर्दै उनले सार्वभौमिकता, भौगोलिक अखण्डता, स्वाधीनता तथा जनतामा निहित सार्वभौमसत्ताको प्रतिकूल हुने गरी संविधान संशोधन गर्न नसकिने संवैधानिक व्यवस्था रहेको स्पष्ट पारे।

शाहले मन्त्रिपरिषद्को १३ चैतको बैठकबाट स्वीकृत शासकीय सुधारसम्बन्धी सय कार्यसूचीअन्तर्गत संविधान संशोधनका विषयमा राष्ट्रिय सहमति निर्माण गर्न बहसपत्र तयार गर्ने निर्णय भएको जानकारी गराए। सोही निर्णयअनुसार १६ चैतमा शाहको नेतृत्वमा कार्यदल गठन गरिएको थियो। संविधान संशोधनलाई सैद्धान्तिक र व्यावहारिक रूपमा अघि बढाउन सबै राजनीतिक दलको सहभागिता सुनिश्चित गरिएको उनको भनाइ थियो।

निर्वाचन प्रणाली, प्रत्यक्ष निर्वाचित कार्यकारी, पूर्ण समानुपातिक प्रतिनिधित्व, सांसद मन्त्री नहुने व्यवस्था, गैरदलीय स्थानीय सरकार तथा प्रदेश संरचनाको सुधारजस्ता विषयमा व्यापक छलफल गरी अघि बढ्ने उनले बताए। सरकार सबै पक्षसँग संवाद गरेर सहमतिका आधारमा अघि बढ्ने प्रतिबद्धतासमेत उनले व्यक्त गरेका छन्। 'उहाँले छोटो बोल्नुभयो। कार्यदल गठनको निर्णयबारे जानकारी गराउनुभयो। त्यसपछि संविधानको मर्म र भावनालाई ध्यानमा राखेर संशोधन बहसपत्र तयार पार्ने बताउनुभयो,' शाहको भनाइ उद्धृत गर्दै नेकपा नेता देव गुरुङले भने।

सहभागी सबै पक्षले खुला रूपमा बहस गर्दै जिम्मेवारीलाई तार्किक निष्कर्षमा पुऱ्याउने विश्वास आफूले लिएको शाहले बताए। बैठकमा कार्यदल सदस्यहरू राष्ट्रिय स्वतन्त्र पार्टीका मोहन आचार्य, एमालेका डा. भीष्मनाथ अधिकारी, नेकपाका देव गुरुङ, श्रम संस्कृति पार्टीका ध्रुवराज राई, राप्रपाका ज्ञानेन्द्र शाही, जसपा नेपालका डा. सुरेन्द्र झा र राष्ट्रिय जनमोर्चाकी दुर्गा पौडेल सहभागी थिए। प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका कानुनसचिव पुष्कर सापकोटा र नेपाल कानुन आयोगका सचिव इन्दिरा दाहालको उपस्थिति थियो। विभिन्न दलका तर्फबाट कार्यदलका सदस्यहरूले संविधान निर्माणको १० वर्षमा परिमार्जन गर्ने विषय उल्लेख भएको बताउँदै संविधानको मर्मअनुकूल हुने गरी संशोधन गर्नुपर्ने बताएका थिए।

'हामी संविधान संशोधनको पक्षमा छौं। संविधान संशोधनको आवश्यकता पनि छ। संविधानले संशोधन गर्न सकिने र नसकिने विषय स्पष्ट पारेको छ। संशोधन गर्न सकिने भन्ने विषयमा प्रवेश गरेर छलफल गर्न सकिन्छ। तर, त्यसका लागि संसद्मा भएका र संसद्बाहिरका दलहरूसँग पनि सहमतिको प्रयास गर्नुपर्छ,' कार्यदल सदस्य गुरुङले भने। उनले परिस्थितिको गाम्भीर्यता हेरेर संशोधनको विषय खुला गर्नुपर्ने बताए। 'के-केमा संशोधन गर्ने हो पहिला त्यो आउनुपर्छ। त्यसमा दलहरूको सुझाव माग्नुपर्छ। सुझाव आइसकेपछि सहमति गरेर जानुपर्छ,' उनले भने।

■ कांग्रेसले सदस्य पठाएन, सरकारसँग खोज्यो प्रस्टता



कांग्रेसले 'संविधान संशोधन बहसपत्र तयार कार्यदल'मा प्रतिनिधि पठाउनुअघि सर्त राखेको छ। कार्यदलको विधि, कार्यक्षेत्र तथा विषयवस्तुलगायत विषयमा स्पष्ट पार्न कांग्रेसले माग गरेको छ। कांग्रेसले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पत्र पठाएर स्पष्ट पार्न आग्रह गरेको हो। त्यसपछि मात्रै प्रतिनिधि पठाउने कांग्रेसले जनाएको छ। 'हामीलाई प्राप्त पत्रमा उल्लेख भएअनुसार कार्यदलको काम बहसपत्र तयार गर्ने भनिएको छ। तर, पत्रमा कार्यदलको क्षेत्राधिकार, सीमा र भूमिकाबारे स्पष्ट उल्लेख नगरिएको हुँदा कार्यदलको विधि र कार्यक्षेत्रका सन्दर्भमा हामी स्पष्ट हुन चाहन्छौं,' कांग्रेसले भनेको छ।

सरकार र रास्वपाको प्रतिबद्धता र बहसपत्रको तयारीका निमित्त संशोधनका प्राथमिकताका विषयमा स्पष्ट धारणा आयो भने कार्यदलको भूमिका र उपस्थिति थप प्रभावकारी हुने कांग्रेसको ठम्याइ छ। 'वर्तमान संविधान, संविधानले अंगीकार गरेको आधारभूत मूल्य-मान्यता र संशोधन गर्ने प्रस्तावित विषयप्रति नेपाल सरकार र सरकारको नेतृत्वकर्ता दलको प्रतिबद्धता एवं धारणा प्रस्ट रूपमा आउन आवश्यक छ। सरकार र नेतृत्वकर्ता दलको प्रतिबद्धता र बहसपत्रको तयारीका निमित्त संशोधनका प्राथमिकताका विषयमा स्पष्ट धारणा आयो भने कार्यदलको भूमिका र उपस्थिति थप प्रभावकारी हुन सक्छ,' कांग्रेसले भनेको छ। लोकतन्त्रलाई परिणाममुखी बनाउन, संविधानलाई थप समावेशी र अधिकारसम्पन्न बनाउन र यसको गतिशील कार्यान्वयन एवं सुशासन र प्रभावकारी सेवा प्रवाहको लागि कतिपय विषयमा संशोधन आवश्यक रहेको भन्दै कांग्रेसले सरकारलाई साथ रहने र सहकार्य गर्ने स्पष्ट पारेको छ।

'संविधानसभामार्फत नेपालको संविधान जारी भएको १० वर्ष पुगेको छ। संविधान स्वयंले पनि आफैंभित्र पुनरावलोकनको परिकल्पना गरेको छ। संविधान एक गतिशील र परिवर्तनशील दस्तावेज भएकाले नागरिकको भावना र आवश्यकताअनुसार यसलाई समयानुकूल संशोधन, परिमार्जन र अद्यावधिक गर्दै लैजानु स्वाभाविक लोकतान्त्रिक प्रक्रिया हो भन्नेमा नेपाली कांग्रेस स्पष्ट छ,' कांग्रेस कार्यालयका निमित्त मुख्यसचिव कृष्णप्रसाद दुलालले जारी गरेको विज्ञप्तिमा छ, 'संविधानले अंगीकार गरेका लोकतन्त्र, नेपाल राज्यको विशेषता, गणतन्त्र, संघीयता, नागरिक सर्वोच्चता, बहुजातीय, बहुधार्मिक, बहुसांस्कृतिक र बहुलवादमा आधारित बहुदलीय संसदीय व्यवस्था, शक्ति पृथकीकरण, स्वतन्त्र न्यायपालिका, अभिव्यक्ति तथा प्रेस स्वतन्त्रता, विधिको शासन, समानुपातिक समावेशी सिद्धान्त, खुला समाज र मानव अधिकारलगायतका सारभूत मूल्य-मान्यतामा कुनै पनि सम्झौता नगरी र संकुचित नहुने गरी यसलाई अझ सुदृढ बनाउनुपर्छ भन्ने मान्यता नेपाली कांग्रेस राख्दछ।'

संविधान संशोधनको बहसमा संघीय संसद्मा प्रतिनिधित्व गर्नेबाहेकका राजनीतिक दलहरूसँगको सम्बन्ध एवं समन्वयका विषयमा समेत वर्तमान सरकार स्पष्ट हुनु आवश्यक रहेको कांग्रेसले औंल्याएको छ। 'खासगरी संविधान निर्माणका महत्त्वपूर्ण सरोकारवाला पक्ष मधेशी, आदिवासी-जनजाति, थारू, दलित, अल्पसंख्यकलगायत पहिचानका लागि आन्दोलनरत समुदाय र क्षेत्रलाई प्रक्रियामा जोड्न सरकारले के आधार लिएको छ र संविधान कार्यान्वयनसँग जोडिएका प्रदेश र स्थानीय सरकारको सहभागिताको विषयमा सरकारको धारणा के छ स्पष्ट हुनुपर्छ,' कांग्रेसले भनेको छ। सशस्त्र द्वन्द्वपश्चात् संक्रमणकालको कठिन परिस्थितिबाट संविधान निर्माण भएको स्मरण पनि कांग्रेसले गरेको छ। त्यसपछि पनि संविधानमाथि आम अपनत्व र स्वामित्व स्थापित गर्न विभिन्न समयमा पहिचानलगायत अधिकारका आन्दोलन र समूहसँग राज्यले गरेका सम्झौताको विषयलाई पनि स्मरण गरेको छ।

कञ्चनपुर कारागारमा फेरि झडप, पाँच कैदीबन्दी घाइते



कञ्चनपुरमा **मोहन विष्ट**

कैदीबन्दीले पाउने सेवा-सुविधाको विषयले कञ्चनपुर कारागारमा महिनैपिच्छे विवाद र झडपका शृंखला दोहोरिने गरेको छ। गत ४ पुसमा कैदीबन्दीले राज्यबाट पाउने सेवा-सुविधा माग अघि सारेर आन्दोलन गरेका थिए। जसकारण आठ कैदीबन्दी घाइते भएका थिए। कारागारभित्र लफडा गरेको भन्दै १३ कैदीबन्दी अन्यन्त्र स्थानान्तरण गरिएको थियो। घटना छानबिनका लागि सहायक प्रमुख जिल्ला अधिकारी मोहनचन्द्र जोशीको संयोजकत्वमा छानबिन समिति बनाइयो। तर, कारागारको मुख्य समस्या के हो भन्ने विषयमा छानबिन समितिले प्रतिवेदन सार्वजनिक गरिएको छैन। त्यसवेला पनि कैदीबन्दीले राज्यले दिने सेवा-सुविधामा कर्मचारीले घोटाला गरेर न्यून मात्रै दिने गरेको आरोप लगाएका थिए।

गत ८ चैतमा फेरि विवाद उत्पन्न भयो। दुई समूहबिच भएको लफडामा दुई कैदीबन्दी घाइते भए। केही कैदीबन्दीले कारागारभित्र लागुऔषध, कन्डमदेखि गैरकानुनी गतिविधि हुने गरेको खुलासा गरेका थिए। १८ कैदीबन्दीको अन्यन्त्र सरुवाको माग अघि सारिएको थियो।

बुधबार फेरि दुई समूहबिच भएको विवाद झडपमा परिणत हुँदा पाँच कैदीबन्दी घाइते भएका छन्। कारागार स्रोतका अनुसार लागुऔषध र अन्य मुद्दावाला कैदीबन्दीबिच कारागारभित्र कारोबारको विषयमा विवाद उत्पन्न हुँदा पाँच कैदी घाइते भएका हुन। घाइते हुनेमा राजु दमाई, भुवन नाथ, आयुश बम, भुवन ऐर, प्रकाश घडेरी छन्। उनीहरूको महाकाली अस्पतालमा उपचार भइरहेको छ।

कञ्चनपुर कारागार प्रमुख हेमन्त साउदले दुई समूहबिच आपसी वादविवाद कुटपिटमा परिणत भएको बताइन्। घटनाको मुख्य कारण नखुले पनि लागुऔषध मुद्दा र अन्य मुद्दा खेपिरहेका कैदीबन्दीबिच असमझदारीले विवाद उत्पन्न हुने गरेको उनको भनाइ छ। साउदले घाइतेहरू अस्पतालबाट फर्किएपछि घटनाको यथेष्ट कारण पहिचान गरेर समाधानका लागि पहल गरिने बताइन्।

कञ्चनपुरका प्रमुख जिल्ला अधिकारी मदन कोइरालाले दुई समूहबिचको आपसी विवादले झडप भएको बताए। उनले कारागारभित्र झैझगडा गर्नेहरूलाई अन्यन्त्र सारिने बताए। यसअघि कारागारमा टेकराज जोशी मुख्य नाइके थिए। जोशी छुटेपछि शृंखलाबद्ध बबन्डर मच्चिएर कारागार युद्धमैदान बन्ने गरेको छ। ११० दिनमा तेस्रोपटक झडप भएपछि कारागारको सुरक्षा व्यवस्था कडा पारिएको छ।

संक्षेप

काठमाडौंका म्रेस्तेदार कैलालीका न्यायाधीश नियुक्त

काठमाडौं/ जिल्ला अदातल काठमाडौंका म्रेस्तेदार तीर्थराज भट्टराई न्यायाधीश नियुक्त भएका छन्। बुधबार बसेको परिषद् बैठकले भट्टराईलाई जिल्ला अदालत कैलालीको न्यायाधीश नियुक्त तथा पदस्थापनको निर्णय गरेको परिषद् प्रवक्ता रामप्रसाद भट्टराईले बताए। बैठकले उच्च अदालत विराटनगरका न्यायाधीश राज्यलक्ष्मी बज्राचार्यलाई उच्च अदालत अस्थायी इजलास ओखलढुंगामा काजमा खटाएको छ। सैनिक विशेष अदालतको अध्यक्ष पदका लागि समेत बैठकले नेपाल सरकारलाई परामर्श दिएको छ। उच्च अदालत पाटनका न्यायाधीश चन्द्रबहादुर सारूलाई अदालतको कामकाजसमेत गर्ने गरी तोक्न परामर्श दिने निर्णय गरेको हो। 'काठमाडौं उपत्यका विकास प्राधिकरणको निर्णयउपर पुनरावेदन सुन्ने समितिको अध्यक्ष पदमा उच्च अदालत पाटनका न्यायाधीश टंकप्रसाद गुरुङलाई अदालतको कामकाजसमेत गर्ने गरी तोक्न नेपाल सरकारलाई परामर्श दिने,' निर्णयमा भनिएको छ। हाल न्याय परिषद्को नेतृत्व कायममुकायम प्रधानन्यायाधीश सपना प्रधान मल्लले गर्दै छिन्। संघीय कानुनमन्त्री सोविता गौतम सदस्य छिन्। वरिष्ठतम न्यायाधीश कुमार रेग्मी तथा वरिष्ठ अधिवक्ताहरू दामोदर खड्का र महेशकुमार नेपाल सदस्य छन्। बैठकले उच्च अदालत जनकपुरका न्यायाधीश श्यामकुमार भट्टराईलाई राष्ट्रिय न्यायिक प्रतिष्ठानमा काजमा खटाउनसमेत सिफारिस गरेको छ।

घरगोठमा आगलागी हुँदा ८० लाखबराबरको क्षति

धादिङ/ त्रिपुरासुन्दरी गाउँपालिका- ३, ओडारेमा आगलागी हुँदा ८० लाखबराबरको क्षति भएको छ। ओडारेका जीवन थापामगरको घर र बाख्रा फाराममा लागेको आगोले ७९ वटा बाख्रासहित कुखुरालगायत धनमाल जलेर नष्ट भएको जिल्ला प्रहरी कार्यालय धादिङका प्रहरी नायब उपरीक्षक प्रकाश दाहालले बताए। उनका अनुसार आगलागीबाट मगरको तीन तलाको घर, गोठसहित ७९ वटा बाख्रा, गाईको बाच्छी एउटा, २५ वटा कुखुरा, दुई तोला सुन, दुई लाख नगद, दुईवटा फ्रिज, काठ काट्ने मेसिन, खाद्यान्नलगायत सामग्री जलेर नष्ट भएका छन्। विद्युत् सर्ट भई आगलागी भएको र करिब ८० लाखबराबरको क्षति पुगेको प्रारम्भिक अनुसन्धानले देखाएको प्रहरी नायब उपरीक्षक दाहालले बताए। थापा परिवारलाई गाउँपालिकाले तत्कालका लागि आवश्यक राहत सामग्री उपलब्ध गराएको छ। गाउँपालिकाका तर्फबाट खाद्यान्न, लत्ताकपडा, वासका लागि टेन्ट (पाल), ग्यास चुलो, सिलिन्डर र भान्छाका लागि आवश्यक भाँडाकुँडा हस्तान्तरण गरेको छ।

बागमती प्रदेश सभामा दुई विधेयक टेबुल

मकवानपुर/ बागमती प्रदेश सभाको बुधबारको बैठकमा आर्थिक व्यवस्थापन, खानेपानी तथा यातायातसँग सम्बन्धित विषय टेबुल गरिएका छन्। आर्थिक मामिला तथा योजनामन्त्री प्रभात तामाङले 'प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८२' सभामा टेबुल गरे। यस्तै, खानेपानी, ऊर्जा तथा सिँचाइमन्त्री कृष्णकुमार तामाङले 'प्रदेश खानेपानी तथा सरसफाइ सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८२' टेबुल गरेका छन्। प्रदेश मामिला समितिका सभापति छिरिङदोर्जे लामाले 'प्रदेश सवारी तथा यातायात व्यवस्था ऐन, २०७६' सम्बन्धी उत्तरविधेयकी परीक्षण प्रतिवेदन सभामा पेस गरे। आगामी छलफलका लागि मार्गप्रशस्त गर्दै उपसभामुख अप्सरा चापागाईंले प्रदेश सभाको अर्को बैठक बिहीबार बिहान ११ बजे बस्ने गरी आह्वान गरेकी छिन्। बैठकमा सांसदहरूले संघीय सरकारको कार्यशैलीप्रति असन्तुष्टि जनाउँदै प्रदेशलाई संवैधानिक अधिकार दिन केन्द्र सरकारले कन्जुस्याइँ गरेको आरोप लगाएका छन्। उनहरूले संघीय सरकारको कार्यशैलीलाई 'हस्तक्षेपकारी' भन्दै आलोचना गरे। संघीयताको मर्मअनुसार प्रदेशलाई अधिकार हस्तान्तरण गर्न र जनसरोकारका विषयमा गम्भीर बन्न केन्द्र सरकारलाई सांसदहरूले आग्रह गरेका छन्। कांग्रेस सांसद रामकृष्ण चित्रकारले अन्तर्राष्ट्रिय बजारको बहाना बनाएर संघीय सरकारले पेट्रोलियम पदार्थमा अत्यधिक कर लगाएर नागरिकमाथि आर्थिक भार थोपरेको आरोप लगाए। प्रतिलिटर पेट्रोलियम पदार्थमा विभिन्न शीर्षकमा झन्डै ६५ रुपैयाँ कर असुली भइरहेको छ। 'संकटका बेला कर छुट दिएर इन्धन सस्तो बनाइदिएको भए जनताले राहत पाउने थिए,' उनले भने, 'तर केन्द्र सरकार नाफा कमाउने मानसिकतामा देखिएको छ।'

नयाँ शैक्षिक सत्रबाटै गेटामा चिकित्सा शिक्षाको पढाइ

धनगढीमा **तेजराज भट्ट**



शिक्षामन्त्री सस्मित पोखरेलले कैलालीको गेटास्थित सहिद दशथरथ चन्द स्वास्थ्य विज्ञान विश्वविद्यालयमा आगामी शैक्षिक सत्रमा चिकित्सा शिक्षाको पठनपाठन सुरु हुने बताएका छन्। उनले यो विश्वविद्यालय सञ्चालनलाई सरकारले उच्च प्राथमिकतामा राखेको बताए।

'शिक्षा र स्वास्थ्य सरकारको प्राथमिकतामा छ। त्यसमाथि गेटा उच्च प्राथमिकतामा रहेकाले आगामी शैक्षिक सत्रबाट यहाँ कुनै पनि हालतमा पठनपाठन सुरु गर्छौं,' बुधबार गेटामा बसेको विश्वविद्यालयको सभापछि पोखरेलले भने, 'त्यसका लागि आर्थिक पाटोले अप्ठेरो नहोस् भनेर प्रधानमन्त्रीले निर्देशन दिइसक्नुभएको छ।'

सुदूरपश्चिममा अस्पतालदेखि चिकित्सा शिक्षाको अभाव रहेकाले सरकारले गेटामा विश्वविद्यालय सञ्चालनलाई प्राथमिकतामा राखेको उनले बताए। विश्वविद्यालयका सहकुलपतिसमेत रहेका मन्त्री पोखरेलको अध्यक्षतामा विश्वविद्यालय सभा बसेको हो। विश्वविद्यालयका यसअघिका चारवटा सभा काठमाडौंमा बसेकोमा बुधबार पहिलोपटक गेटामा बसेको हो।

विश्वविद्यालयका उपकुलपति प्रा.डा. सुनिलकुमार जोशीले आगामी शैक्षिक सत्रमा चारवटा विधामा पठनपाठनका लागि चिकित्सा शिक्षा आयोगसँग अनुमति माग गरिएको जानकारी दिए। उनले एमबिबिएसमा ५० सिट, बिएस्सी नर्सिङमा ३० सिट तथा बिएस्सी एमएलटी र बी अप्टोमेट्रीमा २०/२० सिटको अनुमति मागेको बताए।

आउँदो शैक्षिक सत्रमा यी कार्यक्रम कसरी सञ्चालन गर्ने भन्ने विषयमा सभामा छलफल भएको जोशीले बताए। 'विश्वविद्यालयका तीन क्षेत्र चिकित्सा सेवा, शिक्षा र अनुसन्धानलाई कसरी अगाडि लैजाने भन्ने विषयमा छलफल भयो,' उनले भने, 'अर्को वर्षबाट शैक्षिक पठनपाठन सुरु गर्छौं।' त्यस्तै तीन सय सय्याको शिक्षण अस्पताल सञ्चालन गरिने उनले बताए। विश्वविद्यालय सभाका सदस्य गोदावरी नगरपालिकाका प्रमुख वीरेन्द्र भट्टले आगामी वर्ष शिक्षण अस्पताल सञ्चालनसँगै पठनपाठन सुरु गर्ने निर्णय सभाले गरेको बताए। सभाले चालू वर्षको लागि विश्वविद्यालयको ४९ करोडको बजेट पारित गरेको छ।

विवादपछि कर्णाली प्रदेश सभाका सचिवले दिए राजीनामा

सुर्खेतमा **रमेश रावल**



जीवराज बुढाथोकी

विवादमा तानिएपछि कर्णाली प्रदेश सभाका सचिव सचिव जीवराज बुढाथोकीले राजीनामा दिएका छन्। ६५ वर्ष हदम्याद नाघेपछि सचिवमा रहेको, श्रीमतीलाई निजी सचिव नियुक्त गरेको, दोहोरो सुविधा लिएको आरोपपछि पदबाट राजीनामा दिएका हुन्।

राजीनामा पत्र प्रदेश प्रमुखको कार्यालयमा बुझाएको प्रदेश प्रमुखको कार्यालयका उपसचिव पदमलाल लामिछानेले बताए। बुढाथोकीको राजीनामा स्वीकृत हुने प्रक्रियामा रहेको उनले बताए। दोहोरो सुविधा लिएको, सार्वजनिक कोषको दुरुपयोग गरेको र नियमावली उल्लंघन गरेको भन्दै सचिव बुढाथोकीमाथि अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा पटक-पटक उजुरी परेको थियो। त्यस्तै, निजी सचिवमा श्रीमती नियुक्त गरी तलब लिएको विषय सार्वजनिक भएपछि विवाद झन् बढेको थियो।

१२ जेठ ०७६ मा प्रदेश सचिव नियुक्त भएका बुढाथोकी १३ जेठ ०८१ मा दोस्रोपटक सोही पदमा दोहोरिएका थिए। उनले आफ्नै श्रीमतीलाई निजी सचिव राखेको पाइएको छ। सचिव बुढाथोकी प्रदेश सभा सचिवालयमा नियुक्त भएयता उनले श्रीमती रुक्मिना बुढाथोकीको नाममा मासिक ३४ हजार ७३० रुपैयाँ तलब भुक्तानी हुने गरेको प्रदेश सभा सचिवालयले जानकारी दिएको छ। उनले श्रीमतीलाई निजी सचिवमा राखेर २५ लाख ५६० रुपैयाँ बुझेका थिए। आफूमाथि दोहोरो सुविधा लिएको आरोप लागेपछि उनले ३१ लाख ६९ हजार ९२३ रुपैयाँ फिर्ता गरेका थिए। रकम फिर्ता गरेसँगै उनी तेस्रोपटक सचिव बन्ने दाउमा थिए। दोहोरो सुविधा लिएको आरोपमा अख्तियार उजुरी परेपछि उनले पैसा फिर्ता गरेका हुन्।

त्यस्तै, प्रदेश सभा सचिवमा नियुक्ति पाएका बुढाथोकीले उमेरहद ६५ वर्ष पूरा हुँदा पनि पदत्याग गर्न मानेका थिएनन्। ४ चैत ०१७ मा जन्मिएका बुढाथोकी १२ जेठ ०७६ मा प्रदेश सभाको सचिवमा नियुक्त भएका थिए। उनले १३ जेठ ०८१ मा दोस्रो नियुक्ति पाएका हुन्। उनी ४ चैत ०८२ मा ६५ वर्ष पूरा भएका थिए। ०७५ मा जारी प्रदेश सभा सचिवालयसम्बन्धी ऐनको दफा ८ को खण्ड (घ)मा सचिवको योग्यता ४० वर्ष पूरा भएको र ६५ वर्ष ननाघेको हुनुपर्ने उल्लेख छ, तर सचिव बुढाथोकीको उमेरहद ६५ वर्ष पूरा भएको २० दिनभन्दा बढी भइसकेको थियो।

३४ वर्षदेखि बिदेसिएको छोराको प्रतीक्षामा होमकला

रोजगारीका लागि भारत गएको छोरा सम्पर्कविहीन, एक दिन ढोका ढकढक्याउँदै आइपुग्ने विश्वास

बागलुङमा **नारायण रिजाल**

हातमा छोराको फोटो लिएर हरेक निकायमा खोजी गरिरहिन आग्रह गर्दै होमकला दमाईं भौंतारिएको तीन दशकभन्दा बढी भइसक्यो। बागलुङको जैमिनी नगरपालिका- २, दमेककी ७४ वर्षीया होमकलाको जेठो छोराको यादमा सायद कहिल्यै आँखा ओभाना भएनन्। हरेक दिन घरनजिकैको बाटोमा ओहोरदोहोर गर्ने हरेक अनुहारमा उनी आफ्नो हराएको छोराको झल्को खोजिरहेकी हुन्छिन्।

१८ वर्षको कोमल उमेरमा रोजगारीको सपना बोकेर भारत हिँडेका छोरा बलबहादुर परियार आजसम्म घर फर्किएका छैनन्। समयले ३४ वर्ष पार गरिसक्यो, तर होमकलाको प्रतीक्षा अझै उस्तै छ। '०३० मा जन्मिएको छोरा भर्खरै विवाह गरेर घरको अवस्था सुधार्ने सोचले बिदेसिएको थियो,' उनले भनिन्, 'त्यो जिउँदो छ कि छैन, केही थाहा छैन, तर मेरो मनमा अझै आशा छ- एक दिन ढोका ढकढक्याउँदै आइपुग्नेछ।' छोरा लामो समय नफर्किएपछि उनले आफ्नो मन कठोर बनाएर बुहारीलाई दोस्रो विवाह गर्न प्रेरित गरिन्। 'छोरा आएन बुहारीलाई छोरीझैं अर्कैसँग बिहे गर्न लगाएँ, त्यसको घरजम राम्रोसँग चलेको छ, त्यसमा मलाई खुसी छ,' उनी भन्छिन्, 'तर, मेरो मनको खाली ठाउँ कसले भर्ने ?'

❙ भारतसम्म पुगे, तर कहीं भेटेनन्

छोराको खोजीमा उनी र श्रीमान् भारतसम्म पुगे, तर कहीं पनि सुराक भेटिएन। निराश भएर फर्किएका उनको जीवनमा अर्को पीडा थपियो, छोराको प्रतीक्षा गर्दैगर्दै उनका श्रीमान् पनि संसारबाट बिदा भए। अहिले न श्रीमान् छन्, न छोरा फर्किएर आउँछन्।

अहिले उनको साथमा कान्छो छोरा छन्, जो भारतको मद्रासमा काम गर्छन् र वेलावेलामा घर आउँछन्। छोरीको विवाह भइसकेको छ, घरमा कान्छी बुहारी र नातिनातिनाको चहलपहल पनि छ, तर यी सबैबिच पनि होमकलाको मनको एउटा कुनामा सधैं एउटै अभाव गुज्जिरहन्छ, घर छाडेर नफर्किएका जेठो छोरा मिठेको। 'आस मरेको छैन,' उनले भनिन्, 'सास रहुन्जेल बाटो हेर्नेछु मेरो छोरा फर्किने दिनको प्रतीक्षामा छु।'

आफ्नो छोराको खोजीका लागि उनी स्थानीय जनप्रतिनिधि र नगरपालिकामा रहेको आप्रवासी



स्रोत केन्द्रसमेत पुगेकी छिन्। त्यहाँबाट सम्बन्धित निकायमा खोजीकार्यका लागि प्रयास थालिएको जैमिनी नगरपालिकाका उपप्रमुख हरिहर शर्माले जानकारी दिए। उनका अनुसार विभिन्न निकायमा होमकलाको अपिलअनुसार बलबहादुरको विवरण पठाएको र खोजीकार्यका लागि नगरपालिकाले समन्वय गरेको छ। जैमिनी नगरपालिकाबाट बलबहादुरसहित विभिन्न देशमा गएर बेपत्ता यस वर्ष तीनजनाको खोजीकार्यका लागि विभिन्न निकायमा अपिल गरिएको स्रोत केन्द्रका मनोसामाजिक परामर्शकर्ता सुनिता आचार्यले बताइन्।

❙ पाँचजना बेपत्ता, नौजना उद्धार गर्नुपर्ने

बागलुङमा यस वर्ष मात्र पाँचजना बेपत्ता भएको र नौजना उद्धार गर्नुपर्ने विवरण थियो। त्यसमध्ये ६ जनाको उद्धार भइसकेको र तीनजना परिवारमा सम्पर्कमा आएको आप्रवासी स्रोत केन्द्र बागलुङका सूचना तथा परामर्शकर्ता गंगा शर्माले जानकारी दिइन्। वैदेशिक रोजगारीमा गएर हराएका, मृत्यु भएका र रोजगारीको सिलसिलामा जाँदा ठगिएकालाई स्रोत केन्द्रले उद्धार गर्दै आएको छ।

जनजाति महासंघमा दलीय भागबन्डाको असर

जहिलेदेखि दलका झोला बोक्नेले जातीय संस्थामा कब्जा जमाए, तहिलेदेखि नै आदिवासी जनजाति आन्दोलन कमजोर हुँदै गएको हो



● मोहन गोले तामाङ

अग्रलेख

आदिवासी जनजातिको छाता संगठन नेपाल आदिवासी जनजाति महासंघको महाधिवेशन हुँदै गर्दा 'झोले' शब्द निकै चर्चामा रह्यो । हुन त 'झोले' शब्द यसअघि राजनीतिक वृत्तमा पनि चर्चाको विषय बनेको थियो । एमालेभित्र त 'म पनि झोले हुँ' भन्ने सामाजिक सञ्जालमा छ्यापछ्याप्ती अभियान नै चल्यो । पछिल्लोपटक नेपालको राजनीतिक पार्टी र आदिवासी जनजाति संघसंस्थामा समेत यो 'झोले' शब्द बढी नै प्रयोगमा आयो । आदिवासी जनजाति आन्दोलनमा यसको प्रयोग र सान्दर्भिकता के हो ? मैले यही प्रसंगमा यो आलेख केन्द्रित गरेको छु । यस सन्दर्भमा 'झोले' शब्दबारे मैले एआईसँग जिज्ञासा राख्दा यसरी परिभाषित गऱ्यो-

'झोले' भन्ने शब्द नेपाली बोलिचालीमा 'झोला बोक्ने मान्छे' भन्ने साधारण अर्थमा प्रयोग हुन्थ्यो । तर, अहिले यो शब्दको अर्थ राजनीतिक र सामाजिक सन्दर्भमा निकै फरक र नकारात्मक भएको छ । अहिलेको सन्दर्भमा राजनीति वा संस्थागत क्षेत्रमा 'झोले' भन्नाले प्रायः यस्तो व्यक्तिलाई जनाइन्छ, कुनै नेता, पार्टी वा संगठनको अन्ध समर्थन गर्ने, आफ्नो स्वतन्त्र विचार नराख्ने, स्वार्थका लागि नेताको पछि लाग्ने, नेताको गलत कामलाई पनि सही भनेर बचाउ गर्ने र फाइदा (पद, पैसा, पहुँच) पाउन नजिक रहनेलाई भनिन्छ । सरल भाषामा 'आफ्नो सोचभन्दा बढी अरूको पछि लाग्ने, स्वार्थका लागि चाकडी गर्ने व्यक्ति'लाई 'झोले' भनिन्छ । 'झोले' पहिले त नेताहरूको पछि लागेर झोला बोक्ने कार्यकर्ता हुन्थे । बिस्तारै त्यो व्यवहारलाई प्रतीकात्मक रूपमा 'चाकडी गर्ने' 'अनुयायी मात्रै हुने' भनेर बुझिन थालियो । त्यसैले 'झोले' शब्दको अर्थ बदलिँदै गयो । निष्कर्षमा एआईले अन्ध समर्थक, स्वार्थी अनुयायी र स्वतन्त्र सोच नभएका व्यक्ति 'झोले' हुन् भन्यो ।

मैले यो प्रसंग किन जोड्दै छु भने गत चैत ६-७ मा काठमाडौंको स्वयम्भूमा आदिवासी जनजाति महासंघको एघारौँ राष्ट्रिय महाधिवेशन सम्पन्न भयो । महाधिवेशनले इतिहासमै पहिलोपटक आदिवासी जेन-जी समूहको अवरोध सामना गर्नुपऱ्यो । जेन-जीहरूको एउटा माग महासंघमा पार्टीका 'झोले' नियुक्त गर्ने प्रक्रिया अन्त्य गरियोस् भन्ने थियो । यसका लागि उनीहरूले पद बाँडफाँड गर्न नेताहरू बसेको होटेलदेखि बन्दसत्र हलसम्ममा अवरोध गरे । विगतमा पार्टीहरूले नेतृत्व चयनमा हस्तक्षेप गरे भन्ने बजारमा चर्चा चल्थ्यो र सामसुम हुन्थ्यो, तर यसपटक भने अवरोधकै सामना गर्नुपऱ्यो । तर, जेन-जीको अवरोधबिच यसपटक पनि दलीय भागबण्डामै नेतृत्व चयन गरियो । देशभरबाट आएका जातीय संस्थाका प्रतिनिधिलाई चिट दिएर खुरुखुरु भोट हाल्न लगाइयो । पार्टी र गुटको 'डिएनए' नमिल्नेलाई स्थान दिइएन । विगतका कैयौँ अध्यक्षदेखि वर्तमान अध्यक्षसम्म आइपुग्दा नेतृत्व चयन प्रक्रियामा दलले हस्तक्षेप गर्दै आएका छन् । त्यसैवेलादेखि महासंघलाई दलका कार्यकर्ता व्यवस्थापन गर्ने भर्तीकेन्द्र बनाइयो । त्यसपछि आन्दोलन पनि ओह्रालो लाग्न थाल्यो । महासंघको नेतृत्व चयनमा कांग्रेस, एमाले, माओवादी र जसपासम्मले भागशान्तिमा पद बाँडफाँड गर्दै आएको देखिन्छ ।

सायद जेन-जीको मागबारे समयमै सहज निकास नखोजिएको भए बन्दसत्र स्थलमा स्थितिले अर्कै मोड लिन पनि सक्थ्यो । जसका लागि महासंघका पूर्वअध्यक्ष गेल्जे शेर्पाको अनुरोधमा पंक्तिकारले पनि सहजीकरणको प्रयास गऱ्यो । जसअनुसार महासंघको सर्वोच्च अंग राष्ट्रिय महाधिवेशनले ६ बुँदे विशेष प्रस्ताव पारित गऱ्यो । र, दुवै पक्षको सहमतिमा अवरोध हटाएर नेतृत्व चयन सहजतासाथ सम्पन्न गरियो । केहीलाई लागेको होला, यसपटकको माघको जाडो त टऱ्यो । तर, यो एक माघको जाडो छल्न मात्र ल्याइएको विशेष प्रस्ताव होइन । महासंघको उच्च अंग सम्मानित बन्दसत्रबाट विशेष अवस्थामा पारित भएको यो विशेष प्रस्ताव बाध्यकारी हुनेछ । जुन प्रस्ताव कार्यान्वयनबाट महासंघको वर्तमान नेतृत्व र हस्ताक्षरकर्ताको नाताले जातीय संस्थाहरू भाग्न मिल्दैन । भाग्न खोजिए अर्को दुर्घटना हुन सक्छ ।

खासगरी महासंघको उद्घाटन समारोहका प्रमुख अतिथि बागमती प्रदेशका मुख्यमन्त्री इन्द्र बानियाँले आफ्नो मन्तव्य राख्ने क्रममा जनजाति, मधेशी, दलित, मुस्लिमलाई अधिकार बढी नै दिइएको र गणतन्त्र नै गलगाँड भएको जस्ता गैरजिम्मेवार अभिव्यक्ति दिए । एउटा प्रदेशका मुख्यमन्त्रीले यसरी नेपाली जनताको बलिदानीपूर्ण संघर्षबाट प्राप्त व्यवस्थाविरुद्ध बोल्नु कति जायज होला ? आयोजकले बुद्धि पुऱ्याएको भए महासंघकै पूर्वसंस्थापक सुरेश आलेदेखि परशुराम तामाङसम्मका आदिवासी जनजाति अगुवामध्ये एकलाई प्रमुख अतिथि बनाउन पनि सकिन्थ्यो ।



आखिर आदिवासी जनजाति आन्दोलन किन यति धेरै कमजोर भयो ? यसको पछाडि मुलुकको बदलिँदो समसामयिक राजनीतिक परिस्थिति पनि जिम्मेवार होला । तर, बाह्य कारणभन्दा पनि आन्तरिक कारण खोज्नु नै वैज्ञानिक हुनेछ । किनकि, जबसम्म आन्तरिक तत्त्वमा खराबी आउँदैन, त्यो समयसम्म बाह्य तत्त्वले प्रवेश नै पाउँदैन । आन्तरिक पक्ष कमजोर भएपछि नै बाहिरियाले खेल्ने हो । जेन-जी विद्रोह हुँदै प्रतिनिधिसभा निर्वाचन परिणाम घोषणासम्म आइपुग्दा मुद्दाको हिसाबले सदनमा आदिवासी जनजाति आवाज झनै कमजोर हुने देखिन्छ । जनजाति दिवस र चाडपर्वमा बाहेक अधिकार र पहिचानको आवाज खोज्दा सडक सुनसान नै छ भन्दा पनि हुन्छ । त्यसैले पनि हामीले आफ्नै आन्तरिक कारणबारे मिहीन ढंगले बहस गर्नुपर्छ । जनजाति महासंघकै कार्यक्रममा आएर प्रमुख अतिथिले जनजातिविरोधी कुरा गर्नु सामान्य विषय होइन । कुनैवेला कसैले यस्तो बोल्यो भने जनजातिहरू ठाउँका ठाउँ जाइलाग्थे । तर, यसपालिका प्रमुख अतिथिले यसरी धाराप्रवाह बोलिरहँदा हलमा तालीले स्वागत भइरह्यो । जनजाति आन्दोलन यो हदसम्मको निरीह अवस्थामा कसरी पुग्यो ? यसलाई खोज्दै जाँदा अहिले प्रयोगमा आएको 'झोले' शब्दसम्म 'कुरोको चुरो' जोडिन पुग्छ ।

> आदिवासी आन्दोलनमा दलीय भागबन्डा रोक्न यसविरुद्ध खबरदारीले मात्रै पुग्दैन, आदिवासी जनजातिसम्बद्ध संघसंस्थामा यस्तो दलीय भागबन्डा छिर्नै नसक्ने गरी 'बन्ध्याकरण' गर्नुपर्छ, तब मात्र आदिवासी आन्दोलन उठ्नेछ

आदिवासी जनजाति महासंघदेखि जातीय संस्थासम्मको नेतृत्व हत्याउन खेलबाड गरिरहने जनजातिभित्र एउटा तह अर्थात् वर्गका मान्छे छन् । आर्थिक हिसाबले यस तहका मान्छेको घरपरिवार ठिकैसँग चलिरहेको हुन्छ । उनीहरू चियाचमेनादेखि अन्य 'खानपिन'सम्मका बिल तिर्न सक्छन् । कामको हिसाबले यतिसम्मको जीवन बाँच्न कठोर श्रम पनि गर्नुपर्दैन । चेतनाको हिसाबले कम्युनिस्टको शब्द सापटी लिएर भन्नुपर्दा यी 'पेटी बुर्जुवा' हुन् । जो आफ्नो स्वार्थका लागि जता पनि लाग्न सक्छन् । यसले पार्टीमा सशक्त भूमिका खेल्न त सक्दैन तर गोजीमा कुनै न कुनै आकारको चौवन्नी या क्रियाशील सदस्यता चेपेको हुन्छ । आवश्यकताअनुसार ऊ त्यही सदस्यता पत्र निकालेर पार्टीसँग बार्गेनिङ गर्छ । पद नपाउँदा रोइकराइ, लडिबुडी सबै गर्छ । म घेदुङको नेतृत्वमा आएको विगत १० वर्षदेखि हेरिरहेको छु- काठमाडौंमा आयोजना हुने राजनीतिक पार्टीदेखि टोले संस्थासम्मका सबै कार्यक्रममा यो वर्गको एउटै मान्छे पुगिरहेको हुन्छ । उसलाई भ्याइनभ्याइ छ । मञ्चमा ठुलो आसनदेखि खादामाला उसैले पहिरिन्छ । माइक समातेर भाषण गर्नु उसैलाई पर्छ । यसकै लागि पनि उसलाई सामाजिक संस्थाको कुनै न कुनै 'प्लेटफर्म' चाहिन्छ ।

खासमा यो आधा पेटको प्रतिनिधित्व गर्ने वर्ग हो । यस्तो वर्ग कहिल्यै अघाउँदैन । उसको असन्तुष्टि फगत आधा पेट छचल्किएको मात्र हो । जसको पेट टम्म अघाएको छ भने ऊ बोल्दैन । कि त पूरै खाली छ भने 'खाइसार कि लाइसार, मरेपछि लम्पसार' भनेजस्तो ऊ हलचल नगरी सडकमा लमतन्न परेर सुत्छ, सकियो । यस्तो वर्गको जहाँ पनि गुनासा मात्रै हुन्छन् । पार्टीमा गयो भने 'फलाना नेताले यसो गऱ्यो, उसो गऱ्यो' मात्रै भन्छ । सामाजिक संस्थामा पनि 'अध्यक्षले यो गरेन, त्यो गरेन' भनेर गुनासा र असन्तुष्टिको चाङ सुनाउने यही वर्ग हो । यो वर्गले नाफाजति आफ्नो खातामा हाल्छ र घाटाजति अर्काको खातामा हालेर पन्छिन्छ । कार्यक्रममा सधैँ आफू चोखो र ओभानो बनेर प्रस्तुत हुन्छ । आत्मसमीक्षा भन्ने उसको शब्दकोशमै हुँदैन ।

एआईले गरेको 'झोले'को परिभाषासँग ठ्याक्क मिल्छ या मिल्दैन थाहा छैन, तर मेरो विचारमा यही वर्गलाई अहिलेको चलनचल्तीको भाषामा 'झोले' भन्ने शब्दले सम्बोधन गरिएको हो । योसँग समुदायको क्रान्तिलाई अन्तिम निष्कर्षमा पुऱ्याउने समर्पित भावना अर्थात् दृढ इच्छाशक्ति हुँदैन । 'झोले'लाई आफ्नो आधा भरिएको 'झोलीतुम्बा' भर्न पाए पुग्छ । यसले समुदायका मुद्दा पार्टीमा लगेर स्थापित गराउनुपर्नेमा पार्टीको मुद्दा सामुदायिक संस्थामा ल्याएर हुल्न खोज्छ । आदिवासी जनजातिका चाडपर्व, उँधौली-उँभौली, ल्होसार, माघी आदिमा धर्ती नै फाट्ने गरी भाषण गर्छ । तर, पार्टीमा पुग्यो भने चुँक्क बोल्दैन । निर्वाचनको समयमा आदिवासी जनजाति उम्मेदवारलाई हराउन पहिचानविरोधीको झोला बोक्ने वर्ग पनि यही हो ।

त्यसैले, जुन समयदेखि यो 'झोले' वर्गले जातीय संस्था कब्जा गऱ्यो, त्यसपछि नै आदिवासी जनजाति आन्दोलन कमजोर हुँदै गएको हो । यो अझ थप कमजोर हुनेछ । किनकि, जनजाति महासंघदेखि जातीय संस्थासम्ममा यही वर्गका मान्छे ठेलमठेल र अटेसमटेस गरेर बसेका छन् । यता (संस्था) को खाएर उता (पार्टी) को महिमागान गाउनु उनीहरूको दिनचर्या हो । महाधिवेशनमा पद हत्याउन मात्रै होइन, अहिले त कुनै कार्यक्रममा बोल्नेदेखि सहभागी हुनेसम्मको कुरामा पार्टीगत आधारमा भागबन्डा गर्नुपर्ने स्थिति बनेको छ । एउटा पार्टीको 'झोले'लाई बोल्न दियो, अर्को 'झोले'लाई बोल्न दिइएन भने अध्यक्षमाथि नै गिद्दे दृष्टि लगाइन्छ । यो हविगत त म आफैंले भोगेको छु । यसको अर्को सबैभन्दा खराब कर्म के हो भने यसले तलको जनतासँग सहजै जोडिन पनि दिँदैन । आदिवासी जनजाति अभियन्ताले पढाउनुपर्ने, उठाउनुपर्ने तलको 'लेयर'लाई हो । यही लेयर ब्युँझिएपछि मात्रै आन्दोलन उठ्छ । तर, कतै कुनै कार्यक्रममा प्रशिक्षण राख्यो भने 'झोले' वर्गले अनेक चियोचर्चो गर्न थालिहाल्छ । त्यसैले, हाम्रो मुद्दा आदिवासी जनजातिको आन्दोलन उठाउने सक्कली लेयरमा सिञ्चन भएकै छैन । यही 'झोले' वर्गमा जाम भएर बसेको अवस्था छ । अब यसलाई खबरदारीले मात्रै पुग्दैन । आदिवासी जनजाति संघसंस्थामा छिर्नै नसक्ने गरी बन्ध्याकरण गर्नुपर्छ । तब मात्र आन्दोलन उठ्नेछ ।

(तामाङ नेपाल तामाङ घेदुङका केन्द्रीय अध्यक्ष हुन्)

---

३ प्रश्न

शिक्षाविद्
प्राडा विद्यानाथ कोइरालालाई



सरकारले ल्याएको निजी विद्यालयसम्बन्धी मापदण्ड कस्तो छ ?

निजी विद्यालय कम्पनी ऐनअनुसार दर्ता भएका छन् । यस्तोमा उनीहरूलाई नियमन गर्ने कि खुला छाड्ने भन्नेबारे पहिले प्रस्ट हुनुपर्छ । चाउचाउको मूल्य कति राख्ने भनेर सरकारले तोक्दैन, उद्योगीले नै तोक्छ । उसको उत्पादनको गुणस्तरमा नियमन मात्र गर्छ सरकारले । यतिखेर विद्यालय शिक्षाको जिम्मा संविधानले पालिकालाई दिएको छ । यस्तोमा विद्यालयसम्बन्धी निर्णय पालिका या संघीय सरकार कसले गर्ने हो ? हुनेखानेले सन्तानलाई आफूले चाहेको विद्यालयमा पठाउँछन् भने छाडिदिँदा केही फरक पर्दैन । केवल राज्यले संवाद गरी निजी विद्यालयसित सहकार्यको बाटो अपनाउनुपर्छ । निजी बैंकले नाफा कमाउन पाउँछन् भने निजी विद्यालयले चाहिँ पाउँदैनौ भन्न मिल्दैन । बैंकहरूलाई झैं विद्यालयलाई पनि सामाजिक उत्तरदायित्वमा बाँध्न सकिन्छ । जनतालाई ठग्न पाइन्न, यति प्रतिशतभन्दा बढी नाफा लिन पाइन्न भनेर तोकेर जान सकिन्छ ।

निजी विद्यालय सञ्चालक त ०७८ को शुल्क निर्धारण मापदण्डले गर्दा आफूहरूलाई ठुलो मर्का पर्छ भन्छन् नि ?

निजी विद्यालयका पनि आफ्नै दुःख छन् । सरकारले निश्चित विधि र प्रक्रियाअनुसार मापदण्ड बनाइदिनुपर्छ । ०७८ यता प्रतिवर्ष मुद्रास्फीति कति भयो ? विद्यालयको खर्च कति बढ्यो ? शिक्षक, कर्मचारीको सेवा-सुविधा कहाँ पुग्यो ? यी सबै पक्षमा पनि सरकारले ध्यान दिनुपर्छ । निजी विद्यालयले दुःख पनि गरेका छन् र नाफा पनि कमाएका छन् । तर, त्यसो भन्दैमा नियमन नै नगर्ने, फुक्काफाल छाड्ने भन्नेचाहिँ होइन ।

देशलाई निजी विद्यालय आवश्यक छ कि छैन ?

यतिखेर देशभर झन्डै ३० प्रतिशतभन्दा बढी विद्यार्थी निजीमा छन् । सहरी क्षेत्रमा त झन्डै ६२ प्रतिशत विद्यार्थी निजीमा छन् । यस्तोमा निजी विद्यालय बन्द गर्ने बाटोमा जाने हो भने ती विद्यार्थीलाई कहाँ राख्ने, त्यहाँका शिक्षक, कर्मचारीलाई कसरी र कहाँ रोजगारी दिने ? यसबारे पनि सशक्त गृहकार्य हुनुपर्छ ।

प्रेरक प्रसंग

ज्योतिषीको भविष्य

एउटा गाउँमा एकजना ज्योतिषी बस्थे । उनी आफूलाई संसारकै उत्कृष्ट ज्योतिषी ठान्थे । उनी तारा हेरेर मानिसको भविष्य बताइदिन सक्ने दाबी गर्थे । उनी जहिल्यै तारातिर मात्र हेरिरहन्थे । जब आकाशमा तारा देखिन थाल्थे, तब उनी जहिल्यै हतारिँदै घरबाट बाहिर निस्कन्थे । उनी कहिलेकाहीँ त रातमा गाउँलेलाई चौरमा भेला गराएर उनीहरूको भविष्य फटाफट बताउन थाल्थे । कतिपय गाउँले उनको भविष्यवाणीमा विश्वास गर्थे भने कतिपयले चाहिँ पटक्कै विश्वास गर्दैनथे ।



एक साँझ खानपिनपछि ज्योतिषी आफू सुत्ने कोठाको झ्यालबाट आकाशतिर हेर्दै थिए । उनी आकाशका तारा देखेर दंग परिरहेका थिए । मनमनै सोच्दै पनि थिए- आहा ! कति सुन्दर तारा ! यी तारा हेरेर म कति सजिलै मानिसको भविष्य बताइदिन सक्छु । गम्भीर सोचमा डुबेका ज्योतिषीले अचानक आकाशबाट एउटा तारा झरिरहेको देखे । झर्दै गरेको तारा देखेपछि उनी गाउँलेलाई बोलाउँदै घरबाहिर कुदे । आकाशबाट झर्दै गरेको तारा हेरेर कुदिरहेका ज्योतिषी बाटोमा पर्ने छिमेकीको बारीबाटै चौरतिर लागे । तर, अचानक उनी छिमेकीले चर्पी बनाउन खनेको खाडलमा खसे । खाडल निकै गहिरो थियो । उनी बाहिर आउन सकेनन् । गाउँलेले डोरी खसालेर मुस्किलले तानिदिनुपऱ्यो ।

ज्योतिषी खाडलमा खसेको थाहा पाएर त्यहाँ आइपुगेका गाउँले खासखुस गर्न थाले- दुनियाँको भविष्य बताइदिने धक्कु लगाउने पण्डित बाजेलाई आफ्नै वर्तमान त थाहा रहेनछ, यस्ताले अरूको भविष्य के बताउलान् !

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

छानबिन गरी कारबाही गर

कोही मानिस जिउँदै हुँदा उसको मृत्युदर्ता भएको र आफ्नो नामको जगाजमिनसमेत अर्कैले या परिवारका सदस्यले बिक्री गरिसकेको थाहा हुँदा उसलाई कस्तो लाग्ला ? हिन्दी चलचित्र 'कागज'मा देखिएजस्तै यो घटना यतिखेर झपामा देखिएको छ । गौरादह-५, कोहबराका ५९ वर्षीय कुलबहादुर दर्जी भारत गएको मौका छोपी उनको मृत्युदर्ता गराउने उनकी पत्नी, मृत्युदर्ता प्रमाणपत्र दिने तत्कालीन वडाध्यक्षलगायतमाथि छानबिन गरी दोषीमाथि तत्काल कारबाही गर्नुपर्छ । यसरी कोही जीवित हुँदाहुँदै उसको मृत्युदर्ता गरी सम्पत्ति हडप्नु गम्भीर अपराध हो । यस्तो अपराधमा संलग्न जोकोहीलाई कानुनी कठघरामा उभ्याउन कत्ति पनि ढिलो नगरियोस् ।

● **सुभद्रा पंगेनी**, कालधारा, काठमाडौं

ढल निकासको व्यवस्था गर

'नदी र पार्क सफाइ अभियानमा महानगर' शीर्षकमा प्रकाशित तस्बिर र त्यसको क्याप्सन देख्दा केही लेख्न मन लाग्यो । यतिखेर महानगरभित्रका नदीमा डोजर प्रयोग गरेर सरसफाइ गरी नदीमा फ्याँकिएका फोहोरमैला हटाउँदा नदी सफा देखिएका छन् । तर, सबैतिरका नदीनालामा ढल मिसाउने हुनाले ती नदीनालाको दुर्गन्ध भने खपिनसक्नु छ । त्यसैले, महानगरले नदी सफा राख्ने हो भने सबैभन्दा पहिले काठमाडौं उपत्यकाभरिको ढल व्यवस्थापनमा ध्यान दिनुपर्छ ।

● **सुमन कुमाल**, शंखमूल, काठमाडौं

कर घटेपछि मूल्य घट्नुपर्दैन ?

सरकारले पेट्रोलियम पदार्थको मूल्य बढ्न नदिन मासिक तीन अर्ब कर छुट दिएको समाचार सुनियो । यो निकै सकारात्मक निर्णय हो । तर, सरकारले त्यति ठुलो कर छुट दिएको भए पनि नेपाल आयल निगमले इन्धनको मूल्य भने समायोजन गरेको छैन । के राज्यबाट यति ठुलो सहुलियत पाएपछि अब इन्धनको मूल्य घटाउनुपर्दैन ? कि निगमको नाफा अलि कम हुने भयो भनेर त्यसलाई यथावत् राख्न खोजिएको हो ?

● **सुवासना नगरकोटी**, ग्वार्को, ललितपुर

दीर्घकालीन समाधान खोजौं

कारणवश ऊर्जा संकट हुनासाथ कार्यालय दुई दिन बन्द गर्ने, आधा सिलिन्डर ग्यास बेच्ने वा सवारी साधनमा जोर-बिजोर लागू गर्ने उपाय हाम्रा बाध्यता भए पनि यी दीर्घकालीन दृष्टिको अभावका ज्वलन्त उदाहरण हुन् । यस्ता अस्थायी र प्रतिक्रियात्मक उपायले समस्या समाधान गर्दैनन्, बरु नागरिकको दैनिक जीवनलाई थप असहज बनाउँदै राज्यको अक्षमता उजागर गर्छन् । संकटको मूल कारण नछुने र सतहमा मात्र मलम लगाउने प्रवृत्तिले हामीलाई बारम्बार उही चक्रमा घुमाइरहने निश्चित छ ।

यथार्थमा, ऊर्जा समस्या समाधानको बाटो बन्देज र नियन्त्रण होइन, रूपान्तरण र नवप्रवर्तन हो । त्यसका लागि सबैभन्दा प्रभावकारी विकल्प भनेको सवारी साधनलाई विद्युतीय प्रणालीमा तीव्र रूपान्तरण गर्नु हो । नेपालजस्तो जलस्रोतमा धनी मुलुकका लागि यो केवल विकल्प मात्र होइन, अपरिहार्य रणनीति नै हो । यो काम दशकौंअघि हुनुपर्थ्यो, भर्खर अहिले महसुस गरिँदै छ । पेट्रोलियम पदार्थमा निर्भरता घटाउँदै स्वदेशी जलविद्युत्को उपयोग बढाउनु आर्थिक, वातावरणीय र राष्ट्रिय स्वाभिमानका हिसाबले पनि अत्यन्तै लाभदायक कदम हो भन्ने सामान्य नागरिकले समेत बुझेको विषय हो ।

इभी प्रवर्द्धनले दीर्घकालीन रूपमा इन्धन आयात घटाउँछ, वायु प्रदूषण कम गर्छ र ऊर्जा आत्मनिर्भरता सुदृढ गराउँछ । यसका लागि सरकारले कर छुट, पूर्वाधार विस्तार (चार्जिङ स्टेसन निर्माण) र जनचेतना अभिवृद्धिजस्ता नीतिगत सहुलियत तत्काल लागू गर्नुपर्छ । निजी क्षेत्र र सर्वसाधारणलाई समेत यस अभियानमा सक्रिय सहभागी बनाउनु समयको माग हो ।

● **इन्द्रकुमार श्रेष्ठ**, कमलाकुञ्ज, ओखलढुंगा
sindrakumar14@gmail.com

संसारकै खराब हावा भएको दिल्लीको छिमेकी सहर

दिल्लीनजिकैको लोनी सहरमा कारखानाबाट निस्कने धुवाँ, सवारीसाधन तथा निर्माणबाट निस्कने धुलोले हावा विषाक्त बनाएको छ

देश / विदेश

● इशा मित्रा
● त्रिस्ता कुर्नियावान
● दीपक राव

लोनी सहर दिल्लीबाट मुस्किलले एक घण्टाको दूरीमा पर्छ, तर यो द्रुत गतिमा बढ्दो औद्योगिक आधारले भारतीय राजधानीलाई उछिनेको छ । स्विस कम्पनी 'आइक्यु एयर'का अनुसार यहाँको हावाको गुणस्तर गत वर्ष सबैभन्दा खराब थियो । यहाँ, कारखानाबाट निस्कने धुवाँ, सवारी साधन तथा निर्माणबाट निस्कने धुलोले विषाक्त मिश्रण उत्पादन गर्छ, जसका कारण यहाँका सात लाख बासिन्दा उकुसमुकुस बनेका छन् । 'खोकी त सामान्य भइसक्यो, यहाँ सास फेर्न पनि गाह्रो छ,' ४५ वर्षीय इ-रिक्सा चालक मनोज कुमारले भने । उनले आफ्नो सम्पूर्ण जीवन लोनीमा बिताएका छन् । अर्का स्थानीय बासिन्दा मोहम्मद मोहमिन खानका अनुसार प्रदूषण यति धेरै छ कि उनी सहरको खराब पक्की सडकमा पाइला टेक्दा हरेकपटक मास्क लगाउँछन् । 'यहाँ चौबिसै घन्टा प्रदूषण हुन्छ' उनले भने, 'तपाईं जहाँ गए पनि प्रदूषणबाट उम्कन सक्नुहुन्न ।'

सबैभन्दा प्रदूषित सहरहरूको सूची निर्धारण गर्न, आइक्यु एयरले धुलोका सूक्ष्म कण अर्थात् सबैभन्दा सानो तर खतरनाक प्रदूषकमध्ये एक पिएम २.५ अवलोकन गऱ्यो । आइक्यु एयरका अनुसार गत वर्ष लोनीको औसत पिएम २.५ सार्इता (कन्सन्ट्रेसन) ११२.५ थियो, जुन विश्व स्वास्थ्य संगठनको सुरक्षित सीमाभन्दा २२ गुणा बढी हो । सास लिँदा पिएम २.५ कण फोक्सोको तन्तुमा पुग्छ र यो रक्तप्रवाहमा प्रवेश गर्न सक्छ । यसको असर दम, मुटु र फोक्सो रोग, क्यान्सर र अन्य श्वासप्रश्वासजन्य रोगका साथै बच्चामा संज्ञानात्मक हानिसँग जोडिएको छ । लोनीमा क्लिनिक सञ्चालन गर्ने डा. अनिल सिंहका अनुसार विगत पाँच वर्षमा श्वासप्रश्वास समस्या भएका बिरामीको संख्या बढेको छ । 'मैले विशेषगरी धेरै कम उमेरका बालबालिकालाई दमको प्रारम्भिक लक्षण लिएर आएको देखेको छु ।'

■ बढ्दो बिमारी

आइक्यु एयरका अनुसार गत वर्ष विश्वका शीर्ष पाँच सबैभन्दा प्रदूषित सहरमध्ये तीन भारतमा थिए, जसमध्ये नयाँदिल्ली फेरि एकपटक विश्वको सबैभन्दा प्रदूषित राजधानीका रूपमा देखापरेको छ । उक्त संस्थाका अनुसार १.४ अर्ब जनसंख्या भएको देशमा सवारी साधन र औद्योगिक उत्सर्जन, बालीनालीको अवशेष जलाउने कार्य र निर्माणको धुलो प्रदूषणका प्रमुख स्रोत हुन् । डिसेम्बरदेखि जनवरीसम्म उत्तरी भारतका लोनी र अन्य सहर चिसो, सुक्खा जाडो महिनामा नियमित रूपमा प्रदूषणको चपेटामा परेका छन् ।

गत अप्रिलमा दिल्लीमा आएको ठुलो धुलोको आँधीले लोनीको हावामा थप प्रदूषक थप्यो, जसले गर्दा यो अझ विषाक्त भयो र त्यसको असर, विशेषगरी यहाँका वृद्ध र बालबालिकामा देखियो । प्रदूषणका कारण आफ्नो तीन वर्षीय छोरालाई प्रायः एलर्जी, खोकी र पेटमा संक्रमण हुने गरेको लोनीकी खुसी फिरोजले बताइन् । 'धुलोका कारण हामीले हाम्रो घरमा दिनको दुईदेखि तीनपटक पानी राख्नुपर्छ,' उनले अगाडि थपिन्, 'तपाईंले घरभित्रको सबैभन्दा टाढाको कोठामा पनि धुलो देख्न सक्नुहुन्छ ।'

■ निरन्तर प्रदूषण

भारतले २०१९ मा आफ्नो स्वच्छ वायु कार्यक्रम सुरु गऱ्यो, जसले २०२५-२६ सम्ममा कणको सार्इता ४०



प्रतिशतले घटाउने उपाय २४ राज्य र केन्द्र शासित प्रदेशमा लागू गऱ्यो । यी उपायमा कोइलाबाट चल्ने पावर प्लान्टमा कारबाही गर्ने, वायु अनुगमन प्रणाली स्थापना गर्ने र बायोमास जलाउन प्रतिबन्ध लगाउने समावेश छ । सरकारी तथ्यांकअनुसार केही भारतीय सहरले आफ्नो वायु गुणस्तरमा सुधार देखेका छन् । तैपनि, विज्ञहरूले कडा कार्यान्वयन र समन्वयको अभावले प्रगति सुस्त भएको सुझाव दिन्छन् ।

गत अक्टोबरमा दिल्लीको स्थानीय सरकारले राजधानीको हावा सफा गर्न क्लाउड-सिडिङ (मौसम परिवर्तनको एक प्रकार जसको उद्देश्य वर्षाको मात्रा परिवर्तन गर्नु, असिना घटाउनु र कुहिरो फैलाउनु हो) प्रयोगको प्रयास गरेको थियो, तर यो असफल भयो । जब अर्को महिना राजधानी क्षेत्रको पिएम २.५ दैनिक औसत सार्इता खतरनाकस्तरमा पुग्यो, कडा सरकारी कदमको आह्वान गर्दै सयौँ मानिस दुर्लभ विरोध प्रदर्शनमा सहभागी भए । आइक्यु एयर रिपोर्टअनुसार भारतको हावा सफा गर्ने संघर्ष छिमेकी चीनकोभन्दा फरक छ, जहाँ देशको कुख्यात प्रदूषित आकाशलाई नियन्त्रण गर्न अर्बौं डलर लगानी र वर्षौं लामो प्रयासले राष्ट्रिय पिएम २.५ स्तरमा कमी ल्याएको छ ।

यस क्षेत्रका अन्य देशले पनि विश्वव्यापी रूपमा उच्चतम वार्षिक औसत पिएम २.५ सार्इता अनुभव गरेका छन् । रिपोर्टअनुसार दक्षिण एसियाले २०२५ मा विश्वको सबैभन्दा प्रदूषित देशको रूपमा स्थान पायो । लोनीमा बासिन्दा भन्छन् कि उनीहरू केवल स्वतन्त्र रूपमा सास फेर्न चाहन्छन् । 'गत ४० वर्षमा केही पनि परिवर्तन भएको छैन,' इ-रिक्सा चालक कुमारले । 'हामी यहाँबाट निस्कँदा हामी निश्चित रूपमा धेरै राम्रो महसुस गर्छौं,' फिरोजले भने, 'तपाईं यहाँबाट जहाँ जानुहुन्छ, त्यहाँ धेरै ताजगी हुन्छ । हामीलाई यहाँ राम्रो लाग्दैन ।'

(सिएनएनका लागि मित्रा, कुर्नियावान र रावको आलेख)


सिएनएनबाट

इरानसँग अमेरिका-इजरायलको युद्धविरामले ल्याउला त दिगो शान्ति ?

ट्रम्पले लामो समयदेखि इरानी सरकारलाई ध्वस्त पार्ने सपना पालेका इजरायललाई नियन्त्रणमा राख्न सके भने आशा गर्ने ठाउँ पर्याप्त छ

इरानसँगको युद्धमा दुई साता लामो युद्धविरामका लागि पाकिस्तानी प्रस्तावलाई अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले स्वीकार गरेपछि अन्तर्राष्ट्रिय समुदायले केही हदसम्म राहतको सास फेरेको छ। केही घन्टाअघिसम्म इरानलाई 'हुंगे युग'मा फर्काउने गरी बमबारी गर्ने र उसको 'सभ्यता'लाई ध्वस्त पार्ने ट्रम्पको धम्कीबाट धेरैजना चिन्तित थिए। ट्रम्पका अनुसार युद्धविरामले 'इरानसँग दीर्घकालीन शान्ति र मध्यपूर्वमा शान्तिसम्बन्धी निश्चित सम्झौता' गर्न ठाउँ प्रदान गर्छ। यद्यपि, अन्तिम समाधानको बाटो जटिल र उथलपुथल हुनेछ, यद्यपि असम्भव भने छैन।





● अमिन सैकाल

(लेखक अस्ट्रेलियन नेसनल युनिभर्सिटीका अवकाशप्राप्त प्रोफेसर हुन्।)

इरानको शक्तिको न्यून आकलन

६ हप्ता लामो युद्धमा इरानमा अमेरिका-इजरायलको संयुक्त आक्रमण र तेहरानको सशक्त प्रत्याक्रमणदेखि सुरु भएर तीन देशका सेनाले गम्भीर प्रहार मात्र गरेका छैनन्। तेहरानले हर्मुजको जलमार्ग बन्द गरेपछि उक्त क्षेत्र र समग्र विश्व नै ठुलो तेल, तरल ग्यास र मुद्रास्फीति संकटबाट पनि ग्रस्त छ।

ट्रम्पले यो अपेक्षा गरेको कुरा थिएन। उनले सुरुमा संयुक्त अमेरिकी र इजरायली सैन्य शक्ति द्रुत रूपमा विजयी हुने अनुमान गरेका थिए। यसै वर्षको सुरुमा देशभित्र व्यापक सार्वजनिक विरोध सामना गरेको र प्रदर्शनलाई दबाएको विरोधमा स्वदेश र देशबाहिर (विशेषगरी अमेरिकामा) कडा आलोचना भएको तेहरानलाई आत्मसमर्पण गर्न बाध्य पार्ने र आफ्नो अनुकूल शासन परिवर्तनका लागि बाटो खोल्ने अमेरिकी राष्ट्रपतिको दाउ थियो। तर, इरानले कडा टक्कर मात्र दिएन, तेलको अन्तर्राष्ट्रिय जलमार्ग हर्मुज बन्द गरेर विश्वव्यापी रूपमा तेलको संकट निम्त्याइदियो।

इरानी सरकार अपेक्षा गरिएभन्दा बढी कठोर, स्थापित र साधनस्रोत सम्पन्न साबित भयो। सरकारले फारसी खाडी र इजरायलभर अमेरिकी अड्डा र सम्पत्ति प्रहार गऱ्यो। मध्यपूर्वमा अमेरिकी आधार रहेका देशलाई एकपछि अर्को गरेर इरानले निसाना बनायो। अमेरिकी आधारबाहेक त्यहाँका महत्त्वपूर्ण भवनदेखि ऊर्जा प्लान्टमा तेहरानले हमला गऱ्यो।

यसैबिच, ट्रम्पले इजरायली प्रधानमन्त्री बेन्जामिन नेतन्याहुसँगको आफ्नो संयुक्त युद्ध प्रयासका लागि अमेरिकी सहयोगीबाट सक्रिय समर्थन प्राप्त गर्न सकेनन्। नेतन्याहु गाजामा युद्ध अपराधका लागि अन्तर्राष्ट्रिय फौजदारी अदालतद्वारा अभियोग लगाइएका व्यक्तिसमेत हुन्।

सहयोगीसँग परामर्श गरिएको थिएन। उनीहरूले अन्तर्राष्ट्रिय कानुन र संयुक्त राष्ट्र संघको बडापत्र विपरीत युद्धमा भाग लिनु आफ्नो व्यक्तिगत राष्ट्रिय हितमा मानेनन्। ट्रम्पका केही सीमित विश्वासपात्रले युद्धबारे राष्ट्रपतिलाई गलत सुझाव दिएका थिए, जसका कारण अमेरिकाले युद्धमा अनपेक्षित क्षति व्यहोर्नुपऱ्यो।

युद्धमा अर्बौंको लागत

यसबाहेक, संयुक्त राज्य अमेरिकाका विश्वव्यापी विरोधी, विशेषगरी रुस र चीन (दुवैले इरानसँग रणनीतिक सहयोग सम्झौता गरेका छन्)ले युद्धको कडा विरोध गरे। उनीहरूले तनाव कम गर्न र थप आर्थिक परिणामबाट बच्ने उपाय अपनाउन विश्वभरका दर्जनौं अन्य देशसँग सहकार्य गरे।

> अमेरिकामा युद्ध बढ्दो रूपमा अलोकप्रिय साबित भयो। जनताले यसको प्रभाव बढ्दो जीवनयापन लागत र पेट्रोलपम्पहरूमा महसुस गरेपछि लगभग ६१ प्रतिशत नागरिकले युद्धको विरोध गरे। यी परिवर्तनशीलतालाई ध्यानमा राख्दै ट्रम्पले युद्धबाट बाहिरिने मार्ग खोजिरहेका थिए।

द्वन्द्व झन् बढ्यो। इरान-समर्थित लेबनानी अर्धसैनिक समूह हिज्बुल्लाहको आक्रमणको प्रतिक्रियामा इजरायलले दक्षिणी लेबनान कब्जा गर्ने अभियान सुरु गऱ्यो। त्यसपछि युद्धको लागत सबै पक्षका लागि बढ्यो। अमेरिकाका लागि मात्र मूल्य प्रतिदिन कम्तीमा एक अर्ब अमेरिकी डलर (१.४ अर्ब अस्ट्रेलियाली डलर) बराबर थियो। यसले लगभग ४० ट्रिलियन अमेरिकी डलर (५६.६ ट्रिलियन अमेरिकी डलर) को संघीय ऋणमा उल्लेखनीय रूपमा बोझ थप्यो।

परिस्थिति मिसाइल र इन्टरसेप्टरबिचको दौडमा परिणत भयो, यो केवल कसले पहिले प्रहार गऱ्यो भन्ने विषय हो। हालसालै सार्वजनिक गरिएको एक रिपोर्टअनुसार इजरायलमा इन्टरसेप्टरहरूको कमी हुँदै गइरहेको छ र इजरायल रक्षा बल (आइडिएफ) ले जनशक्तिको अभावको सामना गरिरहेको छ।

अमेरिकामा अलोकप्रिय युद्ध

अर्कोतर्फ अमेरिका र इजरायलले आफ्नो नेतृत्वको शिर काटेर हवाई सर्वोच्चता र हजारौं सैन्य र गैरसैन्य लक्ष्यमा बमबारी गरे पनि इस्लामिक रिभोलुसनरी गार्ड कोर्प्स (आइआरजिसी) ले निरन्तर प्रतिशोधात्मक क्षमता कायम राख्यो। यसले खाडी र इजरायलका निसानाविरुद्ध दैनिक रूपमा दर्जनौं उन्नत मिसाइल र ड्रोन प्रहार गर्न सफल भयो। पछिल्लो समयमा त तेहरानले अमेरिकी लडाकु जेटलाई खसालिदिएको थियो, जुन २० वर्षपछि त्यस्ता घटना पहिलोपटक भएको थियो।

अझ महत्त्वपूर्ण विषय संयुक्त राज्य अमेरिकामा युद्ध बढ्दो रूपमा अलोकप्रिय साबित भयो। जनताले यसको प्रभाव बढ्दो जीवनयापन लागत र पेट्रोलपम्पहरूमा महसुस गरेपछि लगभग ६१ प्रतिशत नागरिकले युद्धको विरोध गरे। सार्वजनिक सर्वेक्षणमा ट्रम्पको अनुमोदन दर घट्यो।

यी परिवर्तनशीलतालाई ध्यानमा राख्दै ट्रम्पले अप्रेसन एपिक फ्युरीलाई इरानजस्तो ठुलो देशलाई मेटाउने स्तरमा बढाउने आफ्नो वाचामा टिक्न सक्दैनथे। इरानी सांस्कृतिक र देशभक्तिपूर्ण विशेषताका साथै देशका धेरै नागरिकको सिया इस्लामप्रतिको समर्पणले बाह्य आक्रमणको विरुद्धमा काम गऱ्यो।

युद्धविरामपछिको लामो बाटो

यसको अर्थ अमेरिका र इरानबिचको स्थायी शान्तिको लागि वार्ता र बृहत् सम्झौता सम्पन्न गर्नु सजिलो हुनेछ भन्ने होइन। तर, ट्रम्पको युद्धविराम स्वीकृतिको एउटा महत्त्वपूर्ण खण्ड (जसले हामीलाई उनको सोचमा अन्तरदृष्टि दिन्छ) यसरी व्याख्या गरिएको छ, हामीले इरानबाट १० बुँदे प्रस्ताव प्राप्त गऱ्यौं (अमेरिकी १५ बुँदे प्रस्तावको जवाफमा), र हामी विश्वास गर्छौं कि यो वार्ता गर्नका लागि एक व्यावहारिक आधार हो। संयुक्त राज्य अमेरिका र इरानबिच विगतका विवादका लगभग सबै विभिन्न बुँदामा सहमति भएको छ। तर, दुई हप्ताको अवधिले सम्झौतालाई अन्तिम रूप दिन र सम्पन्न गर्न अनुमति दिनेछ।

दश बुँदामा लेबनानसहित सबै मोर्चामा शत्रुताबाट अलग्गिने कुरा समावेश छ, यद्यपि इजरायलले लेबनानलाई युद्धविराममा समावेश नगरिएको दाबी गर्दै आएको छ। बुँदाका अन्य केही प्रमुख तत्त्व यसप्रकार छन् :

-अमेरिकाले गैरआक्रमणको सुनिश्चितता गर्न मौलिक रूपमा प्रतिबद्ध हुनुपर्छ

-हर्मुजमाथिको इरानी नियन्त्रणको निरन्तरता

-इरानमाथिको प्राथमिक र माध्यमिक प्रतिबन्ध हटाउने

-इरानले आफ्नो आणविक कार्यक्रम (शान्तिपूर्ण उद्देश्यका लागि) का लागि युरेनियम समृद्ध गर्न सक्ने अधिकारलाई स्वीकार गर्ने।

अब ट्रम्पको कर्तव्य हो कि नेतन्याहुलाई लाइनमा ल्याउनु, जसले लामो समयदेखि इरानी सरकारलाई ध्वस्त पार्न मात्र होइन, बरु क्षेत्रीय अभिनेताको रूपमा इरानी राज्यलाई नजरअन्दाज गर्न पनि मिहिनेत गरेका छन्। यदि यो भयो र सबै पक्षले राम्रो विश्वासका साथ वार्ता गरे भने आशावादका लागि पर्याप्त ठाउँ छ। अवश्य पनि हामी सम्भावित रूपमा युद्धपछिको क्षेत्रीय व्यवस्थाको बिहान देख्न सक्छौं।

द कन्भर्सेसनबाट

इतिहासमा आज

अप्रिल ९



सन् १९६३ : अमेरिकी राष्ट्रपति जोन एफ केनेडीले ब्रिटिस प्रधानमन्त्री विस्टन चर्चिललाई अमेरिकाको पहिलो सम्मानार्थ नागरिक घोषित गरे।

सन् १७८३ : दोस्रो अंग्रेज-मैसुर युद्ध (१७८०-१७८४)का क्रममा टिपु सुल्तान नेतृत्वको फौजले ब्रिटिस फौजलाई सफलतापूर्वक बेदनोर (आजको नगारा)बाट भगायो।

सन् १७८४ : बेलायतले अमेरिकी स्वतन्त्रता संग्राम अन्त्य गर्ने सम्बन्धमा अघिल्लो वर्ष सेप्टेम्बर ३ मा हस्ताक्षर भएको 'पेरिस सन्धि' अनुमोदन गऱ्यो।

सन् १८६५ : अमेरिकी गृहयुद्धका क्रममा 'कन्फेडरट स्टेट अफ अमेरिका'का जनरल रोबर्ट इली र उनका २६ हजारभन्दा बढी फौजले 'युनाइटेड स्टेट अफ अमेरिका'का सेना सामु आत्मसमर्पण गऱ्यो। यसलाई अमेरिकी गृहयुद्ध अन्त्यतर्फको निर्णायक घटना मानिन्छ।

सन् १८६६ : तत्कालीन अमेरिकी राष्ट्रपति एन्ड्रयु जोनसनको भिटोलाई उल्ट्याउँदै अमेरिकी कंग्रेस (संसद्)मा 'सिभिल राइट्स बिल' पारित भयो। यसले अमेरिकामा जन्मिएका जुनसुकै नश्लका मानिस पनि अमेरिकी नागरिक हुने घोषणा गरेको छ।

सन् १९१४ : विश्वको पहिलो रंगीन कथानक फिल्म 'वर्ल्ड : द फ्लेस एन्ड द डेभिड'को प्रदर्शन लन्डनमा सुरु भयो।

सन् १९२८ : टर्कीमा धर्म र राज्यलाई अलग गर्ने कानुन पारित भयो। त्यस कानुनले सो मुस्लिम देशमा धर्मनिरपेक्षताको जग बसाएको मानिन्छ।

सन् १९६८ : अमेरिकी अश्वेत अधिकारका अभियन्ता मार्टिन लुथर जुनियरको हत्याको पाँच दिनपछि जर्जिया राज्यको एट्लान्टामा अन्तिम संस्कार सम्पन्न भयो।

सन् १९९१ : जर्जियाले सोभियत संघबाट अलग हुने घोषणा गऱ्यो।

सन् १९९९ : निजेरका राष्ट्रपति इब्राहिम बार माइनासारा उनकै सुरक्षा दलका सदस्यबाट मारिए।

सन् २००३ : इराक युद्धका क्रममा अमेरिकी सेनाले बग्दाद कब्जामा लियो। यसपछि सहरमा तैनाथ सम्पूर्ण सुरक्षाबल भाग्दा त्यहाँ ठुलो लुटपाट मच्चिएको थियो।

सन् २०२४ : स्विट्जरल्यान्डको एक महिला समूहले दायर गरेको मुद्दामा फैसला गर्दै युरोपेली अदालतले 'सरकारको कमजोर जलवायु नीतिले आधारभूत मानव अधिकार उल्लंघन हुने' ऐतिहासिक निर्णय सुनायो।

विश्व संक्षेप

चीन भ्रमणमा ताइवानकी विपक्षी नेतृ

बेइजिङ / ताइवानको मुख्य विपक्षी पार्टी कुओमिन्ताङ (केएमटी)की नेतृ चीन पुगेकी छिन्। चीनमा पुगेर उनले चीन-ताइवानबिच बढ्दो तनाव कम गर्न सन यात-सेनको विरासत सम्झन आह्वान गरिन्। आधुनिक चीनका निर्माता सन यात-सेन चीन र ताइवान दुवै भागमा सम्मानित छन्। केएमटीकी अध्यक्ष चेङ ली-वन चीन पुग्नासाथ बुधबार नानजिङमा रहेको सेनको समाधिस्थलमा माल्यार्पण गर्न पुगेकी थिइन्। चेङको भ्रमण केएमटीको नेतृत्वको एक दशकपछि भएको चीन भ्रमण हो। यस भ्रमणका क्रममा उनले चिनियाँ नेता सी जिनपिङलाई पनि भेट्ने बताइएको छ। उनको भ्रमण ताइपेई र बेइजिङबिच बढ्दो घर्षणको क्षणमा भएको छ। चीनले ताइवानको सार्वभौमिकतामाथि दाबी गर्दा ताइवानले रक्षा खर्च बढाइरहेको छ।

ताइवानको सरकारले रक्षा बजेटमा ठुलो वृद्धि गर्दै ४० अर्ब डलरको खर्च प्रस्ताव गरेको छ। तथापि, केएमटी नेतृत्वमा विपक्षी-नियन्त्रित संसद्ले सरकारको उक्त विशाल खर्चमा हालसम्म रोक लगाएको छ। चेङले आफ्नो यात्रालाई तनाव कम गर्ने प्रयासका रूपमा प्रस्तुत गरिन्। ताइवानको सत्तारुढ दल डेमोक्रेटिक प्रोग्रेसिभ पार्टी (डिपिपी)ले भने केएमटीको अध्यक्षको चीन भ्रमणलाई राष्ट्रिय सुरक्षालाई कमजोर बनाउने प्रयासका रूपमा आलोचना गरेको छ। तथापि, ताइवानमा अझै पनि चीनसँग सम्बन्ध सुधार्नु पर्ने पक्षमा ठुलो समर्थन रहेको विश्वास गरिन्छ। केएमटी नेतृत्वको भ्रमणले सोही हिस्सालाई प्रभावित गर्ने विश्लेषण भइरहेको छ।

अफगानिस्तान-पाकिस्तानबिचको युद्ध रोक्न चीनमा वार्ता

काबुल / अफगानिस्तानले चीनमा भइरहेको पाकिस्तानसँगको शान्ति वार्ता 'उपयोगी' भएको बताएको छ। दुई छिमेकीबिच सीमापार लडाइँ रोक्ने उद्देश्यले चीनको अग्रसरतामा गत हप्तादेखि पश्चिमी चिनियाँ सहर उरुम्कीमा वार्ता सुरु भएको छ। यस शान्ति वार्तालाई फेब्रुअरीमा सुरु भएको द्वन्द्व रोक्न चिनियाँ प्रयासका रूपमा हेरिएको छ। सयौंको मृत्यु भएको यो द्वन्द्व चीनको पश्चिमी क्षेत्र नजिक भइरहेकाले चीन पनि संवेदनशील भएको हो। अफगानिस्तानको विदेश मन्त्रालयका उपप्रवक्ता जिया अहमद टाकलले अफगानिस्तानका कार्यवाहक विदेशमन्त्री अमिर खान मुत्ताकीले मंगलबार अफगानिस्तानका लागि चिनियाँ राजदूतलाई भेटेर वार्ताको आयोजना गरेकोमा बेइजिङलाई धन्यवाद दिएको जानकारी दिए। साथै काबुलले यसअघि साउदी अरेबिया, टर्की, कतार र संयुक्त अरब इमिरेट्सले गरेको मध्यस्थता प्रयासका लागि धन्यवाद दिएको छ।

इरान युद्धविरामको घोषणापछि तेलको मूल्य घट्यो, सेयर बजार बढ्यो

वासिंटन डिसी / इरानमा जारी युद्ध दुई हप्ताका लागि रोकिने घोषणासँगै तेलको मूल्य घटेको छ भने विश्वभरका सेयर बजारमा उछाल देखिएको छ। युद्धविरामअन्तर्गत स्ट्रेट अफ हर्मुज खोलिने समाचारले सेयर लगानीकर्ता उत्साहित बनेका छन्।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले मंगलबार इरानमाथिको आक्रमण दुई हप्ताका लागि स्थगित गरेको बताउँदै दीर्घकालीन शान्ति सम्झौताको प्रयास सुरु भएको बताए। लगत्तै अन्तर्राष्ट्रिय कच्चा तेलको बेन्चमार्क मानिने 'ब्रेन्ट क्रुड'को मूल्य १५.५ प्रतिशतले घटेर प्रतिब्यारेल ९२.२८ अमेरिकी डलरमा पुगेको छ, जुन झन्डै १७ डलरको गिरावट हो। उता युद्धविरामको घोषणापछि विश्वभर सेयर बजार उकालो लागेका छन्। जापानको निक्केई ५.४ प्रतिशतले बढेको छ भने दक्षिण कोरियाको कोस्पी बजार ७.५ प्रतिशतले बढेको छ। उता लन्डनमा एफटिएसई १०० बजार २७५ अंकले बढेर १० हजार ६२३ मा पुगेको छ। जर्मनीको ड्याक्स बजार ५.२ प्रतिशतले बढेको छ भने अमेरिकाको वाल स्ट्रिटमा रहेको डाउ जोन्समा २.५, एसएन्डपी ५०० बजारमा २.२ र नासड्याकमा २.८ प्रतिशतले बढेको छ।

घोषणाले डलरको मूल्यलाई पनि प्रभावित गरेको छ। डलरको मूल्य 'मुद्राहरूको टोकरी'को तुलनामा १.१ प्रतिशतले खस्किँदा ब्रिटिस पाउन्ड स्टर्लिङ १.२ प्रतिशतले बढेर १.३४५१ डलर पुगेको छ।

इरान युद्धमा अमेरिकाको सहयोगीबाट सुरु इजरायलको यात्रा टुंगियो मूकदर्शकमा

४० दिन लामो बमबारीबाट ठुलो क्षति व्यहोरे पनि इरानको हात अहिले माथि देखिन्छ



● कबिर तनेजा

(कबिर तनेजा 'अब्जर्भर रिसर्च फाउन्डेसन मिडल इस्ट'का कार्यकारी निर्देशक हुन्)



> इजरायलका लागि आफूविरुद्धको खतरालाई कमजोर राख्न सानै स्तरको सही तर निरन्तर सैन्य अभियान जारी राख्ने शैलीले गाजा र लेबनानमा काम गर्न सक्छ, तर इरानविरुद्ध यी अप्रेसन निरन्तर सञ्चालन गर्नु अमेरिकाविना सम्भव हुनेछैन।

अप्रिल ९ बिहान अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले सामाजिक सञ्जालमा गएर 'आज राति एउटा सम्पूर्ण सभ्यता नष्ट हुनेछ, र फेरि कहिल्यै फिर्ता हुनेछैन' भन्ने घोषणा गरेको केही घन्टापछि, इरान र अमेरिका पाकिस्तानको मध्यस्थतामार्फत दुई हप्ताको युद्धविराम गर्न सहमत भए। यो प्रबन्धन खासमा ट्रम्पले युद्धबाट खोजिरहन खोजेको निकासजस्तो देखिन्छ। अमेरिकाभित्र युद्धलाई लिएर बढ्दो असन्तुष्टिबिच उनी यो नजितिने 'युद्धबाट सर्धैंका लागि बाहिरिने' ताकमा थिए। चुनावी अभियानका क्रममा ट्रम्पले पूर्वराष्ट्रपतिले विदेशी भूमिमा युद्धको विरोध गर्दै समय बिताउने गरेकोमा आफैं युद्ध सुरु गरेपछि विवादमा आएका थिए।

इरान युद्धमा ट्रम्प फस्न सक्ने सम्भावना बढ्दै गएको थियो। युद्ध दिन-प्रतिदिन बढ्दै मात्र गएको थिएन कि यो छिटै रोकिने संकेत थिएन। वर्षौंदेखि मध्यपूर्वी भेगमा बन्दै गएको तनाव बाहिरिन थालेसँगै द्वन्द्व निकै चर्को हुने वाला थियो। यसले अन्ततः विश्वव्यापी आर्थिक संकट सिर्जना गर्ने संकेत देखिन थालेको थियो। ट्रम्पले यी सम्भावनालाई सामाजिक सञ्जालमार्फत युद्धविराम गरेर टारेका छन्। इरानले पनि दुई हप्ताको युद्धविरामको पुष्टि गरेको छ। तथापि, यस युद्धविरामबाट ह्वाइट हाउसे बढी लाभ उठाउने देखिन्छ।

नयाँ मध्यपूर्व

युद्धविरामको घोषणाले विश्व अर्थतन्त्र, बजार र तेल र ग्यास आपूर्ति शृंखलाले राहतको सास फेरेको छ। अन्तर्राष्ट्रिय ऊर्जा संकट अहिलेका लागि टरेजस्तो देखिन्छ। तथापि, मध्यपूर्व भने भूराजनीतिक रूपमा पूर्ण बदलिएको छ। उपलब्ध जानकारीअनुसार युद्धविराम सम्झौता क्षेत्रीय स्थिरताका लागि नभई अमेरिका युद्धबाट बाहिरिने उद्देश्यले गरिएको हो। युद्धविराम समझदारीलाई अगाडि बढाउन शुक्रबार (अप्रिल १०)देखि पाकिस्तानमा वार्ता हुँदै छ। इजरायल वा अन्य कुनै पनि खाडी राज्यको सहभागितालाई विना हुने तय भएको यो वार्तालै ती देशलाई पुनः एकपटक किनारामा पुऱ्याएको छ। वार्ताको हिस्साका रूपमा तेहरानले लेबनानजस्ता देशमाथि जारी इजरायली आक्रमणको अन्त्यको मागसमेत अगाडि बढाएको छ।

इजरायल र खाडी राज्यको सहभागिता नभएकाले आगामी महिनामा यो क्षेत्र कसरी अगाडि बढ्छ भन्नेबारे अन्योल सिर्जना गरेको छ। इरानले 'स्ट्रेट अफ हर्मुज'माथि कडा नियन्त्रण कायम राखेको छ र त्यस समुद्री मार्गको सञ्चालनको निर्णय गर्ने अधिकार आफ्नो सशस्त्र सेनालाई भएको दाबी पुनः दोहोऱ्याएको छ। ४० दिन लामो बमबारीबाट ठुलो क्षति व्यहोरे पनि इरानको हात अहिले माथि देखिन्छ। फेब्रुअरीमा अमेरिकी-इजरायली आक्रमणमा अयातोल्लाह अली खामेनीको हत्या र उनका छोरा तथा उत्तराधिकारी अयातोल्लाह मोज्तबा खामेनीको अवस्थामाथि प्रश्न उठे पनि इस्लामिक शासन जोगिएको छ।

नेतन्याहु एक्लिए

इजरायल मध्यपूर्वमा अमेरिकाको सबैभन्दा नजिकको साझेदार हो। उसैले ट्रम्पलाई इरान युद्धमा तानेको थियो। तर, अहिले युद्धविराम सम्झौतामा ऊ मूकदर्शक मात्र बनेको छ र सम्झौताअनुरूप इरानविरुद्धको आक्रमण रोक्न बाध्य बनेको छ। (तथापि, उसले लेबनानमा रहेको इरान समर्थित हिजबुल्लाहविरुद्धको अभियान जारी राख्ने बताएको छ)। सन् २०२५ को गर्मीमा इरान आणविक हतियार बनाउने अवस्थामा पुगेको आरोप लगाएर शासनविरुद्ध हवाई अभियानपछि फेरि इरानी जनताले शासन उल्ट्याउने बताउँदै नेतन्याहुले ट्रम्पलाई इरानमाथि आक्रमण गर्न प्रोत्साहित गरे। सम्भवतः नेतन्याहुले ट्रम्पलाई इरानलाई सर्धैंका लागि कमजोर बनाउन सक्ने अवसरको रूपमा हेरेका छन्। भलै त्यसको मूल्य जेसुकै किन नहोस्।

अमेरिका-इरानले चलाएको सैन्य अभियानले इरानी क्षमतालाई निश्चित रूपमा ठुलो धक्का दिएको छ। तथापि, युद्धले यस क्षेत्रको भविष्यको कुनै पनि सुरक्षा व्यवस्था, अझ विशेषगरी हर्मुजको सुरक्षा इरानविना कठिन रहेको भाष्य बलियो बनायो।

इजरायलका लागि युद्धविराम खानैपर्ने तितो औषधी साबित हुन सक्छ, जसको रणनीतिक उद्देश्य अहिले बेवास्तामा परेका छन्। इजरायलका लागि आफूविरुद्धको खतरालाई कमजोर राख्न सानै स्तरको सही तर निरन्तर सैन्य अभियान जारी राख्ने शैली गाजा र लेबननामा काम गर्न सक्छ, तर इरानविरुद्ध यी अप्रेसन निरन्तर सञ्चालन गर्नु अमेरिकाविना सम्भव हुनेछैन। इजरायलका विपक्षी नेता यायर लापिडले इजरायल युद्धविरामपछि हुने वार्ताको टेबलमा नभएको कारणले युद्धविराम सम्झौतालाई 'राजनीतिक विपत्ति'को संज्ञा दिइसकेका छन्।

खाडीभित्र तरंग

यसैबिच, साउदी अरेबिया, कतार, बहराइन, कुवेत र संयुक्त अरब इमिरेट्स (युएई)जस्ता देशले अब सीमित सुरक्षा विकल्पसहित आत्मविश्वास बढेको इरानको सामना गर्नुपर्ने भएको छ। अब उनीहरूले अमेरिकी शक्ति यस क्षेत्रमा स्थिर रहने सुनिश्चित गरेर दीर्घकालीन रणनीतिक स्वायत्तता निर्माण गर्ने उद्देश्यमा काम गर्नुपर्ने अवस्था आएको छ। अझ खाडी राज्यहरूले इरानी खतराको सामना गर्न भित्रभित्रै इजरायलसँग नजिक हुनुपर्ने अवस्था आउन सक्छ। गाजामा इजरायलको अलोकप्रिय युद्धलाई ध्यान दिँदा यो अवस्था अरबी देशहरू अलोकप्रिय हुनेछन्। तर, अस्तित्व बचाउन यो रणनीति पनि आवश्यकता बन्न सक्छ।

अहिलेसम्म युद्धविरामप्रति स्पष्ट समर्थन जनाउने एक मात्र खाडी देश ओमान हो, जसले पहिलेदेखि नै इरानले युद्ध नरोजेको बरु उसमाथि युद्ध थोपरिएको भन्दै आएको छ। इरानको शक्तिशाली इस्लामिक रिभोलुसनरी गार्ड कोर्प्स (आइआरजिसी)ले युद्धविरामलाई कसरी लिन्छ भन्ने कुरा पनि हेर्न लायक छ। इरानका राजनीतिक नेतृत्वदेखि कोर्प्सको शीर्ष नेतृत्व पनि मारिएकाले सेनाले प्रतिशोधात्मक नीति लिन सक्छ। गत महिना युद्धको समयमा परिचालन रणनीतिका रूपमा विकेन्द्रीकरणको नीति लिइएकाले अब आइआरजिसीका कमान्डरले आदेश दिनका लागि माथिल्लो कमान्डको प्रतीक्षा गर्नु आवश्यक पनि छैन। तिनीहरूले स्वविवेकले कदम चाल्ने खतरा छ।

युद्धविरामपछि पनि युएईजस्ता देशले अझै पनि इरानबाट मिसाइल आइरहेको बताएका छन्। यसले युद्धविराम सम्झौता सामाजिक सञ्जालमार्फत घोषणा गरेभन्दा कठिन हुने देखाउँछ। अन्तमा, यो युद्धविरामको दीर्घायुका लागि पनि अमेरिकासँगै इरानको कद बढ्नेछ। यसले स्वतः यस क्षेत्रमा तेहरानको भूराजनीतिक स्थितिलाई उँचो बनाउनेछ, जुन नयाँ वास्तविकता यस भेगका धेरैलाई असहज हुनेछ। आगामी दुई हप्तामा, अमेरिकाले युद्धबाट आफ्नो बहिर्गमनका लागि दबाब दिनेछ। इरानले समग्र क्षेत्रको सुरक्षाको संस्थागत हिस्सेदारी माग गर्नेछ। जबकि, इजरायल र खाडी देशले भने कसैले नसोचेको 'नयाँ मध्यपूर्व'को कसरी सामना गर्ने भन्ने सोच्नुपर्ने हुन सक्छ।

एनडीटीभीबाट

अर्थ पत्रिका
नयाँ पत्रिका
बिहीबार २६ चैत ०८२

सञ्चय कोषको लगानी गर्ने दायरा विस्तार गरिँदै

ऊर्जा उत्पादन तथा प्रसारण, कृषि विकास, पर्यटन, ठुला पूर्वाधार परियोजना, पुँजीबजार र वित्त बजारमा लगानी गर्न सकिने प्रस्ताव

नयाँ पत्रिका

अर्थ मन्त्रालयले कर्मचारी सञ्चय कोषको लगानी दायरा विस्तार गर्ने गरी कर्मचारी सञ्चय कोष ऐन, २०१९ लाई संशोधन गर्न विधेयक तयार पारेको छ। अर्थ मन्त्रालयले विधायन ऐन, ०८१ अनुसार १५ दिनभित्र रायसुझाव उपलब्ध गराउन आह्वान गरेको छ। मन्त्रालयले सर्वसाधारण तथा सञ्चयकर्तासँग सुझाव मागेको हो।

सरकारले आर्थिक वर्ष ०८२/८३ को बजेटमा गरिएको घोषणा कार्यान्वयन गर्न यो संशोधन आवश्यक परेको जनाएको छ। बजेटमा सञ्चय कोष, नागरिक लगानी कोष र सामाजिक सुरक्षा कोषलाई प्राइभेट इक्विटी र भेन्चर क्यापिटलमा लगानी गर्न दिने व्यवस्था गरिएको छ। संशोधन विधेयकको मस्यौदाले कोषलाई नयाँ-नयाँ क्षेत्रमा लगानी गर्न अधिकार दिने व्यवस्था गरेको छ। नयाँ व्यवस्थाअनुसार ऊर्जा उत्पादन तथा प्रसारण, कृषि विकास, पर्यटन, ठुला पूर्वाधार परियोजना, पुँजीबजार र वित्त बजारमा लगानी गर्न सकिनेछ। साथै, कोषले आफैं वा अन्य संस्थासँग मिलेर कम्पनी स्थापना गर्न, म्युचुअल फन्ड सञ्चालन गर्न र प्रचलित कानुनअनुसार स्वीकृत प्राइभेट इक्विटी तथा भेन्चर क्यापिटल फन्डका एकाइमा लगानी गर्न सकिनेछ।



प्रस्तावित संशोधनले कोषको लगानी दायरा विस्तार भई आम्दानी वृद्धि हुने तथा सञ्चयकर्ताले पाउने प्रतिफलमा सुधार आउने अपेक्षा गरिएको छ। साथै, नयाँ क्षेत्रमा लगानी विस्तार हुँदा रोजगारी सिर्जना, आर्थिक गतिविधि विस्तार र समग्र अर्थतन्त्रमा सकारात्मक प्रभाव पर्ने अपेक्षा गरिएको छ।

दिगो विकास लक्ष्य हासिलमा समेत यो संशोधनले योगदान पुऱ्याउने सरकारको दाबी छ। विशेष गरी समावेशी आर्थिक वृद्धि, रोजगारी, उद्योग विकास, नवीनता, पूर्वाधार विकास र लैङ्गिक समानतामा प्रत्यक्ष र परोक्ष प्रभाव पर्ने उल्लेख गरिएको छ।

त्यस्तै सापटी व्यवस्था सुधार, निवृत्तिभरण व्यवस्थापन तथा नयाँ वित्तीय उपकरणमा प्रवेश जस्ता परिवर्तन गर्न खोजिएको छ। कोषको साझेदारीमा आवास परियोजना निर्माण गरी कर्मचारीलाई सहुलियत ब्याजदरमा घरघडेरी उपलब्ध गराउने नीति पनि कार्यान्वयनमा ल्याउन खोजिएको छ।

यसैगरी, आवास क्षेत्रमा पनि कोषको भूमिका विस्तार गर्ने प्रस्ताव छ। कोषले आवास परियोजनामा ऋण लगानी गरी त्यहाँबाट निर्माण भएका घरघडेरी खरिद गर्न कर्मचारीलाई सापटी उपलब्ध गराउने व्यवस्था गरिनेछ। यसले सञ्चयकर्तालाई दीर्घकालीन आवास सुविधाप्राप्त गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ।

संशोधनमार्फत कोषलाई निवृत्तिभरण (पेन्सन), उपदान तथा अन्य अवकाश सुविधासम्बन्धी कोष सञ्चालन र व्यवस्थापन गर्ने अधिकार पनि दिने प्रस्ताव गरिएको छ। यसले संघ, प्रदेश र स्थानीय तह तथा विभिन्न संस्थाका कर्मचारीका अवकाश योजनाहरू एकीकृत रूपमा सञ्चालन गर्न सक्ने सम्भावना खोल्नेछ।

सञ्चयकर्ताको व्यक्तिगत खातासम्बन्धी व्यवस्थामा पनि स्पष्टता ल्याइएको छ। अब कोषमा जम्मा हुने रकम प्रत्येक कर्मचारी वा स्वरोजगार व्यक्तिको नाममा छुट्टै खातामा जम्मा गरिने व्यवस्था गरिएको छ।

सापटी (ऋण)सम्बन्धी प्रावधानमा उल्लेखनीय सुधार प्रस्ताव गरिएको छ। सञ्चयकर्ताले कोषबाट सापटी लिन सक्ने व्यवस्था यथावत राख्दै, सापटी तिरेपछि पुनः रकम झिक्न पाउने प्रावधान स्पष्ट गरिएको छ। यसअघि रहेको दुई वर्षसम्म पुनः सापटी लिन नपाउने प्रतिबन्ध हटाइएको छ। साथै, सापटीको बाँकी साँवा-ब्याज रकम सञ्चित कोषबाटै कट्टी गरी हिसाब मिलान गर्न सकिने व्यवस्था गरिएको छ।

ऋण असुली प्रक्रियामा पनि संशोधन प्रस्ताव गरिएको छ। सापटी नतिरेमा कोषले कम्तीमा ३५ दिनको सूचना प्रकाशित गरी धितो सम्पत्ति लिलाम बिक्री गर्न सक्नेछ। कसैले खरिद नगरेमा कोषले स्वयं त्यस्तो सम्पत्ति सकार गर्न सक्ने व्यवस्था राखिएको छ। साथै, समयमै कारबाही नगरेकै कारण धितोमा कोषको अधिकार समाप्त नहुने स्पष्ट व्यवस्था गरिएको छ। कानुनी र प्रशासनिक व्यवस्थापनतर्फ कोषको कामकारबाही व्यवस्थित गर्न समितिले आवश्यक विनियम, कार्यविधि र निर्देशिका बनाउन सक्ने अधिकार थप स्पष्ट गरिएको छ।

इन्धनको मूल्यवृद्धिपछि बढाइयो सार्वजनिक यातायात र ढुवानी भाडा

यात्रुवाहकको भाडादर १६.७१%, तराई र पहाडमा ढुवानी भाडादर क्रमशः १५.७५% र २१.६८% वृद्धि



यातायात व्यवसायी महासंघका उपाध्यक्ष सरोज सिटौला भन्छन्-



सरकारी नियकासँग उचित समन्वय गरेर नयाँ भाडादर लागू भएको छ। पेट्रोलियम पदार्थमा भएको उच्च मूल्यवृद्धिका कारण भाडा समायोजन गरिएको आमउपभोक्ताले पनि बुझ्नुहुन्छ भन्ने विश्वास छ। एक महिनायता पेट्रोल र डिजेलको मूल्यमा क्रमशः ४५ र ४० रुपैयाँ बढेका कारण समायोजनको विकल्प थिएन। काठमाडौंबाट काँकडभिट्टा जाने बसले तीन सय ५० लिटर तेल खपत गर्छ। त्यसबाट एक ट्रिपमा १२-१३ हजार रुपैयाँ नोक्सानी भइरहेको थियो। अहिलेको समायोजनले केही सहज स्थिति बनेको छ।

अजित अधिकारी/नयाँ पत्रिका

सार्वजनिक सवारीसाधनको भाडादर वृद्धि गरिएको छ। पेट्रोलियम पदार्थको भाउ वृद्धि भएसँगै सरकारले सार्वजनिक सवारीसाधनको यात्रु भाडादर र मालवाहक ट्रकको ढुवानी भाडादर पनि वृद्धि गरेको हो। बुधबारबाट लागू हुने गरी सार्वजनिक सवारीसाधनको यात्रु भाडादर १६.७१ प्रतिशत, तराईको बाटोमा सञ्चालन हुने मालवाहक सवारीको ढुवानी भाडादर १५.७५ प्रतिशत र पहाडी बाटोमा सञ्चालन हुने मालवाहक ट्रकको ढुवानी भाडादर २१.६८ प्रतिशत बढाइएको यातायात व्यवस्था विभागले जनाएको छ।

भाडादर निर्धारणका १३ वटा सूचकहरूमा भएको फेरबदललाई आधार मानेर भाडा समायोजन गरिएको विभागले स्पष्ट पारेको छ। त्यसमध्ये इन्धनको भाउ ५ प्रतिशत घटबढ हुँदा मूल्य समायोजन हुने मापदण्ड छ। चैत महिनालागेयता पेट्रोल ४५ र डिजेल ४० रुपैयाँ प्रतिलिटर महँगिएको छ। त्यसैले, भौतिक पूर्वाधार तथा यातायातमन्त्री सुनील लम्सालको अग्रसरतामा सवारी भाडा वृद्धिको निर्णय गरिएको हो।

विभागले यसअघि २२ पुस, ०८१ मा सवारीसाधनको भाडादर समायोजन गरेको थियो। त्यसयता बजारमूल्यमा आएका परिवर्तन र इन्धनको भाउमा भएको वृद्धिलाई आधार मानेर यसपटक भाडादर समायोजन गरेको विभागले जनाएको छ। हाल निर्धारित भाडादर विद्युतीय सवारीसाधनको हकमा भने लागू नहुने पनि विभागले स्पष्ट पारेको छ।

यातायात व्यवसायी महासंघका उपाध्यक्ष सरोज सिटौलाले मापदण्डअनुसार भाडादर समायोजन गरिएको बताए। 'सरकारी नियकासँग उचित समन्वय गरेर नयाँ भाडादर लागू भएको छ,' उनले भने, 'पेट्रोलियम पदार्थमा भएको उच्च मूल्यवृद्धिका कारण भाडा समायोजन गरिएको आमउपभोक्ताले पनि बुझ्नुहुन्छ भन्ने विश्वास छ।'

एक महिनायता पेट्रोल र डिजेलको मूल्यमा क्रमशः ४५ र ४० रुपैयाँ बढेका कारण समायोजनको विकल्प नभएको पनि उनले बताए। 'काठमाडौंबाट काँकडभिट्टा जाने बसले तीन सय ५० लिटर तेल खपत गर्छ। त्यसबाट एक ट्रिपमा १२-१३ हजार रुपैयाँ नोक्सानी भइरहेको थियो,' उनले भने, 'अहिलेको समायोजनले केही सहज स्थिति बनेको छ।'

कच्चा तेलको भाउमा १३ प्रतिशत गिरावट

काठमाडौं/ अन्तर्राष्ट्रिय बजारमा कच्चा तेलको भाउमा १३ प्रतिशत गिरावट आएको छ। अमेरिका र इरानबिच जारी युद्ध केही दिनका लागि स्थगित भएको विषय बाहिरिएपछि कच्चा तेल आपूर्ति हुने प्रमुख जलमार्ग 'स्ट्रेट अफ हर्मुज' को अवरोध हट्ने अपेक्षाले कच्चा तेलको भाउ घटेको हो। स्ट्रेट अफ हर्मुज क्षेत्रमा भएको भू-राजनीतिक तनाव कम हुँदा मध्यपूर्वका देशले आपूर्ति बढाउने र मूल्य घट्ने विश्वास छ।

बुधबार घटेको मूल्य पछिल्लो समय एकैदिनमा आएको सबैभन्दा ठुलो गिरावटमध्ये एक भएको अन्तर्राष्ट्रिय सञ्चारमाध्यमले जनाएका छन्। बुधबार साँझ कच्चा तेलको भाउ ९५ डलर प्रतिब्यारेलमा ओर्लिएको छ। दुई साताअघि भने प्रतिब्यारेल १ सय १० डलर कायम भएको थियो। कच्चा तेलको भाउमा आएको उछालका कारण नेपाली बजारमा समेत इन्धनको भाउ अकासिएको छ। हाल पेट्रोल २ सय २ र डिजेल तथा मट्टितेल १ सय ८२ रुपैयाँ प्रतिलिटर कायम भएको छ। हवाई इन्धनको भाउ पनि बढेर २ सय ५१ रुपैयाँ प्रतिलिटर पुगेको छ।

सबैभन्दा बढी काठमाडौं-बाजुरा ५२ सय ६४ भाडादर कायम

लामो दूरीका सवारीसाधनको भाडादर सबैभन्दा बढी काठमाडौंबाट अत्तरिया हुँदै बाजुराको बार्तडी बजार पुग्ने सुपर डिलक्सको प्रतियात्रु पाँच हजार दुई सय ६४ रुपैयाँ निर्धारण गरिएको छ। त्यसपछि काठमाडौंबाट अत्तरिया हुँदै बझाङको चैनपुर पुग्ने यात्रुले सुपर डिलक्स भाडादरबापत पाँच हजार दुई सय ३५ रुपैयाँ तिर्नुपर्ने भाडादर कायम भएको छ।

त्यस्तै, काठमाडौंबाट धनगढी-सीतागढी-साँफेबगरसम्मको सुपर डिलक्स भाडादर चार हजार सात सय ९१ रुपैयाँ कायम भएको छ। काठमाडौंबाट अत्तरिया-डडेल्धुरा-बैतडीसम्मको सुपर डिलक्स भाडादर प्रतियात्रु चार हजार पाँच सय ६२ रुपैयाँ पुगेको छ। पश्चिम महेन्द्रनगरदेखि पूर्व काँकडभिट्टासम्मको सुपर डिलक्स बस भाडा प्रतियात्रु चार हजार चार सय दुई रुपैयाँ छ। त्यस्तै, काठमाडौंबाट विराटनगर पुग्न दुई हजार ६ सय ८६, जनकपुर पुग्न एक हजार आठ सय ८१, पोखरा पुग्न एक हजार ९६, बुटवल पुग्न १३ सय २७, सुर्खेत पुग्न ३ हजार ९६ र धनगढी पुग्न ३३ सय ७९ रुपैयाँ भाडादर निर्धारण गरिएको छ।

प्रति यात्रु कति बढ्यो ?

तराईको लामो रुटमा प्रतिव्यक्ति प्रतिकिलोमिटर २.९३ रुपैयाँ रहेकोमा बढाएर ३.४२ रुपैयाँ कायम भएको छ। तराईको छोटो रुटमा प्रतिव्यक्ति प्रतिकिलोमिटर तीन रुपैयाँ रहेकोमा बढाएर ३.५ रुपैयाँ तथा काठमाडौं-पोखरा र पोखरा-नारायणगढ खण्डका लागि प्रतिव्यक्ति प्रतिकिमि ३.२४ रुपैयाँ रहेकोमा बढाएर ३.७८ रुपैयाँ कायम भएको छ। मालवालहकतर्फ तराईमा प्रतिकिमि प्रतिटन ७.७२ रहेकोमा ८.९३ र पहालमा प्रतिकिमि प्रतिटन १४.७७ रहेकोमा बढाएर १७.९७ कायम भएको छ।

आवश्यकता

प्रथम पटक प्रकाशित मिति : २०८२/१२/२६

रसुवा जिल्ला आमछोदिङ्मो गा.पा. वाड नं ५, तातोपानी स्थित Salasungi Power Private Limited को लगानीमा निर्माण भएको Sanjen Khola Hydropower Project 78 MW हालसालै सञ्चालनमा आएको हुँदा उक्त आयोजनाको Management and Opertion Maintenance Service लागि निम्न दक्ष जनशक्तिहरूको आवश्यकता परेको हुँदा ईच्छुकहरूले यो सूचना प्रकाशित भएको मितिले ७ दिन भित्र निम्न ठेगानामा आवेदन दिनु हुन अनुरोध गरिन्छ।

सि.नं	पद	योग्यता	माग संख्या	अनुभव
1	Deputy General Manager	BE	१	सम्बन्धित काममा कम्तिमा ५ वर्षको कार्य अनुभव भएको चिनियाँ र अंग्रेजी भाषामा दक्ष एवम् कम्प्युटरको राम्रो ज्ञान भएको
2	Finance Officer Assistant	BBA/BBS	१	अनुभव नभएकाले पनि आवेदन दिन सकिने।
3	Administrative Manager	BA/BBS	१	सम्बन्धित काममा कम्तिमा ५ वर्षको कार्य अनुभव भएको चिनियाँ र अंग्रेजी भाषामा दक्ष एवम् कम्प्युटरको राम्रो ज्ञान भएको

१ गर्नु पर्ने कामको विवरण : आयोजनाको आवश्यकता अनुसार
२ कार्य क्षेत्र र स्थल : आयोजना स्थल अनुसार
३ कार्यरत रहने अवधि : १ वर्ष
४ संलग्न कागजतहरू : शैक्षिक प्रमाण-पत्र र अनुभवका कागजहरू

China International Water and Electric Corporation
बालुवाटार, काठमाडौं, ईमेल : cwenepal@info.com.np

Jay Gobinda Sah Polytechnic Institute
जय गोविन्द साह पोलिटेक्निक इन्स्टिच्युट
गोलबजार-६, सिरहा

आवश्यकता

प्रथम पटक प्रकाशित मिति : २०८२/१२/२६ गते

यस शिक्षालयका लागि निम्न योग्यता पुगेका नेपाली नागरिकलाई आवश्यक प्रशिक्षक र ल्याब बोय पदका लागि करार सेवामा पदस्थापना गर्नुपर्ने भएकाले योग्यता पुगेका कुनै बात कसुर नलागेका देहायमा उल्लेख बमोजिम आफ्नो नागरिकता, एस.एल.सी. वा सो सरह एवम् सो भन्दामाथिको शैक्षिक योग्यताको लब्धांक पत्र, ट्रान्सक्रिप्ट तथा चारित्रिक प्रमाणपत्रहरूको प्रतिलिपी र हालसालै खिचेको पासपोर्ट साइजको ३ प्रति फोटो समेत तोकिएको दस्तुरसहित पहिलो पटक प्रकाशित मितिले ९ (नौ) दिन भित्र रितपूर्वक दरखास्त पेश गर्नु हुन सूचित गरिन्छ। रित नपुगेको र म्याद नाघेको दरखास्त उपर कुनै कारबाही हुनेछैन।

विज्ञापन नं.	पद	विषय	संख्या	आवश्यक न्यूनतम योग्यता
१/०८२/०८३	प्रशिक्षक	आइ. टि.	१	मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित विषयमा कम्तिमा स्नातक द्वितीय श्रेणीमा उत्तिर्ण गरेको वा सो सरह
२/०८२/०८३	ब्याव बोय	डिप्लोमा तह सिभिल इन्जि./फार्मेसी वा सो सरह	१	मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित विषयमा कम्तिमा डिप्लोमा द्वितीय श्रेणीमा उत्तिर्ण गरेको वा सो सरह

पुनश्च : अनुभवीलाई विशेष ग्राह्यता दिइनेछ।
नागरिकता : नेपाली
उमेर : कम्तिमा २५ वर्ष उमेर पुगेको
विज्ञापन नं. १ को लागि आवेदन दस्तुर : रु २,५००/-
विज्ञापन नं. २ को लागि आवेदन दस्तुर : रु. १,५००/-
आवेदन फारमसँग उमेर खुलेको नागरिकता, शैक्षिक योग्याताको प्रमाणपत्र लब्धांकको प्रमाणपत्र, अनुभव र तालिमको प्रमाणपत्र सम्बन्धित परिषद्को प्रमाणित प्रतिलिपी पेश गर्नु पर्नेछ। उपरोक्त कागजातहरूमा टिपेक्स/केरमेट भएको पाइएमा मान्य हुनेछैन।
दरखास्त दिने अन्तिम मिति : २०८३ वैशाख ०४ गतेसम्म।
परीक्षाको किसिम : संस्थाको नियमानुसार।
तलब सुविधा : **CTEVT/**नगरपालिकाको नियमानुसार।
दरखास्त बुझाउने स्थान : शिक्षालयको कार्यालय बिहान ७:०० बजेदेखि दिउँसो २:०० बजेसम्म।
अन्य थप जानकारीको लागि यस शिक्षालयको कार्यालय समयमा सम्पर्क राख्न सकिने छ। आवेदन शुल्क नेपाल बैंक लिमिटेड, च.हि.नं. १२०००१०६८९०३६५०००००१ मा जम्मा गरी सोको भौचर दरखास्त फारम साथ पेश गर्नु पर्नेछ।
सम्पर्क नं. : ०३३-५९००६९, ९८५२८३६३०५/९८४२८४०२४४
Email : jaygobindsah.pi@gmail.com

संक्षेप

सोमबारदेखि शुक्रबारसम्म अब सेयर कारोबार



काठमाडौं/ नेपाल स्टक एक्सचेन्ज (नेप्से)ले अब सोमबारदेखि शुक्रबारसम्म सेयर कारोबार हुने जनाएको छ। मन्त्रिपरिषद्ले २२ गते गरेको निर्णयअनुसार कारोबार समय परिवर्तन गरिएको नेप्सेले बुधबार एक सूचना जारी गर्दै जानकारी दिएको हो।

सरकारले २२ गतेको मन्त्रिपरिषद्को निर्णयमार्फत सरकारी कार्यालयहरू बिहान ९ बजेदेखि बेलुकी ५ बजेसम्म सञ्चालन हुने र शनिबार तथा आइतबार सार्वजनिक बिदा रहने पनि तय गरेको थियो। अब शानिवार र आइतबार नेप्से कारोबार बन्द हुनेछ।

४० माइक्रोनभन्दा पातलो प्लास्टिकमा कडाइ



काठमाडौं/ सरकारले ४० माइक्रोनभन्दा कम मोटाइको प्लास्टिक झोलाको उत्पादन, आयात, भण्डारण र बिक्री-वितरण र प्रयोगमा रोक लगाउने गरी प्लास्टिक झोला (नियमन तथा नियन्त्रण) निर्देशिका, ०८२ जारी गरेको छ।

नयाँ मापदण्डमा ७ बाई १४ इन्च वा सोभन्दा ठुलो साइजको मात्र प्लास्टिक झोला उत्पादन गर्नुपर्ने व्यवस्थासमेत राखिएको छ। त्यसैगरी, १४ बाई २८ इन्च वा सोभन्दा ठुलो साइजको गार्बेज झोलाको मात्र उत्पादन र प्रयोग गर्न पनि पाइने गरी मापदण्ड तयार भएको छ। गार्बेज झोला फोहोर संकलनका लागि मात्र प्रयोग गर्न पाइने भएको छ।

नेपालको आर्थिक वृद्धिदर २.३ प्रतिशतमा सीमित रहने विश्व बैंकको प्रक्षेपण

नयाँ पत्रिका

चालू आर्थिक वर्ष ०८२/८३ मा नेपालको आर्थिक वृद्धिदर २.३ प्रतिशतमा सीमित हुने विश्व बैंकले प्रक्षेपण गरेको छ। विश्व बैंकले बुधबार सार्वजनिक गरेको 'नेपाल डेभलपमेन्ट अपडेट'ले आर्थिक वृद्धिदर गत आवको तुलनामा २.३ विन्दु प्रतिशतले घट्ने देखाएको हो।

विश्व बैंकले मध्यपूर्वमा जारी द्वन्द्व र आन्तरिक अवरोधका बिच आर्थिक वर्ष ०८२/८३ मा नेपालको आर्थिक वृद्धिदर मध्यम रहने प्रक्षेपण गरेको हो। 'पछिल्लो आर्थिक परिदृश्यअनुसार, मध्यपूर्वमा जारी द्वन्द्व र भदौमा भएको आन्तरिक आन्दोलनको असरका कारण नेपालको आर्थिक वृद्धिदर अघिल्लो आर्थिक वर्ष ०८१/८२ को ४.६ प्रतिशतको तुलनामा घटेर चालू आर्थिक वर्ष ०८२/८३ मा २.३ प्रतिशतमा सीमित हुने प्रक्षेपण गरिएको छ,' प्रतिवेदनमा उल्लेख छ। आगामी दिनलाई हेर्दा पुनर्निर्माण कार्य, जलविद्युत्को निरन्तर विस्तार र ०८४ सालमा हुने प्रदेश तथा स्थानीय निर्वाचनसँग सम्बन्धित उपभोगका कारण आर्थिक वर्ष ०८४/८५ मा आर्थिक वृद्धिदर औसत ४.४ पुग्ने अपेक्षा गरिएको विश्व बैंकले उल्लेख गरेको छ।

नेपाल डेभलपमेन्ट अपडेट 'आर्थिक वृद्धि दबाबमा आन्तरिक र विश्वव्यापी आघातहरूको सामना' प्रतिवेदनले सुस्त पर्यटन गतिविधि, उच्च यातायात खर्च र आपूर्ति शृंखलामा आउन सक्ने सम्भावित अवरोधका कारण आर्थिक वर्ष ०८२/८३ मा सेवा क्षेत्र सबैभन्दा बढी प्रभावित हुने प्रक्षेपण गरेको छ। 'आर्थिक परिदृश्य अझै पनि अनिश्चित छ। मध्यपूर्वमा लम्बिएको द्वन्द्वले पर्यटकको आगमन घटाउन सक्ने, विप्रेषण प्रवाहमा कमी ल्याउन सक्ने, उपभोग कमजोर बनाउने र समग्र आर्थिक गतिविधिलाई सुस्त बनाउन सक्ने देखिन्छ,' प्रतिवेदनमा उल्लेख छ। फागुनमा सम्पन्न प्रतिनिधिसभा निर्वाचनपछि सुधारिएको राजनीतिक स्थिरता, सबल समष्टिगत आर्थिक व्यवस्थापन, पर्याप्त विदेशी विनिमय सञ्चिति र निरन्तर संरचनागत सुधारले लगानीकर्ताको मनोबल उचो बनाउनुका साथै निजी लगानी र वृद्धिलाई बढावा दिन सक्नेसमेत विश्व बैंकले उल्लेख गरेको छ।



माल्दिभ्स, नेपाल र श्रीलंकाका लागि विश्व बैंकका डिभिजन निर्देशक डेभिड सिस्लेनले नेपालको आर्थिक उत्थानशीलतालाई सुदृढ र थप रोजगारी सिर्जना गर्न निजी क्षेत्रको नेतृत्वमा हुने आर्थिक वृद्धिले महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने बताए। 'यसका लागि नेपालले व्यावसायिक वातावरणमा सुधार गर्नुपर्छ, आधारभूत पूर्वाधारको विकास गर्नुपर्छ, निजी लगानी परिचालन गर्नुपर्छ र पर्यटन, सूचना प्रविधि तथा कृषि व्यवसायजस्ता प्राथमिकताका क्षेत्रलाई सहयोग प्रदान गर्नुपर्छ,' उनले भने।

विश्व बैंकको पछिल्लो दक्षिण एसियाली आर्थिक अध्ययन 'औद्योगिक नीतिसँगको सहकार्य'ले विश्वव्यापी ऊर्जा बजारमा आएको अवरोधका कारण दक्षिण एसियाको आर्थिक वृद्धिदर सन् २०२५ को ७ प्रतिशतको तुलनामा घटेर सन् २०२६ मा ६.३ प्रतिशतमा झर्ने प्रक्षेपण गरेको छ। आर्थिक वृद्धिमा आउने यो गिरावटका बाबजुद दक्षिण एसिया अन्य उदीयमान बजार र विकासोन्मुख अर्थतन्त्रको तुलनामा दक्षिण एसियामा अझै पनि द्रुतगतिमा विस्तार भइरहेको छ। सन् २०२७ मा यो वृद्धिदर ६.९ मा फर्किने अपेक्षा गरिएको छ।

शाखा कार्यालय समायोजन सम्बन्धी सूचना

यस बैंकका तपसिलका शाखा कार्यालयहरु मिति २०८३/०४/१८ गतेदेखि एक आपसमा समायोजन गरी कारोबार सञ्चालन गर्न लागिरहेको र समायोजन हुने शाखाका ग्राहक महानुभावहरुले समायोजन भई सञ्चालनमा रहने शाखा कार्यालयबाट सम्पूर्ण बैंकिङ्ग सेवा सुविधाहरु लिन सक्नुहुने भएकोले सम्बन्धित सम्पूर्ण ग्राहक महानुभावहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। यसबाट ग्राहक बर्गमा पर्न जाने असुविधाप्रति बैंक क्षमाप्रार्थी छ।

क्र.सं.	प्रदेश	शाखा कार्यालय रहेको जिल्ला	समायोजन हुने शाखा कार्यालय	समायोजन पश्चात सञ्चालनमा रहने शाखा कार्यालय	अन्दाजी दुरी
१	बागमती	चितवन	हाकिम चोक	नारायणगढ	३.० कि.मि.
२	बागमती	काठमाडौं	बालाजु	गोंगबु	१.७ कि.मि.
३	बागमती	काठमाडौं	खुसीबु	डल्लु	१.३ कि.मि.
४	बागमती	काठमाडौं	कलंकी	स्वयम्भु	२.५ कि.मि.
५	बागमती	काठमाडौं	कोटेश्वर	नयाँ बानेश्वर	१.८ कि.मि.
६	बागमती	काठमाडौं	ठमेल	दरबारमार्ग	०.७ कि.मि.
७	गण्डकी	कास्की	लामाचौर	बगर	३.० कि.मि.
८	मधेश	पर्सा	विरगंज (लिंकरोड)	आदर्शनगर	१.० कि.मि.

यस सम्बन्धी थप जानकारी प्राप्त गर्नका लागि बैंकको २४ सै घण्टा सुचारु रहने ग्राहक सेवा केन्द्र (०१-५९७०५५५) मा सम्पर्क गर्नुहुन अनुरोध गर्दछौं।

माछापुच्छे बैंक
सबल, उत्कृष्ट एवं विस्तारित
केन्द्रीय कार्यालय, लाजिम्पाट

सुनकोशी-मरिणको ठेक्का ९० दिनभित्र लगाइने

काठमाडौं/ राष्ट्रिय गौरवको सुनकोशी-मरिण डाइभर्सन बहुउद्देश्यीय आयोजनाको ठेक्का प्रक्रिया ९० दिनभित्र सम्पन्न गर्ने ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री विराजभक्त श्रेष्ठले प्रतिबद्धता जनाएका छन्। ७३औँ सिँचाइ दिवसको अवसरमा बुधबार आयोजित कार्यक्रममलाई सम्बोधन गर्दै उनले यस्तो बताएका हुन्।

गत ८ मंसिरमा तत्कालीन ऊर्जामन्त्री कुलमान घिसिङको अग्रसरतामा मरिणको ठेक्का सम्झौता तोडिएको थियो। आयोजनाले २४ कात्तिकमा उक्त प्याकेज निर्माणका लागि पटेल–रमण जेभीसँग ठेक्का सम्झौता तोड्ने १४ दिने सार्वजनिक सूचना जारी गरेको थियो। त्यस्तै, भेरी-बबई आयोजना दुई वर्षमा सम्पन्न गर्ने लक्ष्य लिइएको मन्त्री श्रेष्ठले बताए। सिक्टा, भेरी-बबई, रानी जमरा कुलरिया र सुनकोशी-मरिणजस्ता सिँचाइ आयोजना अलपत्र अवस्थामा नछोडिने उनले प्रतिबद्धता जनाए।

त्यस्तै गण्डक, नारायणी, बागमती, सुनसरी-मोरङ जस्ता ठूला सिँचाइ प्रणालीको मर्मत, पुनर्स्थापना र व्यवस्थापकीय सुधारलाई सरकारले प्राथमिकतामा राखेको उल्लेख गरे। मन्त्री श्रेष्ठले भने, 'वास्तविक अवरोध कहाँ छन् ? त्यसको जानकारी दिनुहोस् हामी समाधानको प्रयास गर्नेछौं।' अबका दिनमा सिँचाइ खेतमा पानी पुऱ्याउने माध्यमका रूपमा मात्र नहेरेर पानीलाई ऊर्जा, खाद्य सुरक्षा, वातावरण र जीविकोपार्जनलाई समेत जोड्ने गरी एकीकृत प्रणालीको व्यवस्था गरिने मन्त्री श्रेष्ठको भनाइ छ।

अभिकर्तालाई नेसनल लाइफको तालिम



काठमाडौं/ नेसनल लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडले विभिन्न शाखा कार्यालयमा आबद्ध अभिकर्ता समूहलाई एकदिने तालिम प्रदान गरेको छ। कम्पनीले तोकिएको बिमाशुल्क संकलन गरी छनोट भएका एक सय ६० जना अभिकर्तालाई तालिम दिएको छ। यो कार्यक्रम मासिक योजना 'मन्थन २०८२' अन्तर्गत सञ्चालन गरिएको बताइएको छ।

तालिममा सुदूरश्चिम र कर्णाली प्रदेशअन्तर्गतका सबै शाखा कार्यालय र लुम्बिनीअन्तर्गतका केही शाखा कार्यालयका अभिकर्ता सहभागी थिए। उनीहरूलाई प्रशिक्षक सैयद अफजल अहमदले बिमा क्षेत्र एमडिआरटी उपाधि लक्ष्य पूरा गर्ने उपायबारेमा विभिन्न उदाहरण प्रस्तुत गरेका थिए।

कार्यक्रमको उद्घाटन कम्पनीका सहायक महाप्रबन्धक विवेक शर्माले पानसमा दीप बालेर गरेका थिए। सुदूरपश्चिम प्रदेश प्रमुख नवीनकिशोर भट्टले सहभागीलाई स्वागत गरे। यस्तै, एजेन्सी विभाग प्रमुख सुशीलप्रताप राणाले अभिकर्तालाई आफ्नो पेसामा उत्कृष्टता हासिल गर्न कम्पनीले विभिन्न योजनामार्फत प्रशिक्षण प्रदान गर्दै आइरहेको बताए।

यसैगरी, कार्यक्रममा विभिन्न शाखामा रही उत्कृष्ट कार्य गरी शाखास्तरीय प्रथम, द्वितीय र तृतीय हुने अभिकर्तालाई शर्माले मायाको चिनो प्रदान गरेका थिए।

सिजीका घरायसी उपकरणमा नयाँ वर्ष बम्पर उपहार योजना

काठमाडौं/ लेक्ट्रोनिक्स ब्रान्ड सिजी इलेक्ट्रोनिक्सले घरायसी उपकरण श्रेणीका लागि नयाँ वर्षको बम्पर उपहार योजना ल्याएको छ। कम्पनीले साना घरायसी उपकरण श्रेणीअन्तर्गत 'एक्सपेरियन्स लाइफ विथ सिजी : भरोसा नेपालीको, उत्सव नयाँ वर्षको' अभियान सार्वजनिक गरेको हो।



दैनिक जीवनलाई अझ सहज, स्मार्ट र आरामदायी बनाउने उद्देश्यसहित सिजीले आफ्ना आधुनिक साना घरायसी उपकरणहरू आकर्षक अफर तथा उपहार योजनासहित उपभोक्तामाझ प्रस्तुत गरेको जनाएको छ।

योजनाअन्तर्गत ग्राहकले सिजीका साना घरायसी उपकरण खरिद गर्दा प्रत्येक १५ दिनमा 'सेट अफ पाँच प्रोडक्ट्स' जित्ने अवसर प्राप्त गर्नेछन्। ग्राहक सामान खरिदपश्चात् क्युआर स्क्यान गरी योजनामा सहभागी हुन सक्नेछन्। अभियानको मुख्य आकर्षण बम्पर उपहार हो। जसअन्तर्गत भाग्यशाली विजेताले मेघौली सेराईमा विलासी बसाइँ तथा हिरो सुपरस्प्लेन्डर मोटरसाइकल जित्न सक्नेछन्। यो योजना चैत २२ गतेदेखि सीमित अवधिका लागि देशभर लागू भइसकेको बताइएको छ।

योजनामा सहभागी हुन ग्राहकले देशभरका २१ वटा आधुनिक सिजी डिजिटल सोरुम, कम्पनीको आधिकारिक वेबसाइट, तथा सिजी ब्रान्डका उत्पादन उपलब्ध आधिकारिक बिक्री केन्द्रबाट सिजीका साना घरायसी उपकरण खरिद गर्न सक्नेछन्।

सुबिसुको आयोजनामा 'एपाक आइपिभी सिक्स काउन्सिल मिट' हुँदै



काठमाडौं/ इन्टरनेट सेवाप्रदायक कम्पनी सुबिसुले चौथो एपाक आइपिभी सिक्स काउन्सिल मिट आयोजना गर्ने भएको छ। अन्तर्राष्ट्रियस्तरको यो सम्मेलन २७-२८ चैतमा काठमाडौंमा हुँदै छ। नेपालमा हुने यस्ता अन्तर्राष्ट्रिय प्रविधि सम्मेलनले सरकारको 'डिजिटल नेपाल' अभियान साकार पार्ने महत्त्वपूर्ण कदमका रूपमा लिइएको कम्पनीले जनाएको छ। सम्मेलनले नेपाललाई एसिया-प्रशान्त क्षेत्रको डिजिटल पूर्वाधार विमर्शको केन्द्रमा स्थापित गर्ने अपेक्षा गरिएको छ।

सम्मेलनमा फाइभ-जी, स्मार्ट सिटी र ठुला औद्योगिक स्वचालनजस्ता नवीनतम प्रविधिका लागि आवश्यक आइपिभी कसरी प्रदान गरिन्छ भन्ने विषयमा अनुभव साटासाट हुनेछ। यसले नेटवर्कहरूमा बढ्दो साइबर खतराबारे पनि ध्यानाकर्षण गराउने बताइएको छ।

यस वर्षको सम्मेलन विशेष गरी इन्टरप्राइज नेटवर्क आर्किटेक्चरमा (आइपिभी)को व्यावहारिक प्रयोगमा केन्द्रित रहने बताइएको छ।

पोखरामा फ्लेयर मास्टर च्याम्पियनसिप हुँदै

कास्की/ पोखरामा पहिलोपटक पोखरा फ्लेयर मास्टर च्याम्पियनसिप हुने भएको छ। नेपाली बारटेन्डरहरूको कलात्मकता र प्राविधिक दक्षतालाई उजागर गर्दै व्यावसायिक तालिमलाई विश्वव्यापी रोजगारीको बाटोका रूपमा स्थापित गर्न यो कार्यक्रम हुन लागेको हो। बुधबार पोखरामा पत्रकार सम्मेलन गरी यसबारे जानकारी दिइएको हो। कान्तिपुर होटेल ट्रेनिङ सेन्टरको आयोजना एवं कान्तिपुर टुरिजम एन्ड होटेल म्यानेजमेन्ट कलेजको सहकार्यमा २७ चैतमा प्रतिस्पर्धा हुन लागेको आयोजकले जनाएको छ।

आयोजक सेन्टरका संस्थापक अध्यक्ष विजय पौडेलले संसारभरका होटेलमा चलिरहेको ट्रेन्डिङमा विभिन्न पेय पदार्थ र विशेष गरी कक्टेल मक्टेल मिलाई पाहुनालाई पस्कन सक्ने कलामा च्याम्पियनसिप हुन लागेको हो।

बारटेन्डरहरूले दुईभन्दा बढी पेय पदार्थका बोत्तल घुमाएर, नचाएर



ग्राहकलाई खुसी बनाउनेछन्। यो च्याम्पियनसिपमा प्रथम हुनेले ४० हजार नगदसँगै प्याराग्लाइडिङको टिकट, दोस्रोले २५ हजार, तेस्रोले १५ हजार तथा चौथोले पाँच हजार पाउनेछन्। उत्कृष्ट कक्टेलले पाँच हजार नगद र बन्जी जम्पको टिकट, उत्कृष्ट बोटल घुमाउने कलाले पाँच हजार रुपैयाँ पुरस्कार पाउनेछन्।

विजेता सबै ६ जनाले ट्रफी, गिफ्टह्याम्पर, सम्मानपत्र र प्रमाणपत्रसमेत पाउने आयोजकले जनाएका छन्। अन्य सबै सहभागीहरूलाई मायाको चिनो र सहभागिताको प्रमाणपत्र दिइने पौडेलले जानकारी दिए। पौडेलका अनुसार बोतल घुमाएर नचाएर ग्राहकलाई खुसी बनाउने कलामा पोख्त बारटेन्डरहरूको विश्वबजारमा निकै माग छ। उनीहरूले मासिक कम्तीमा दुई लाख तलब पाउने उनको भनाइ छ।

कार्यक्रम संयोजक निश्चल देवकोटाले सेतो बाघ भोड्काको प्रस्तुतिमा हुने च्याम्पियनसिपमा भाग लिन राष्ट्रियस्तरका ६७ जना बारमेनहरूले नाम दर्ता गरेकोको बताए। पहिलो र दोस्रो चरणको छनौट पछि अन्तिम प्रतिस्पर्धाका लागि ३७ जना छनोट गरिएको जानकारी दिए।

घाम ऊर्जाको आइपिओ बिक्री प्रबन्धकमा एनएमबि



काठमाडौं/ घाम ऊर्जा सेवा लिमिटेडले प्राथमिक सेयर निष्कासन (आइपिओ)का लागि एनएमबि क्यापिटल लिमिटेडलाई निष्कासक तथा बिक्री प्रबन्धक नियुक्त गरेको छ। नियुक्तिसम्बन्धी सम्झौतमा घाम ऊर्जाका अध्यक्ष अन्जल निरौला र एनएमबि क्यापिटलका प्रमुख कार्यकारी अधिकृत दीपेशकुमार वैद्यले हस्ताक्षर गरेका छन्।

यो साझेदारीले घाम ऊर्जाको नेपालभर नवीकरणीय ऊर्जा विस्तार गर्ने लक्ष्य प्राप्त गर्न महत्त्वपूर्ण भूमिका खेल्ने बताइएको छ। दुवै पक्षले यस साझेदारीप्रति उत्साह व्यक्त गर्दै आइपिओलाई सफल बनाउन र सरोकारवालाका लागि उत्कृष्ट प्रतिफल सुनिश्चित गर्न आफ्नो प्रतिबद्धता जाहेर गरेका छन्।

घाम ऊर्जा सेवाले व्यावसायिक तथा औद्योगिक ग्राहकलाई रुफटप सौर्य ऊर्जा प्रविधि उपलब्ध गराउँदै आएको छ। १५ देखि २० वर्षको विद्युत् खरिद सम्झौता मोडेलमा सञ्चालित यस कम्पनीले व्यवसायहरूलाई कुनै पनि प्रारम्भिक लागतविना ऊर्जामा आत्मनिर्भर बन्ने अवसर प्रदान गर्छ।

एनएमबि बैंक लिमिटेड,
बबरमहल, काठमाडौं फोन नं: ५३४६१६०
हकदावी गर्न आउने बारेको ३५ (पैंतीस) दिने सार्वजनिक सूचना
प्रकाशित मितिः २०८२/१२/२६

यस बैंकको निक्षेपकर्ता श्री चतुरभुज राउतको नाति, श्री खडक बहादुर राउतको छोरा सप्तरी जिल्ला, सुरुङ्गा ना.पा, वडा नं १ पिप्रा पश्चिम बस्ने श्री **कृष्ण बहादुर राउत क्षेत्री** (न पा न ७३८४०४०९) जारी मिति २०४२/०१/२७ गते, वर्ष ७९ को उमेरमा मिति २०८२/०९/२६ गते निधन भएकोले मृतकको नाममा यस बैकमा खोलिएको बचत खातामा रहेको रकमहरु उपलब्ध गराई दिनु होस् भनी निजको पत्नी श्रीमती खडक माया राउत क्षे. ले मृत्यदर्ताको प्रमाणपत्र लगायतका कागजातहरु समेत संलग्न गरी निवेदन दिनु भएको हुँदा निज निक्षेपकर्ताको निक्षेपमा निवेदक बाहेक अन्य कुनै व्यक्तिको हकदावी रहेको भए यो सूचना उपरोक्त प्रकाशित भएको मितिले ३५ दिन भित्र हकदावी गर्न आउनु हुन अनुरोध छ। अन्यथा उपरोक्त बमोजिमको निक्षेप रकमहरुमा निवेदकको माग बमोजिमको श्रीमती खडक माया राउत क्षे. को हक हुने हुँदा सम्बधित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

हार्दिक श्रद्धाञ्जली



जन्म:
वि.सं. २००६
मंसिर १७ गते

स्वर्गारोहण:
वि.सं. २०८२
चैत्र १४ गते

स्व. चित्र कुमारी थापा

हाम्रा सहकर्मी श्री विनोद थापाकी ममतामयी माता **चित्र कुमारी थापा**को स्वर्गारोहण भएको आज १३औं दिनको पुण्य तिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै शोक सन्तप्त परिवारप्रति हार्दिक समवेदना प्रकट गर्दछौं।

सानिमा बैंक
www.sanimabank.com
पो.ब.नं: २०३९४, 'अलकापुरी', नक्साल, काठमाडौं, फोन: +९७७-१-५९७००३३
फ्याक्स: +९७७-१-४५२८९६९, ईमेल: sanima@sanimabank.com

Gurkhas Finance Ltd.
गोर्खाज फाइनान्स लि.
Your Financial Friend
नेपाल राष्ट्र बैंकबाट 'ग' वर्गको इजाजतपत्रप्राप्त संस्था

केन्द्रिय कार्यालय:
चारखाल रोड, डिल्लीबजार, काठमाडौं
फोन नं.: ०१-४५३७४०७, फ्याक्स नं.: ०१-४०११५२५
Email: info@gurkhasfinance.com.np
Website: www.gurkhasfinance.com.np

धितोमा रहेको सम्पत्ति पूनः लिलाम बिक्री सम्बन्धी ७ (सात) दिने गोप्य शिलबन्दी बोलपत्र आव्हान गरिएको सार्वजनिक सूचना

(प्रकाशित मितिः २०८२।१२।२६ नयाँ पत्रिका राष्ट्रिय दैनिक)

यस वित्तीय संस्थाबाट तपसिलमा उल्लेखित ऋणीहरूले लिनु भएको कर्जा रकम संस्थासंग कर्जा लिदा गर्नु भएको शर्त कबुलियत बमोजीम भुक्तानी नगरी शर्तहरू उल्लंघन गर्नु भएकोले बक्यौता रकम भुक्तानीका लागि संस्थाबाट पटक-पटक मौखिक, लिखित तर-ताकेतागर्नुका साथै कर्जा चुक्ता/भुक्तानी गर्न आउन भनि ३५ (पैंतिस) दिने सार्वजनिक सूचना, धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी विभिन्न मितिमा सार्वजनिक सूचना प्रकाशित गर्दा समेत सम्बन्धित ऋणीहरू तथा जमानीकर्ताहरूले सोको पूर्ण बेवास्ता गरी कर्जा चुक्ता गर्नेतर्फ कुनै पहल नगरेकोले पूनः यो सूचना प्रकाशित गरिएको छ। अत : यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र उक्त कर्जाको सम्पूर्ण साँवा, ब्याज, हर्जना लगायतका अन्य दै दस्तुर समेत चुक्ता/भुक्तान गर्न/गराउनको लागि सम्बन्धित ऋणी, जमानतकर्ताहरू समेतलाई यो सूचनाद्वारा जानकारी गराईन्छ। उक्त म्याद भित्र समेत कर्जा चुक्ता नभएमा ऋणी तथा जमानतकर्ताहरू लगायत सम्बद्ध सबैलाई ने.रा. बैंकबाट बैंक तथा वित्तीय संस्थाहरूलाई जारी एकीकृत निर्देशन, बमोजीम कर्जा सूचना केन्द्रको कालो सूचीमा नाम समावेश गरिने व्यहोरा जानकारी गराउदै, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ र सोको नियमावली, २०५९ र अन्य प्रचलित ऐन, कानुन बमोजिम ऋणीले कर्जा लिंदा सुरक्षण वापत यस संस्थालाई धितो बन्धक लेखि/लेखाई दिएको तपसिलमा उल्लेखित सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ, सोही अवस्थामा लिलाम बिक्री गरिने भएको हुँदा खरिद गरि लिन चाहने व्यक्ति, संघ संस्थाहरूले यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्रमा निम्न मिति, समय र स्थानमा निम्न शर्तहरूको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र दाखिला गर्नु हुन आव्हान गरिन्छ। प्राप्त शिलबन्दी फारमहरू आठौं दिन (सो दिन बिदा भएमा सो को भोली पल्ट) खोलिने हुँदा सो सम्पत्ति खरिद गरी लिन इच्छुक महानुभावहरूको जानकारीको लागि समेत यो सूचना प्रकाशित गरिएको छ। उक्त दिन उपस्थित हुन सम्बन्धित ऋणी, सुरक्षण धनी, इच्छुक खरिदकर्ता तथा सम्बद्ध सबैमा अनुरोध छ। कुनै कारण बस तपसिलमा उल्लेखित सम्पत्ति लिलाम बिक्री नभएमा सो सम्पत्ति वित्तीय संस्था आँफैले सकार गरी लिन वा अन्य व्यवस्था गरी बेच बिखन गर्न सक्ने वा प्रचलित कानून बमोजीम वित्तीय संस्थाले लेना रकम असुल उपर गरी लिन सक्नेछ। उक्त सम्पत्तिबाट वित्तीय संस्थाको सम्पूर्ण बक्यौता रकम असुल उपर नभएमा प्रचलित कानून बमोजीम बाँकी लेना रकम असुल उपर गर्नका लागि ऋण असुली न्यायाधिकरणमा मुद्दा दायर गरिने तथा अन्य आवश्यक कानूनी कारवाही समेत अगाडी बढाईने व्यहोरा सम्बन्धीत सरोकारवाला सबैलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ।

तपसिल

क्र.सं.	ऋणीको विवरण
१.	**शाखा कार्यालय : डिल्लीबजार, काठमाडौं (शिर्षक : व्यापार कर्जा)** नेपाल सरकार उद्योग मन्त्रालय कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वर काठमाडौंमा मिति २०६६/०६/०१ मा दर्ता भई दर्ता नं. ६६३०९/०६६/०६७ र स्थायी लेखा नं. ३०३८१७४९५ कायम भएको काठमाडौं जिल्ला का.म.न.पा. वडा नं. १४, कुलेश्वर स्थित रजिष्टर्ड कार्यालय रहेको **अल्पाइन अफसेट प्रेस प्रा.लि.** **जमानीकर्ताको विवरण** (१) रत्नमान श्रेष्ठको नाति, तिल नारायण श्रेष्ठको छोरा, झापा जिल्ला तोपगाछी गा.वि.स. वडा नं. ४ स्थायी वतन भई हाल का.जि.का.म.न.पा. वडा नं. १४ बस्ने **दिनेश कुमार श्रेष्ठ (ना.प्र.नं. ९७७३११७३९ जारी मिति : २०४१।१०।११ जि.प्र.का. झापा)** (२) रत्नमान श्रेष्ठको नाति, तिल नारायण श्रेष्ठको छोरा, झापा जिल्ला तोपगाछी गा.वि.स. वडा नं. ४ स्थायी वतन भई हाल का.जि. कागेश्वरी मनोहरा न.पा. वडा नं. ९ बस्ने **ईन्द्र कुमार श्रेष्ठ (ना.प्र.नं. ९७७३८०४२ मिति : २०३५।१२।२४ जि.प्र.का. झापा)** (३) छत्र बहादुर श्रेष्ठको छोरी, ईन्द्र कुमार श्रेष्ठको पत्नि झापा जिल्ला दमक न.पा. वडा नं. ११ स्थायी वतन भई हाल का.जि. कागेश्वरी मनोहरा न.पा. वडा नं. ९ बस्ने **मुना कुमारी श्रेष्ठ (ना.प्र.नं. २३११,४१५७९ मितिः २०५२।०७।२९ जि.प्र.का. झापा)** **धितोको विवरण** (१) **दिनेश कुमार श्रेष्ठ**को नाममा मालपोत कार्यालय कलंकी, काठमाडौंमा दर्ता श्रेस्ता कायम रहेको काठमाडौं जिल्ला छैमले गा.वि.स. वडा नं. ४, नस्सा सीट नं. ४च स्थित कित्ता नं. १९ र १०० क्षेत्रफल १-१४-१-० र २-२-२-० (रोपनी-आना-पैसा-दाम) जग्गा (घर-जग्गा) लिगलगापात समेत।
२.	**शाखा कार्यालय : डिल्लीबजार, काठमाडौं (शिर्षक : व्यापार कर्जा)** नेपाल सरकार उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वर, काठमाडौंमा मिति २०७७।०८।२६ मा दर्ता भई दर्ता नं. २४१५८०/०७७/०७८ र स्थायी लेखा नं. ६०९८७३४५६ कायम भएको ललितपुर जिल्ला ललितपुर महा-नगरपालिका वडा नं. १७ भेल्पा स्थित **युपुङ सप्लायर्स प्रा.लि.** **जमानीकर्ताको विवरण** (१) विष्णु बहादुर राईको नाति, जीत बहादुर राईको छोरा भोजपुर जिल्ला बासिखोरा गा.वि.स. वडा नं. १, को परिवर्तित भोजपुर जिल्ला रामप्रसादराई गा.पा. वडा नं. ७ स्थायी वतन भई हाल ललितपुर जिल्ला ललितपुर महा-नगरपालिका वाडा नं. १७ बस्ने **समिरन राई (ना.प्र.नं. २१२८/१७३४५/७६९२ जारी मिति २०५३।०८।२६ जि.प्र.का. भोजपुर)** (२) विरबलकाजी राईको नातिनी, बलराम राईको छोरी, समिरन राईको पत्नि भोजपुर जिल्ला बासिखोरा गा.वि.स. वडा नं. १, को परिवर्तित भोजपुर जिल्ला रामप्रसादराई गा.पा. वडा नं. ७ स्थायी वतन भई हाल ललितपुर जिल्ला ललितपुर महा-नगरपालिका वाडा नं. १७ बस्ने **इन्द्रकला राई (ना.प्र.नं. ०९-०१-७२-००९२८ जारी मिति २०७२।०४।१७ जि.प्र.का. भोजपुर)** **धितोको विवरण** (१) **समिरन राई**को नाममा मालपोत कार्यालय लगनखेल ललितपुरमा दर्ता श्रेस्ता कायम रहेको ललितपुर जिल्ला गोदामचौर गा.वि.स. वडा नं. १ नक्सा सीट नं. १क स्थित कित्ता नं. ४७८ र ४७९ को जग्गा क्षेत्रफल ०-६-०-० र ४-५-३-२ (रोपनी-आना-पैसा-दाम) जग्गा लिगलगापात समेत। (२) **समिरन राई**को नाममा मालपोत कार्यालय लगनखेल ललितपुरमा दर्ता श्रेस्ता कायम रहेको ललितपुर जिल्ला ललितपुर म.न.पा. वडा नं. ६ नक्सा सीट नं. ६/ड स्थित कित्ता नं. ४५० र ४६५ को जग्गा क्षेत्रफल ०-१-०-३ र ०-२-३-१ (रोपनी-आना-पैसा-दाम) जग्गा लिगलगापात समेत।
३.	**शाखा कार्यालयः न्यूरोड, काठमाडौं (कर्जा शिर्षकः व्यापार)** नेपाल सरकार उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वर, काठमाडौंमा मिति २०७७/११/१७ मा दर्ता भई, दर्ता नं. २५७४८९/०७७/०७८ र स्थायी लेखा नं.६०९९५१६४० कायम भएको काठमाडौ जिल्ला काठमाडौं महानगरपालिका वडा नं.२२, महाबौद्ध स्थित **सति रेडिमेड गार्मेट प्रा.लि.** **जमानीकर्ताको विवरण** (१) तिलक बहादुर कार्कीको नातिनी, जित बहादुर कार्कीको छोरी, दोलखा जिल्ला माटी गा.वि.स. वडा नं. ७, स्थायी वतन भई, हाल काठमाडौं जिल्ला का.म.न.पा. वडा नं. १३, कालीमाटी बस्ने **सावित्री कार्की (ना.प्र.नं. ५७५/३०३ जारी मिति २०५१।०६।१० जि.प्र.का.दोलखा)** (२) तिलक बहादुर कार्कीको नातिनी, जित बहादुर कार्कीको छोरी, दोलखा जिल्ला माटी गा.वि.स. वडा नं. ७, स्थायी वतन भई, हल काठमाडौं जिल्ला का.म.न.पा. वडा नं. १३, कालीमाटी बस्ने **भगवती कार्की (ना.प्र.नं.** ५७४/४१३५ **जारी मिति** २०५२।११।१० **जि.प्र.का.दोलखा)** (३) सहदेव गुप्ताको नाती, सुरेन्द्र गुप्ताको छोरा, सर्लाही जिल्ला फरहदवा गा.वि.स. वडा नं. ५ स्थायी वतन भई, हाल काठमाडौं जिल्ला का.म.न.पा. वडा नं. १३, कालीमाटी बस्ने **सुशिल कुमार गुप्ता (ना.प्र.नं. १९३०५७/९५४ जारी मिति २०६३।१०।२९ जि.प्र.का. सर्लाही)** **धितोको विवरण** (१) **सावित्री कार्की**को नाममा मालपोत कार्यालय कलंकी, काठमाडौंमा दर्ता श्रेस्ता कायम रहेको काठमाडौं जिल्ला फपिङ भिमसेनस्थान गा.वि.स. वडा नं. १, हाल दक्षीणकाली न.पा. वडा नं. ६, नक्सा सीट नं. १ क स्थित कि.नं. क्रमशः ४९५ र ४९७ को जग्गा क्षेत्रफल क्रमशः ०-४-२-० र ०-४-०-० (रोपनी-आना-पैसा-दाम) जग्गा (घर-जग्गा) लिगलगापात समेत।
४.	**शाखा कार्यालय : सूर्यविनायक, भक्तपुर (कर्जा शिर्षकः व्यवसायीक आवधिक कर्जा)** प्रदेश सरकार, पर्यटन उद्योग तथा सहकारी मन्त्रालय, उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय भक्तपुरमा मिति २०७९।१२।१७ मा दर्ता भई, दर्ता नं. ११३७८/०७९/८० र स्थायी लेखा नं. ११४४५६४१८ कायम भएको भक्तपुर जिल्ला सूर्यविनायक नगरपालिका वडा नं. ८ स्थित **द क्लासिक कफी (प्रो. लोचन्द्र राई)** **जमानीकर्ताको विवरण** (१) पुण्य राज राईको नाती चन्द्र कुमार राईको छोरा, खोटाङ जिल्ला महादेवस्थान गा.वि.स. वडा नं. ९ स्थायी वतन भई, हाल भक्तपुर जिल्ला भक्तपुर न.पा. वडा नं. १, सिर्जनानगर बस्ने **लोचन्द्र राई (ना.प्र.नं.: १२१०४६/१७० जारी मितिः २०६८/०७/०३ जि.प्र.का. खोटाङ)** (२) चन्द्र बहादुर राईको नातीनी पुर्ण बहादुर राईको छोरी लोचन्द्र राईको पत्नी, खोटाङ जिल्ला नुनथला गा.वि.स. वडा नं. २ स्थायी वतन भई, हाल भक्तपुर जिल्ला भक्तपुर न.पा. वडा नं. १, सिर्जनानगर बस्ने **लेलुना राई (ना.प्र.नं.: १२-०१-७२-००५७३ जारी मितिः २०७२/०१/२७ जि.प्र.का. खोटाङ)** **धितोको विवरण** (१) **लोचन्द्र राइ**को नाममा मालपोत कार्यालय भक्तपुरमा दर्ता श्रेस्ता कायम रहेको भक्तपुर जिल्ला छालिङ गा.वि.स. वडा नं. ९, नक्सा सीट नं. ९ स्थित कित्ता नं. ८८५ र ८२५ क्षेत्रफल ०-४-१-० र ०-४-०-० (रोपनी-आना-पैसा-दाम) जग्गा (घर-जग्गा) लिगलगापात समेत।

बोलपत्र सम्बन्धी शर्तहरू

१. शिलबन्दी बोलपत्र आवेदन फाराम माथि सूचनाको क्र.सं. १, २ र ३ मा उल्लेखित धितोको हकमा कर्जा असुली विभाग डिल्लीबजार, काठमाडौं र क्र.स. ४ मा उल्लेखित धितोको हकमा शाखा कार्यालय सूर्यविनायक, भक्तपुरबाट रू. १,०००।- (पछि फिर्ता नहुने गरि) दाखिला गरी प्राप्त गर्न सकिने छ, साथै बोलपत्र फाराम मिति २०८३।०१।०२ गते दिउँसो १:०० भित्र उल्लेखित विभाग/शाखा कार्यालयमा दर्ता गरी सक्नु पर्नेछ।

२. माथि उल्लेखित सम्पत्ति घर-जग्गा निरीक्षण गर्न चाहेमा बोलपत्र पेश गर्नु अगावै उल्लेखित विभाग/शाखा कार्यालयमा सम्पर्क राखि निरीक्षण गर्न सकिनेछ।

३. प्राप्त कुनै पनि बोलपत्र पूर्ण वा आंशिक रूपमा स्वीकार गर्ने वा नगर्ने कारण जनाई वा नजनाई रद्ध गर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस संस्थामा सुरक्षित रहनेछ र सो कारवाही सम्बन्धी कुनै कुरा प्रकाशनमा ल्याउन वा जानकारी दिन संस्था बाध्य हुने छैन।

४. अन्य शर्तहरु बोलपत्र फारमा उल्लेख भए बमोजीम हुनेछ र ती शर्त बन्देजहरु यसै सूचनाको अभिन्न अंग मानिनेछ।

गोप्य शिलबन्दी बोलपत्र पेश गर्ने अन्तिम मितिः	शिलबन्दी बोलपत्र खोलिने मितिः	समयः
२०८३।०१।०२ गते बुधबार, दिनको १:०० बजे भित्र	२०८३।०१।०३ गते विहीबार	दिनको १:०० बजे

बोलपत्र खोलिने स्थान : (क्र.सं. १, २ र ३ मा उल्लेखित धितोको हकमा कर्जा असुली विभाग डिल्लीबजार, काठमाडौं र क्र.स. ४ मा उल्लेखित धितोको हकमा शाखा कार्यालय सूर्यविनायक भक्तपुर)

(कर्जा असुली विभाग डिल्लीबजार, काठमाडौं सपर्म्क नं. ०१-४५३७४०१, शाखा कार्यालय सूर्यविनायक भक्तपुर सम्पर्क नं. ०१-६६१९२६८)

का.नि.द.नं.१२८/०६३/६४, म.से.हु.नि.द.नं. १७/०६९/०७०
बिहीबार २६ चैत ०८२
www.nayapatrikadaily.com
नयाँ पत्रिका

राखेपद्वारा एन्फा विवाद सुल्झाउन त्रिपक्षीय छलफलको आग्रह

राखेपले फिफालाई पत्र पठाउँदै एन्फा विवाद सुल्झाउन त्रिपक्षीय संयुक्त बैठक आवश्यक भएको जनाएको छ। एन्फामाथिको निलम्बन फुकुवा गर्न आफूहरू तयार रहेको उसको भनाइ छ।

रमेश सुवेदी/नयाँ पत्रिका

राष्ट्रिय खेलकुद परिषद् (राखेप)ले अखिल नेपाल फुटबल संघ (एन्फा)को निर्वाचनसम्बन्धी विवाद समाधानका लागि अन्तर्राष्ट्रिय फुटबल महासंघ (फिफा)लाई बुधबार पत्र पठाएको छ। सदस्यसचिव रामचरित्र मेहताले फिफालाई पत्र लेख्दै त्रिपक्षीय साझेदारी गर्न आग्रह गरेका छन्। मेहताले फिफा सदस्य संघका प्रमुख एल्खान मामादोभलाई पत्र लेखेका हुन्। 'एन्फा विवादका सम्बन्धमा त्रिपक्षीय संयुक्त छलफल गरेर प्रतिबन्ध पुनर्विचार गर्न सकिनेछ,' मेहताले भनेका छन्, 'वर्तमान अवस्थामा सबै सरोकारवालाबाट संयुक्त समीक्षा आवश्यक रहेको देखिन्छ। छलफलमार्फत एन्फा साधारणसभाका निर्णय र लागू विधानलाई ध्यानमा राख्दै निर्वाचन समयरेखा र प्रक्रियासम्बन्धी सहमति तयार गर्न छौं।'

फिफा र एएफसीले २१ चैतमा एन्फाका महासचिव किरण राईलाई सात दिनभित्र यथास्थितिमा निर्वाचन गर्न निर्देशन दिएका थिए। एन्फाले दिइएको सीमाभित्र निर्वाचन नगरे नेपाल अन्तर्राष्ट्रिय प्रतिबन्धमा पर्न सक्ने चेतावनी उनीहरूले दिएका छन्। फिफाले दिएको समयसीमा सकिन दुई दिन बाँकी छ। उक्त समयसीमाको दुई अगाडि राखेपले जावाफी पत्र पठाएको हो। यता राखेप र एन्फा आ-आफ्नो अडानबाट पछि नहट्दा नेपाल फिफाको निलम्बनतर्फ बढेको छ।

राखेपले एन्फासँगको विवाद आन्तरिक विषय भएको भन्दै एन्फाभित्र उठेका भ्रष्टाचारसम्बन्धी आरोप, खेलाडी तथा सरोकारवालाको विरोध, लामो समयदेखि लिग सञ्चालन हुन नसक्दा फुटबल विकासमा परेको असरलगायत विषय ९० दिनभित्र समाधान गर्नुपर्ने आवश्यकता रहेको फिफलाई जानकारी गराएको छ। राखेपले आफ्नो कदम राष्ट्रिय कानुन तथा नियमावलीको दायराभित्र रहेर पारदर्शिता, सुशासन र संस्थागत स्थायित्व सुनिश्चित गर्नका लागि गरिएको जनाएको छ।

निर्णयविपरीत निर्वाचन

राखेपले गत वैशाखमा एन्फाको साधारणसभाबाटै भएको निर्णयविपरीत निर्वाचन गर्न लागेको ठहर गरेको छ। 'धुलिखेलबाट निर्वाचनको सम्बन्धमा निर्णय भएको थियो। तर, एन्फाका पदाधिकारीले साधारणसभाको निर्णयविपरीत निर्वाचन रोजे,' राखेपको पत्रमा उल्लेख छ। राखेपले विधानको पालना र संस्थागत इमानदारिता कायम राख्ने उद्देश्यले नै एन्फा निर्वाचन प्रक्रिया स्थगन गर्ने निर्णय गरेको जनाएको छ। पंकजविक्रम नेम्वाङ नेतृत्वको एन्फाको चारवर्षे कार्यकाल आगामी ५ असारमा सकिँदै छ। उनले गत २८ माघमा निर्वाचन घोषणा गरेसँगै फुटबलमा विवाद सुरु भएको हो।

एन्फाले तेस्रोपटक मिति घोषणा गरेर १३ चैत झापाको धुलाबारीमा चुनावी साधारणसभा गर्ने तयारी गरेको थियो। राखेपले एन्फालाई निलम्बन गरेपछि फिफा र एएफसी प्रतिनिधि झापा पुगेर फर्किएका थिए। यसअघि, एन्फाले स्वीकृतिविना निर्वाचन गर्न लागेपछि राखेपले १२ चैतमा तीन महिनाका लागि प्रतिबन्ध लगायो। यसको भोलिपल्टै एन्फा निर्वाचन तत्कालै स्थगित गरियो।

एन्फाले भने फिफा र एएफसीबाट स्वीकृति पाएको भन्दै निर्वाचन गर्न लागेको दाबी गरेको थियो। तर, राखेपले जिल्ला र प्रदेशपछि मात्र केन्द्रको निर्वाचन गर्न एन्फालाई निर्देशन दिइरहेको छ।

सहमति गर्न तयार छौं

● **रामचरित्र मेहता,** सदस्यसचिव, राखेप



एन्फा विवादका सम्बन्धमा त्रिपक्षीय संयुक्त छलफल गरेर प्रतिबन्ध पुनर्विचार गर्न सकिनेछ। वर्तमान अवस्थामा सबै सरोकारवालाबाट संयुक्त समीक्षा आवश्यक रहेको देखिन्छ। आवश्यक परेमा र आपसी सहमतिअनुसार हाल लगाइएको स्थगन पुनर्विचार गरी हटाउन तयार छौं। राखेपले राष्ट्रिय कानुनको पालना गर्दै नेपाली फुटबलको स्वायत्ततालाई समर्थन गर्न प्रतिबद्ध छ। एन्फा साधारणसभाका निर्णय र विधानलाई ध्यानमा राख्दै निर्वाचन समयरेखा र प्रक्रियासम्बन्धी सहमति तयार गर्न छौं।

तीन महिनाको निलम्बन पुनर्विचार गर्न सकिने

राखेप खेलकुद विकास प्रमुख सरोजकुमार श्रेष्ठले पनि फिफालाई विवाद सल्टाउने विषयमा छुट्टै पत्र पठाएका छन्। 'आवश्यक परेमा र आपसी सहमतिअनुसार हाल लगाइएको स्थगन पुनर्विचार गरी हटाउन तयार छौं, राखेप राष्ट्रिय कानुनको पालना गर्दै नेपाली फुटबलको स्वायत्ततालाई समर्थन गर्न प्रतिबद्ध छ,' श्रेष्ठले पठाएको पत्रमा उल्लेख छ। राखेपले आफूअनुकूलको निर्वाचन कमिटी तथा अपिल कमिटी बनाउनुपर्ने विषयको प्रक्रिया लामो हुने हुँदा फिफाको समयसीमा सकिने र निलम्बन पर्ने एन्फाको भनाइ छ।

'राखेपले फिफालाई पठाएको पत्रपछि अब प्रक्रिया भन्नै लम्बिने भएको देखिन्छ,' एन्फाका एक पदाधिकारीले भने, 'यो प्रक्रियाअनुसार आगामि जाँदा फिफाले दिएको सात दिनको समय सकिनेछ।' एन्फाका ती पदाधिकारीका अनुसार राखेपको प्रक्रियाबाट अगाडि बढ्दा साधारणसभादेखि एन्फाले काम सुरु गर्नुपर्छ। राखेपले एन्फालाई निलम्बन गर्नुलाई फिफा र एएफसीले तेस्रो पक्षको हस्तक्षेपका रूपमा लिएका छन्। उनीहरूले एन्फा निर्वाचन प्रक्रिया जहाँ रोकिएको छ, त्यहींबाट प्रक्रिया अघि बढाउन सम्बन्धित निकायमाथि दबाब दिएका छन्।

वरिष्ठ उपाध्यक्ष खड्काको पुनर्बहाली

उच्च अदालत पाटनले एन्फा वरिष्ठ उपाध्यक्ष वीरबहादुर खड्कालाई पुनर्बहाली गरेको छ। उच्च अदालतकी इजलास अधिकृत विना गौतमले फैसलाको पूर्णपाठका लागि केही समय लाग्ने उल्लेख गर्दै रिट निवेदकउपर जारी हुने जानकारी गराएकी छिन्। गत १४ कात्तिकमा एन्फाको आपत्कालीन कार्यसमिति बैठकले खड्कालाई अर्को साधारणसभासम्मका लागि निलम्बन गरेको थियो। संघको लेटरहेड, छाप, चलानी नम्बर दुरुपयोग गरी संघका महासचिवको नियुक्ति र बर्खास्तसम्बन्धी संघको विधानको धारा ३६ को (६) बमोजिम कार्यसमितिको अधिकारक्षेत्रबाहिरबाट हस्तक्षेप गरी महासचिवलाई बर्खास्तगी गरेको आरोप खड्कामाथि लगाइएको थियो। एन्फाको बैठकले अनुशासनहीन गतिविधि गरेको भन्दै उनलाई निलम्बन गरेको थियो।

■ प्रधानमन्त्री कप क्रिकेट

कोशीविरुद्ध बागमतीको फराकिलो जित

नयाँ पत्रिका

बागमती प्रदेशले बुधबार प्रधानमन्त्री कप क्रिकेट प्रतियोगितामा कोशीविरुद्ध सात विकेटको जित निकालेको छ। जनकपुरको मैदानमा पहिलो ब्याटिङ गरेको कोशी २८.२ ओभरमा ९९ रनमै समेटिएको थियो। प्रत्युत्तरमा बागमतीले नौ ओभरमा तीन विकेटको क्षतिमा सय रन बनायो। बागमतीले खेल सकिन २४६ बलअगाडि नै सानदार जित निकालेको हो। बागमतीको जितमा विवेक मगरले २८ बलमा १० चौका र दुई छक्का प्रहार गरी सर्वाधिक ६१ रनको योगदान दिएका थिए। ओपनर रिन्जिन लामाले १६ बलमा चार चौको सहयोगमा १७ रन बनाए।

यसैगरी प्रतिश जिसीले पाँच बलमा दुई छक्का र एक चौका प्रहार गरी १७ रन जोडेका थिए। प्रधानमन्त्री कपमा तेस्रो जितसँगै बागमतीले सात खेलमा ६ अंक जोडेको छ। बागमतीले चार हार सामना गर्दा अंक तालिकाको सातौं स्थानमा उक्लिएको छ। कोशी भने १ अंकका साथ दसौं स्थानमा छ। कोशीले सातमध्ये ६ खेल गुमाएको छ।

सन्दीपको पाँच विकेट

पहिलो ब्याटिङ गरेको कोशीले बागमतीका कप्तान तथा लेग स्पिनर सन्दीप लामिछानेको घातक बलिङ सामना गर्न सकेन। सन्दीपले ७.२ ओभरमा ३३ रन खर्चेर पाँच विकेट लिएपछि कोशीको ब्याटिङ कमजोर बन्यो। यसैगरी रिजन ढकालले पाँच ओभरमा १८ रन खर्चेर दुई विकेट हात पारे। प्रतिश र ईशान पाण्डेले समान एक विकेट लिए। कोशीको ब्याटिङमा कप्तान सूर्य थपलियाले सर्वाधिक २१ रनको योगदान दिए। उनले ४२ बलमा दुई चौका र एक छक्का प्रहार गरेका थिए। यसैगरी अंकित सुवेदीले २६ बलमा तीन चौकाको सहयोगमा १९ रन बनाए। पुछारका रोहन शाहले १७ बलमा १८ रन बनाए।

बागमतीका कप्तान सन्दीप लामिछानेले ३३ रन खर्चेर पाँच विकेट लिएको प्रतिस्पर्धामा कोशी खेल सकिनु २४६ बलअघि पराजित

मधेश १८ रनले विजयी

प्रतियोगिताअन्तर्गत ३३औं खेलमा मधेशले गण्डकीमाथि १८ रनको जित निकालेको छ। डिएलएस नियमअनुसार मधेशले जित हात पारेको हो। वीरगन्जको मैदानमा पहिलो ब्याटिङ गरेको मधेशले ३४.५ ओभरमा सबै विकेट गुमाएर १७२ रन बनाएको थियो। दोस्रो इनिङ्सको ब्याटिङ क्रममा भारी वर्षा हुँदा गण्डकीले २२ ओभरमा ९९ रनको नयाँ लक्ष्य पयो। गण्डकीले २२ ओभरमा पाँच विकेट गुमाएर ८० रन बनाउँदा मधेशले डिएसएसअनुसार जित हात पारेको हो। मधेशको ब्याटिङमा ओपनर मयांक यादवले ३२ बलमा पाँच चौका र एक छक्का प्रहार गरी सर्वाधिक ४३ रनको योगदान दिए। यसैगरी कप्तान अनिल शाहले ४३ बलमा तीन चौका र एक छक्काको सहयोगमा ३६ रन जोडे। मध्यक्रममा विशाल सुस्लिङले ४९ बल खेलेर ५० रन बनाए। गण्डकीका अपराजित पौडेल र सुवास भण्डारीले समान तीन विकेट हात पारेका थिए। अपराजितले २६ तथा सुवासले २६ रन दिएका थिए। ९९ रनको लक्ष्य पछ्याएको इनिङ्समा गण्डकीका लागि ओपनर अर्जुन कुमालले सर्वाधिक ४९ रन बनाए। उनले ६५ बलमा ६ चौका प्रहार गरेका थिए। उनीबाहेक अन्य कुनै पनि ब्याट्समान चल्न सकेनन्।



कोशी प्रदेशस्तरीय प्याराग्लाइडिङ आजदेखि

२७ चैतसम्म बेलका नगरपालिका- ८, बोप्ताङडाँडामा चल्ने प्याराग्लाइडिङ प्रतियोगिताको एक्युरेसीमा चार विदेशीसहित ३५ जना पाइलटले प्रतिस्पर्धा गर्ने



उदयपुरमा विदुर कटुवाल

कोशी प्रदेशस्तरीय प्याराग्लाइडिङ प्रतियोगिता बिहीबारदेखि उदयपुरमा सुरु हुँदै छ। कोशीमा पहिलोपटक प्रदेशस्तरीय प्याराग्लाइडिङ हुन लागेको हो। नेपाल प्याराग्लाइडिङ तथा ह्याङग्लाइडिङ संघ जिल्ला समिति उदयपुरको संयुक्त आयोजनामा प्रतियोगिता २७ चैतसम्म बेलका नगरपालिका- ८, बोप्ताङडाँडामा चल्नेछ। संघका उदयपुर सचिव जितेन्द्र रोइलाले एक्युरेसीमा चार विदेशीसहित ३५ जना प्याराग्लाइडिङ पाइलट सहभागी हुने बताए। 'एक्युरेसीमा दुई भारतीय, जर्मनी र चीनका समान एक खेलाडी हुनेछन्। बाँकी सबै नेपालका सहभागी रहनेछन्,' सचिव रोइलाले भने।

उदयपुरमा ०७८ देखि प्याराग्लाइडिङको सम्भाव्यता अध्ययन तथा परीक्षण सुरु गरिएको हो। त्यसपछि यहाँ पहिलोपटक प्याराग्लाइडिङ प्रतियोगिता हुन लागेको हो। प्याराग्लाइडिङ एक्युरेसी प्रतियोगिता विशेष हवाई खेलकुद हो। यसको मुख्य उद्देश्य पाइलटहरूले हावामा उडेर जमिनमा तोकिएको निश्चित विन्दुमा कसरी अवतरण गर्न सक्छन् भन्ने प्रतिस्पर्धा गराउनु हो। एक्युरेसीमा एकजना प्याराग्लाइडिङ पाइलटले तीनपटक अवसर पाउनेछन्। उदयपुरमा हुने प्याराग्लाइडिङले नेपालको पर्यटन र साहसिक खेल क्षेत्रमा योगदान पुऱ्याउने अपेक्षा गरिएको छ। सचिव रोइलाले प्रतियोगिताको बजेट चार लाख ९० हजार रुपैयाँ रहेको बताए।

उदयपुरमा प्याराग्लाइडिङको सम्भावना

उदयरपुरको विभिन्न स्थानमा प्याराग्लाइडिङ खेल आयोजना गर्न सकिने सम्भावना रहेको संघका केन्द्रीय सदस्य महेन्द्र राईले बताए। 'नेपालको विभिन्न स्थानमा प्याराग्लाइडिङ प्रतियोगिता आयोजना गर्न सकिन्छ। यसमध्ये उदयपुरमा सम्भावना धेरै भएको पाएका छौं,' राईले भने। उनका अनुसार रौतामाई गाउँपालिकाको रौतापोखरी, उदयपुरगढी गाउँपालिकाको उदयपुरगढी, चौदण्डीगढी नगरपालिकाको चौदण्डीगढी, कटारी नगरपालिकाको महाभारत क्षेत्र तथा त्रियुगा नगरपालिकाका विभिन्न डाँडा उपयुक्त स्थानका रूपमा रहेका छन्। प्रतियोगिता सञ्चालन गर्न निर्णायक तथा मूल्यांकनकर्तामा एक भारतीयसहित तीन नेपाली रहेका छन्। उदयपुरमा दुईजना महिला र १६ जना पुरुष गरी जम्मा १८ जना सोलो पाइलट रहेका छन्।

विदेशी आउँछन् प्रशिक्षण गर्न

उदयपुर जिल्लाका विभिन्न स्थानमा पछिल्लो समय विदेशी पाइलटहरूले प्याराग्लाइडिङ प्रशिक्षण लिन आउने गरेका छन्। यहाँ नेपालका साथै भारत, चीन तथा युरोपका स्पेन, फ्रान्स, जर्मनी, पोल्यान्ड, पोर्चुगललगायत पाइलटहरूले प्रशिक्षण लिन आउने संघले जनाएको छ। बेलका नगरपालिका- ८, बोप्ताङमा फ्लाइङ अन्डर प्याराग्लाइडिङ स्कुल उदयपुर प्रालिले प्याराग्लाइडिङ प्रशिक्षण केन्द्र सञ्चालनमा गरिरहेको छ। कम्पनीले आधारभूत पाइलट तालिम प्रदान गरेको छ।

हालसम्म स्थानीय तहहरूले आफ्नै योजनाअनुसार प्याराग्लाइडिङ क्षेत्रको विकासमा लगानी गरेका छन्। 'कटारी नगरपालिकाले दुई लाख, त्रियुगा नगरपालिकाले पाँच लाख, चौदण्डीगढी नगरपालिकाले एक लाख र बेलका नगरपालिकाले १८ लाख रुपैयाँ खर्च गरेका छन्,' राइले भने, 'यो रकम हाम्रो संघले मात्र खर्च गरेको होइन, स्थानीय तहहरूले आफ्नै योजनाअनुसार लगानी गरेका हुन्।'

उदयपुरमा सम्भावना उच्च भए पनि पूर्वाधार (टेकअफ र ल्यान्डिङ)को अभाव र सरकारी नीति स्पष्ट नहुनु मुख्य समस्या रहेको प्याराग्लाइडिङ सोलोपाइलट भूपाल राउतले बताए। 'उदयपुरको प्राकृतिक सौन्दर्य, पहाडी भूगोल र अनुकूल मौसमका कारण यहाँ प्याराग्लाइडिङको राम्रो सम्भावना छ,' राउतले भने। महाभारत क्षेत्रबाट भित्री मधेशतर्फ पर्ने चुरेका फाँटहरू टेकअफ र ल्यान्डिङका लागि उपयुक्त रहेको उनको भनाइ छ।

दिल्लीविरुद्ध गुजरात १ रनले विजयी



एजेन्सी/ गुजरात टाइटन्सले बुधबार इन्डियन प्रिमियर लिग (आइपिएल)मा दिल्ली क्यापिटल्समाथि १ रनको रोमाञ्चक जित निकालेको छ। अरुण जेट्ली रंगशालामा पहिलो ब्याटिङ गरेको गुजरातले चार विकेटको क्षतिमा २१० रनको विशाल योगफल बनाएको थियो। प्रत्युत्तरमा दिल्लीले २० ओभरमा आठ विकेट गुमाएर २०९ रन जोड्दा गुजरात १ रनले विजयी भएको हो। लक्ष्य पछ्याएको इनिङ्समा दिल्लीका लागि लोकेश राहुलले ५२ बलमा ११ चौका र चार छक्का प्रहार गरी ९२ तथा पथुम निसंकाले ४१ रन जोडेका थिए। डेभिड मिलरले २० बलमा समान तीन छक्का र चौका प्रहार गरी ४१ रन बनाए। उनले १९.५ ओभरमा १ रन नलिँदा दिल्लीले खेल गुमाएको हो। यसअघि गुजरातको ब्याटिङमा कप्तान शुभमन गिलले ४५ बलमा चार चौका र पाँच छक्का प्रहार गरी ७०, जोस बलटरले २७ बलमा ५२ तथा वासिङटन सुन्दरले ३२ बलमा ५५ रनको योगदान दिएका थिए।

बायर्न म्युनिखले रियललाई हरायो



एजेन्सी

जर्मन क्लब बायर्न म्युनिखले युरोपियन च्याम्पियन्स लिगअन्तर्गत क्वार्टरफाइनलको पहिलो लेगमा सर्वाधिक विजेता रियल म्याड्रिडलाई २-१ ले पराजित गरेको छ। बायर्नको जितमा लुइस डियाज र ह्यारी केनले समान एक गोल गरेका थिए। रियलका लागि केलियन एम्बाप्पेले एक गोल फर्काएका थिए।

घरेलु मैदान सान्टियागो बर्नाबेउमा पराजित भएको रियललाई दोस्रो लेगमा कठिन देखिन्छ। अब दोस्रो लेग बायर्नको मैदानमा हुनेछ। बायर्नले भने रियलको मैदानमा महत्त्वपूर्ण जित निकाल्यो। पहिलो हाफको ४१औं मिनेटमा डियाजले बायर्नलाई १-० को अग्रता दिलाएका थिए। खेलको ४६औं मिनेटमै इंग्लिस खेलाडी केनले बायर्नलाई २-० को अग्रता दिलाए। रियलका लागि ७४औं मिनेटमा एम्बाप्पेले टोलीलाई २-१ को गोलअन्तरमा झारे।

त्यसपछि रियलले दबाब बनाए पनि बराबरी गोल गर्न सकेन। प्रतिस्पर्धामा बायर्नका गोलरक्षक म्यानुएल नोएरले उत्कृष्ट प्रदर्शन गरेका थिए। अब दोस्रो लेग बायर्नको घरेलु मैदानमा अर्को साता हुनेछ।

मोरोक्को खेल्न गएका एरिट्रियाका सात खेलाडी बेपत्ता

३१ मार्चमा अफ्रिका कप अफ नेसन्स (एएफकन) छनोट खेलमा सहभागी एरिट्रियाका सात खेलाडी सम्पर्कविहीन भएको प्रशिक्षक हेसाम याकानले बताए

एजेन्सी

अफ्रिका कप अफ नेसन्स (एएफकन) छनोट खेलमा इस्वाटिनीसँग प्रतिस्पर्धा गरेको एरिट्रियाका सात फुटबल खेलाडी स्वदेश फर्केका छैनन्। एरिट्रियाले पहिलो लेगमा मोरोक्कोमा इस्वाटिनीलाई २-० ले हराएको थियो। एरिट्रियाको घरेलु मैदान अन्तर्राष्ट्रिय मापदण्डअनुसार नहुँदा खेल मोरोक्कोमा भएको थियो। दोस्रो लेगमा इस्वाटिनीको सोम्होलो राष्ट्रिय रंगशालामा एरिट्रिया २-१ ले विजयी भयो। समग्रमा एरिट्रियाले छनोट चरण ४-१ ले बाजी मार्‍यो।

यसै क्रममा मोरोक्कोको मैदानमा प्रतिस्पर्धा गर्न गएका एरिट्रियाका खेलाडी स्वदेश नफर्केको प्रशिक्षक हेसाम याकानले अन्तर्राष्ट्रिय मिडियालाई जानकारी दिएका छन्। 'मोरोक्कोबाट नफर्केका सात खेलाडी अधिकांश वैकल्पिक हुन्,' याकानले भने, '३१ मार्चमा भएको दोस्रो लेगपछि ती खेलाडी सम्पर्कविहीन भएका हुन्।' मोरोक्कोमा आम्दानी र भविष्य हेर्दै खेलाडीहरू त्यहीं नै लुकेको प्रशिक्षक याकानले जनाए। 'रोजगारीका लागि उनीहरू धनी देशमा गएका हुन सक्छन्,' उनले भने, 'उनीहरूको देश आर्थिक रूपमा सम्पन्न छैन। अफ्रिकाकै धनी राष्ट्रका रूपमा परिचित मोरोक्कोमा एरिट्रियाका खेलाडी लुकेको प्रशिक्षकले याकानले बताए।

'आर्थिक अवस्थाले कमजोर खेलाडीले राम्रो अवसर प्राप्त गरेका छन्। छनोट खेल खेल्दा सहजै भिसा पाएँ,' उनले भने, 'यसको फाइदा उनीहरूले लिए।' खेलाडी भाग्दा उनीहरूसँगै देशको पनि इज्जत नराम्रो भएको प्रशिक्षक याकानको भनाइ छ। 'मलाई लाग्दैन उनीहरूले फुटबल खेलिरहन्छन्, अहिले सम्भवतः मोरोक्कोमा काम गरिरहेको हुनुपर्छ,' उनले भने।

युगान्डामा पनि भागेका थिए युवा खेलाडी

एरिट्रियाका सिनियर सात खेलाडी मोरोक्कोमा लुकेको यो पहिलो घटना होइन। यसअघि सन् २०१९ मा एरिट्रियाको यू-२० टोली युगान्डामा छनोट खेल्न गएको थियो। खेल सकिएलगत्तै यू-२० टोलीका आधा दर्जन खेलाडी सम्पर्कविहीन भएका थिए। यो घटनासँगै एरिट्रिया सरकारले सिनियर र युवा खेलाडीलाई विदेश भ्रमणमा रोक लगायो। एरिट्रियाका सिनियर र युवा खेलाडीले सात वर्षसम्म अन्तर्राष्ट्रिय फुटबलमा भाग नै लिएनन्। फुटबल टोलीमा व्यापक सुधार भएपछि सरकारले एएफकन छनोटमा सहभागी हुन अनुमति दिएको हो। सन् २००८ पछि एरिट्रियाको सिनियर टोलीले पहिलोपटक एएफकन छनोटमा सहभागिता जनाएको हो। छनोट चरणमा राम्रो नतिजा निकाले पनि सात खेलाडी मोरोक्कोमै लुक्दा सरकार र फुटबल संघमाथि गम्भीर प्रश्न उठेको छ। यस सम्बन्धमा सरकारले टिम अफिसियल, संघका पदाधिकारी र प्रशिक्षक याकानसँग पनि अनुसन्धान गर्ने भएको छ। एरिट्रियाका मुख्य प्रशिक्षक याकानले सन् १९९० को विश्वकपमा इजिप्टबाट प्रतिस्पर्धा गरेका थिए। उनी इजिप्टका पूर्वडिफेन्डरसमेत हुन्।



खेलाडीको आर्थिक अवस्था कमजोर

अफ्रिकन राष्ट्र एरिट्रियाका खेलाडीको आर्थिक अवस्था कमजोर रहेको एजेन्सीले जनाएको छ। देशकै अर्थतन्त्र कमजोर हुँदा सबैजसो खेलका खेलाडीको दैनिक गुजारा चलाउन गाह्रो भएको प्रशिक्षक याकानले बताए। लामो समयपछि खेलाडीहरूले विदेशमा फुटबल खेल्न पाउँदा त्यसको फाइदा उठाएको उनको भनाइ छ। यसैगरी, विदेशमा बस्ने एरिट्रियालीका लागि काम गर्ने अभियन्ता जर्ज घेब्रेस्लास्सीले पनि मोरोक्कोमा खेलाडीहरू भागेको पुष्टि गरेका छन्। 'यो पहिलो घटना होइन। अन्य खेलका खेलाडी पनि विदेशमा खेल्न जाँदा त्यहीं लुकेका उदाहरणहरू छन्,' उनले भने, 'यसले एरिट्रियाको अवस्था कस्तो छ भन्ने देखाउँछ। मानिसहरू आफ्नो देशमै निराश भइसकेका छन्।' एरिट्रियाका सूचनामन्त्री येमाने गेब्रेमेस्केलले प्रतिक्रिया दिएका छैनन्। यसैगरी फुटबल संघले पनि आधिकारिक केही जानकारी नदिएको एजेन्सीले जनाएको छ।

गरिबीका कारण खेलाडी निराश

सन् १९९३ मा स्वतन्त्र भएपछि एरिट्रियामा राष्ट्रपति इसायस अफवेर्की सत्तामा छन्। तीन दशकमाथि शासन गरे पनि राष्ट्रपति इसायसले देशको आर्थिक अवस्था उकास्न सकेका छैनन्। सत्ताको आडमा उनले जनतामाथि शोषण गरिरहेको मानव अधिकार संस्थाहरूले दाबी गरेका छन्। मानव अधिकारवादीले इसायसको सरकारलाई बारम्बार दमनकारी भनेर आलोचना गर्दै आएका छन्। देशको आर्थिक अवस्थामा सुधार नहुँदा सबै खेलका खेलाडी निराश बनेका छन्। 'खेलाडीले परिवर्तन खोजेका छन्। तर, सत्तापक्षले सधैं उनीहरूमाथि दमन गरिरहेको छ,' अभियन्ता जर्जले भने, 'सरकार नै परिवर्तन हुन नचाहेपछि खेलाडीले भविष्य देखेका छैनन्। जसका कारण विदेश भ्रमणमा जाँदा उनीहरूले अवसरका लागि त्यहीं लुक्ने परम्परा बसालेका छन्। खेलाडीको यो पहिलो हवाई यात्रा थियो। उनीहरू राम्रो आम्दानी र कामको खोजीमा गएका हुन्।'

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com